बद्रीप्रसाद ढकाल



मिथक
सिद्धान्त र प्रयोग

मिथक सिद्धान्त
र
प्रयोग

बद्रीप्रसाद ढकाल

ओरिएन्टल
पब्लिकेसन

लेखक : बद्रीप्रसाद ढकाल
प्रकाशक : ओरिएन्टल पब्लिकेसन हाउस
बागबजार, काठमाडौं, ०१-४२४२०७२
oriental.publi@gmail.com
सर्वाधिकार : लेखकमा सुरक्षित
प्रकाशन : प्रथम, २०७५
आवरण : सूर्य श्रेष्ठ
ले-आउट : राधिका पनेरु
मूल्य : रु. ३००।-
मुद्रक : श्री प्रेस, जावलाखेल
ISBN : 978-9937-722-05-6

भूमिका/आफ्नो भनाइ

विषयको खोज अनुसन्धानका लागि वाद र सिद्धान्तको आधार चाहिन्छ धारणा वा सिद्धान्तलाई निश्चित आयतनमा बाँध्न खोज्नु समुद्रबाट एक लोटा पानी उठाएर समुद्रलाई लोटामा लेराएँ भन्नु हुन्छ । साहित्यमा प्रयुक्त विभिन्न विचार, दर्शन, कला संस्कृतिका विविध पक्षको अवलोकन र अध्ययन गर्ने क्रममा मिथकको अध्ययन गर्ने एक अध्येताका रूपमा मैले मिथकका विभिन्न पक्षलाई अध्ययन गरें । आफूले पाएको ज्ञान र त्यसको प्रयोगलाई यस पुस्तकद्वारा सबैका सामु ल्याउने झिनो प्रयत्न गरेको छु । साहित्यमा प्रयोग गरिँदै आएका पुराण, प्राचीन कथा, आद्य कथा, सृष्टिकथाका काल्पनिक र मनोवैज्ञानिक पक्षलाई मिथकका विषयवस्तुका रूपमा मान्दै त्यसको व्याख्या र विश्लेषण गर्ने परिपाटीको केही खोज र केही वैचारिक पक्षलाई यस पुस्तकको विषयमा उठान गरिएको छ ।

मेरा गुरु महोदय, विद्वान् अग्रज व्यक्तित्वका सङ्गतले चेतनाको तहमा वृद्धि भएको अनुभूतिलाई आत्मसात् गर्दै मेरा स्वजनप्रति कृतज्ञता व्यक्त गर्दछु । "जाड्यं धियो हरति सिञ्चति वाचि सत्यं मानोन्नति दिशति पापमपाकरोति । चेतः प्रसादयति दिक्षु तनोति कीर्ति सत्सङ्गतिः कथय किन्न करोति पुंसाम (भ.श. श्लोक २३) ।

अर्थात् सज्जनहरुका संगत प्रभावले बुद्धिको, अज्ञानतालाई नाश गर्छ । वाणीलाई सत्यबाट सिंच्छ, मान र उन्नति पिण्ड, पाप नष्ट गर्छ ।

चित्तलाई प्रसन्न गर्छ र सबैतिर कीर्तिलाई फैलाउँछ । यसले मनुष्यहरुका लागि के गर्दैन ?

मिथकका बारेमा अध्ययन गर्न खोज्ने अध्येताका लागि उपयोगी हुने विश्वासका साथ कमी कमजोरी औंल्याइ सुधार गर्नका लागि प्रेरित गर्नुहुनेछ भन्ने आशाका साथ प्रयास जारी राखेको छु ।

भवतु सब्ब मंगलम् ।

बद्रीप्रसाद ढकाल
bbiibash@gmail.com
चन्द्रागिरि- ०२, काठमाडौं
९८५११९६४८६

विषयसूची

अध्याय : एक

मिथक सिद्धान्त	१
मिथक के हो ?	१
मिथकको स्वरूप	६
मिथकका तत्त्वहरू	९
मिथकको वर्गीकरण	१३
सृष्टि तथा उत्पत्तिसम्बन्धी मिथक	१९
प्रकृतिसम्बन्धी मिथक	१९
देवता ईश्वरसम्बन्धी मिथक	२०
प्राणी जीवजन्तुसम्बन्धी मिथक	२०
कर्मकाण्डधार्मिक अनुगमनसम्बन्धी मिथक	२१
असुर वा दानवसम्बन्धी मिथक	२१
इतिहाससँग सम्बन्धी मिथक	२२
आद्यबिम्बका रूपमा मिथक	२२
मिथक र अन्य विषयसँगको सम्बन्ध	२३
मिथक र धर्म	२४
मिथक र दर्शन	२६
मिथक र इतिहास	२८
मिथक र भाषा	२९
मिथक र मनोविज्ञान	३१

मिथक र स्वैरकल्पना	३३
मिथक र नैतिक आचरण	३४
मिथक र मानवशास्त्र	३५
मिथक र लोकसंस्कृति	३६
मिथक र लोकसाहित्य	३७
मिथक र प्रतीक/बिम्ब	३७
साहित्यमा मिथकको प्रयोग	३८
नेपाली साहित्यमा मिथक	४२
अध्याय : दुई	
उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला	४८
उपन्यासकार कोइरालाका प्रकाशित उपन्यासहरू	५४
कोइरालाको औपन्यासिकता	५५
उपन्यासमा प्रयुक्त मिथकको विश्लेषण	५९
उपन्यासमा कथानकको स्रोत	६०
हिटलर र यहूदी उपन्यासको कथानकमा मिथक	६३
उपन्यासमा पात्रको भूमिका	७७
हिटलर र यहूदी उपन्यासको पात्रमा मिथक	७९
उपन्यासमा परिवेश	१०१
हिटलर र यहूदी उपन्यासको परिवेशमा मिथक	१०१
उपन्यासमा शैली र शिल्प	१०८
हिटलर र यहूदी उपन्यासको शिल्पमा मिथक	१०९
हिटलर र यहुदी उपन्यासमा प्रयुक्त मिथकको सान्दर्भिकता	११४
निष्कर्ष	१२४
अध्याय : तीन	
उपसंहार	१२८
सन्दर्भसामग्री सूची	१४३

अध्याय : एक

मिथक सिद्धान्त

मिथक के हो ?

अङ्ग्रेजी शब्द मिथ (Myth) को हिन्दी रूपान्तरण मिथक हो । मिथ ग्रिसेली मुथोस (Muthos) बाट विकसित भएको शब्द हो । ग्रिसेली मूल शब्द मुथोसको अर्थ मुखले शब्दका माध्यमबाट केही कुरा व्यक्त गर्ने (कडन, सन् १९९२, पृ. ५६२) भन्ने हुन्थ्यो । प्लेटोले सम्पूर्ण रूपले असत्य नभएको आख्यानको एक भागका रूपमा मुथोस शब्दलाई अर्थ्याएका छन् । ग्रिसेलीको मुथोस ल्याटिन र जर्मनी हुँदै अङ्ग्रेजीमा मिथका रूपमा प्रयोग हुन थालेको हो । अङ्ग्रेजीमा मिथ शब्दको प्रयोग देवीदेवताहरू अथवा अतिप्राकृतिक पात्रहरू र मानव जीवनको अनुभव भन्दा पर कुनै समयको असाधारण घटना एवम् परिस्थितिसँग सम्बद्ध आख्यानका लागि हुन्थ्यो (वेन्टन, सन् १९७३, पृ. १५४) । मिथमा वस्तु र जगत्प्रतिको प्रतीकात्मक अभिव्यक्ति पाइन्छ तसर्थ सृष्टि अथवा व्यक्तिको प्रतीकात्मक आख्यान नै मिथको व्यापक अर्थ हो ।

अङ्ग्रेजी 'मिथ' शब्दको समानार्थी वा पर्यायका रूपमा नेपाली पुराकथा, पुराण, विद्या र आदिमता जस्ता शब्दको प्रयोग छिटफुट रूपमा नेपाली वाङ्मयमा भएको पाइन्छ । हिन्दी साहित्यमा भने मिथक शब्दको चलन हजारीप्रसाद द्विवेदीले चलाएका हुन् । उनले मिथमा 'क' प्रत्यय जोडेर

मिथक शब्द बनाएका हुन् (सिंह, सन् १९९९, पृ.१२) मिथक भन्नाले त्यस्तो कुराको बोध हुन्छ जसमा देवीदेवता, राक्षस आदि अतिप्राकृतिक तत्त्वको ठूलो भूमिका रहन्छ । नेपाली बृहत् शब्दकोशले मिथकलाई पुराकथाका रूपमा चिनाएको छ । नेपाली साहित्यमा जगदीशशम्शेर राणाले **दश दृष्टिकोण** नामक कृतिमा मिथका ठाउँमा मिथक शब्दको प्रयोग उपयुक्त हुने विचार प्रस्तुत गरेका छन् (राणा, २०४५, पृ.२९८) ।

मिथक संस्कृत शब्द नभए पनि यससँग मिल्दाजुल्दा शब्दका रूपमा मिथस वा मिथ र मिथ्यालाई मानिन्छ । परस्पर र असत्यको अर्थका रूपमा क्रमशः मिथस र मिथ्यालाई लिइन्छ । मिथकलाई मिथससँग सम्बन्धित गरेर हेर्ने हो भने सत्य र कल्पनाको परस्पर अभिन्न सम्बन्ध भन्ने बुझिन्छ भने मिथ्यासँग सम्बन्धित गरेर हेर्दा कपोल कथा भन्ने बुझिन्छ । सारमा भन्नुपर्दा अङ्ग्रेजी शब्द मिथको ध्वनि र अर्थका साम्यताका आधारमा मिथकको प्रयोग गरिएको हुनाले मिथ शब्दले वहन गर्ने अर्थका आधारमा नै मिथक शब्दलाई व्यवहारमा प्रयोग गरिनु पर्दछ ।

मिथक प्राचीन वा अतिप्राकृत घटना र भावनासँग सम्बन्धित पुरा कथा हो । मानव सभ्यताका विभिन्न चरणमा, मानव विकासका विभिन्न युग, परिवेश तथा सृष्टिसँग सम्बन्धित आरोह-अवरोहको इतिहास हो । त्यसैले मानव सृष्टिसँगै जोडिएको समष्टि इतिहास, कला, संस्कृति, धर्मको मूल नै मिथक हो । अङ्ग्रेजी मिथक शब्दको समानान्तर रूपमा नेपाली भाषामा रूपान्तरित पुरा कथा, पुरानो कथा, प्राचीन कथा, पुराणको कथा, कल्प कथा, पुरा आख्यान, श्रुतिस्मृति कथा, आदिम कथा, आद्य कथा, आद्य आख्यान जस्ता शब्दको प्रयोग गरिएको छ । वास्तवमा मिथक वा मिथ शब्दले प्राचीन मानव सभ्यताको इतिहास बोकेको छ । मानव सभ्यता, संस्कार, संस्कृतिलाई आत्मसात् गर्दै प्राचीन समयमा घटेका घटनाहरूलाई अनुभव र व्यवहारका माध्यमबाट प्रस्ट्याउने, चिनाउने

कार्य मिथकले गरेको छ । मानव मनका प्राकृतिक तत्त्व र घटनालाई परिवेशीकरणद्वारा मानवसभ्यतासँग जोडेर चेतन/अचेतन प्रक्रियाका माध्यमबाट प्रस्ट्याउने कार्य मिथकले गर्दछ । मिथकका बारेमा विभिन्न समयका विभिन्न विद्वान्हरूले यसरी परिभाषित गरेका छन् :

मिथक सम्पूर्ण मानवका समग्र पक्षको समग्र अनुभवहरूको अभिव्यक्ति हो ।

– फिलिप ब्हीलराइट

कल्पनालाई सत्यसँग सम्वद्ध वा जोड्ने प्रयत्न नै मिथक हो ।

– रोजा रोहिम

मिथक पुरा कथा आख्यान वा काव्य हो ।

– चेज

मिथक जीवनको सार्वभौम अनुभूति तथा मानव र प्रकृतिको समष्टि रूप हो ।

– डेविड विडने

मिथक मानव सभ्यताको अनुभव हो, अभिलेख हो ।

– कैसिरेर

मिथक मानवीय ज्ञानको प्रतीकात्मक अभिव्यक्ति हो ।

– ब्लैकमुर

मिथक सार्वभौम भावना र त्यसको प्रस्फुटनको बिम्ब हो ।

– नित्से

मिथक प्राचीन इतिहासको प्रामाणिक वर्णन हो, जसले घटना र स्थितिको दर्पणको आभाष दिलाउँछ । यसरी विभिन्न विद्वान्का परिभाषालाई केलाउँदा मिथक भन्नाले आदिम मानवका सामूहिक अनुभूतिको सार्वभौम कल्पनाद्वारा निर्मित लौकिक वा अलौकिक कथा हो भन्न सकिन्छ । जसका माध्यमबाट मानव सृष्टि र सभ्यताको जडसम्म

पुग्न सकिन्छ । मिथक प्राचीन, अतिप्राचीन बिम्ब हो, आद्यबिम्ब हो जुन मानव चेतना वा अचेतनमा सुरक्षित रहेको छ । मिथक आप्तवचन वा अतर्क्य कथन हो ।

प्रज्ञा संस्कृति कोशका अनुसार– जीवन सृष्टिको आरम्भ, धार्मिक विश्वास, अतिमानवीय प्राकृतिक शक्ति आदिबारे जाति वा राष्ट्रमा उत्पत्ति भएका मौखिक आख्यानमूलक लोकसम्पदालाई मिथक भनिन्छ । मिथकले पौराणिक कथाका रूपमा प्रकट भएर निश्चिन्त समाजको धर्म, इतिहास, वर्गीय संरचना, प्राकृतिक पर्यावरणका विचित्र विशेषता आदिलाई दृष्यन्तसहित व्याख्या गर्छ । मिथकको उद्देश्य लोककथाको जस्तो नीतिशिक्षा र मनोरञ्जन दिनु हुँदैन्, साथै मिथकमा लोकथाजस्तो विभिन्न संस्कृतिमा स्वीकार्य र निरन्तर परिवर्तन हुने गुण पनि रहँदैन् । सामूहिक अचेतनमा सङ्कलित जन्म, मृत्यु, मैथुन, प्राकृतिक रहस्यबारेका आदिकालीन जातीय अनुभव, स्मृति, आकाङ्क्षा, कल्याणकारी भावना आदि हुने भएकोले विश्वव्यापीपन र शाश्वतताका कारण यसले महत्त्व पाएको छ । मिथकमा आदिम मानवका दमित जातीय स्मृतिहरू रहेका हुन्छन् । पाठक र श्रोतामा निहित उद्बोधक शक्तिलाई प्रबलता प्रदान गर्ने क्षमता रहेको हुन्छ । पुराणमा मिथकहरूको सङ्ग्रहण हुन्छ ।

मिथक भनेको मानिसको प्रारम्भिक चेतनामा थिग्रिएका कपोल-कल्पित कथाहरू हुन्, जो प्रकृतिका व्यथाहरूको प्रतिबिम्ब हो र श्रृतिस्मृति परम्पराको सहारामा लोकआख्यान बनेर आएका छन् । मिथक काल्पनिक छविका देवी-देवता, भूत-पिशाच, दैत्य-दानव, ड्रयागन-लाखेका कथाहरू पनि हुन् र ती हाम्रो जगत् सृष्टिका काल्पनिक कथा पनि हुन् । मिथकमा अलौकिक रहस्य, अमानवीय पराक्रम र असम्भव सफलताहरू चित्रित गरिएको पाइन्छ । धार्मिक विश्वासका भ्रम

मिथकीय सङ्कल्पनाका सत्य बनेर मानिसलाई अल्मल्याई रहेको हाम्रो संस्कृतिमा सबै जाति र राष्ट्र लोकवार्ताहरू मिथकीय बन्न पुगेका छन् । प्राचीन समयमा अनुमान गरिएका कुरा, जो त्यस समयको दृष्टिकोण बनेर रह्यो, अड्कलका भरमा कलात्मक अभिव्यक्ति दिँदै लेखिएका साहित्य, चित्रकला र मूर्तिहरू दृश्यपटलमा ठोस भए पनि ती फगत मिथकीय सिर्जना नै हुन् । मानव चेतनाको काल्पनिक अनुभूति स्वरूप थिग्रिएको लोक भावनाका रूपमा मिथकले हाम्रो संस्कृतिमा रहेको आदिम धारणालाई प्रतिबिम्बन गर्दछ । मिथकीय संस्कृति आध्यात्मिक-प्रत्ययवादी जीवनदृष्टिमा निर्मित कल्पनापरक सिर्जना हो र त्यो अहिले पनि कतिपय जातिको जीवन दर्शन बन्न पुगेको छ । यसलाई पूराकथा पनि भनिन्छ । वास्तवमा मिथक भनेको पुराना कथा नै हुन् । उसलाई पुराणकथा, पूराकथा र पौराणिक कथा पनि भन्ने गरिएको छ । अङ्ग्रेजी शब्द मिथ (myth) बाट बनेको भए पनि त्यसको स्रोत ग्रीसेली शब्द माइथोस् मानिन्छ । तर्कहीन कथाको रूपमा प्रारम्भ भएका मिथकहरू नेपाली सन्दर्भमा पूराकथा बनेका छन् । पूराकथा पुराणकथाका रूपमा रहेका आख्यान हुन् र तिनीहरू लोक जीवनसँग जोडिएका किंवदन्तीका रूपमा पनि रहेका छन् । आदिमतापरक भाव, कल्पना, कल्पना, कर्म र धर्मसँग जोडिएर मानव जातिले आफ्ना जातीय मिथक रचेका छन् । विश्व ब्रह्माण्डको रचना, मानव समाजको रीतिस्थिति र उपदेशपरक ज्ञान दिने पूराकथाले हाम्रो संस्कृति समुन्नत छ । हिन्दू, बौद्ध, इसाई, इस्लाम जस्ता धार्मिक विश्वासका आडमा रचिएको पूराकथाको सङ्ख्या निकै छ । अलौकिक भावधारासँग समन्वय गर्दै पूराकथा रचिएको हुँदा यिनमा तार्किकतालाई ठाउँ दिइँदैन् । पूराकथा आद्य चेतनाको कामनासँग जोडिने हुन्छ भन्दै केही मनोविश्लेषकहरूले मिथकलाई अवचेतनाको उब्जनी मान्दछन् । मानस बिम्बको रूपमा पूराकथाले भूगोलसँगै समाज

र संस्कृतिलाई आबद्ध गर्दछ । सांस्कृतिक आदान-प्रदानले गर्दा यस्ता मिथकहरू पनि एक अर्को जाति, क्षेत्र, विश्वास र संस्कारमा घुलमिल भएर आएको पाइन्छ । कतिपय मिथकहरू भने जातीय चिनारीको विशिष्टतामा व्यक्त भएका पाइन्छन् (प्रभात, २०७४,पृ.३६०) ।

मिथकको स्वरूप

मिथकको रचना मानव र प्रकृतिका बीच स्पष्ट विभाजक रेखा नछुट्टिँदै भएको मानिन्छ, अर्थात् मानव र प्रकृति परस्पर सहयोग एवम् सङ्घर्षका सूत्रमा बाँधिएकै बेला वा यी दुबै एक सार्वभौम जीवनमा सहभागी भएका बेला मिथकको रचना भएको हो । मिथकको प्रकृति एकै किसिमको हुँदैन । यसको स्वरूपमा विविधता पाइन्छ । सामान्यतया मिथकमा सृष्टि र त्यसको व्यापारका गतिशील जीवनमा जन्म, मृत्यु र पुनर्जन्म, प्रकृतिका विविध तत्त्व, दैवीशक्ति र चमत्कार आदि सम्बन्धी, प्रारम्भिक विश्वास, आस्था र धारणा पाइन्छ । मिथक सार्वभौम कल्पना हो । मिथक आदिम मानवका सामूहिक अनुभूतिहरूको शाब्दिक मूर्त रूप हो, जसमा मानव र प्रकृतिका सत्ताको अभेद्य चेतना अर्न्तनिहित रहन्छ । मिथकको रूप कथात्मक हुन्छ । मिथकीय कथाका घटनाहरू लोक-वाह्य अथवा अलौकिक या अतिमानवीय हुन्छन् । तर मानव जीवनका निम्ति तिनको आफ्नै विशेष सार्थकता अनिवार्य रूपले रहेको हुन्छ अर्थात् ती घटना र परिस्थितिहरू अलौकिक र अतिमानवीय हुँदाहुँदै पनि मानवजीवनका लागि कुनै हालतमा अप्रासङ्गिक ठहरिँदैनन् ।

मिथका सम्बन्धमा ग्रिसमा धेरै पहिलेदेखि चर्चा भएको पाइन्छ । प्राचीन ग्रिसका एक्सोफेनस, थियोजेनेस, फेरीसाइडसर, हेकाटसले क्रमशः 'पुराना मानिसका नीतिकथा' स्वरूपकात्मकता, 'प्राक् वैज्ञानिक विचार' र 'ऐतिहासिक तथ्यबाट' मिथकको जन्म भएको हो

भन्ने धारणा प्रस्तुत गरेका छन् । ईस्वीको चौथो शताब्दीमा इयूहेमरसले लोकपरम्परामा जीवित जति पनि देवता छन् ती मूल रूपमा मानिस नै थिए भन्ने विचारसँगै मिथकको स्वरूप प्रकट गरेका छन् । आफूमाथि शासन गर्ने वा कृपा गर्ने महान् मानव शक्तिलाई पछिल्ला पुस्ताले पूजा गर्न थाले र देवताका रूपमा स्थापित गरे भन्ने उनको धारणा रहेको छ । महान् शासक वा पराक्रम शौर्यले भरिएको मानिस नै पछि गएर देवत्त्व प्राप्त गर्ने भएकाले इतिहास मिथकका रूपमा बदलिन्छ भन्ने दृष्टिकोण इयूहेमरसको रहेको छ (स्पेन्स, सन् १९९४, पृ.४२) ।

मिथकको परिभाषा र स्वरूपबारे विभिन्न विद्वान्ले आ-आफ्नै दृष्टिबाट अर्थ्याएका छन् । मिथकलाई अतिप्राकृतिक घटनाहरू रहने परम्परागत कथाका रूपमा चिनाएका छन् । यस्ता कथाहरू देवताका कार्य वा अलौकिक घटनासँग सम्बद्ध रहन्छन् भन्ने धारणा पाइन्छ । भौतिक जगत्को सत्यभन्दा पर अद्भूतिकता धार्मिक, रहस्यमय र अलौकिकको वर्णन मिथकको विषय हुन्छ । त्यसैले ती काल्पनिक र अविश्वसनीय हुन्छन् भनी तिनले चिनाउने प्रयत्न गरेका छन् । सामान्यतः मिथकलाई धार्मिक विश्वास रहेको असत्य कथा (क्रिस्टल, सन् २०००, पृ.७६०) धार्मिक विश्वास, प्राकृतिक वा सामाजिक परिवेशको बारेमा व्याख्या गरिएका परम्परागत आख्यान (ब्रोन,सन् १९९३, पृ.८७४), देवता र अलौकिक घटनाहरू रहेका परम्परागत कथा (ब्रीजवाटर र शेरउड,सन् १९५६, पृ.१३५०) समाजमा ठूलो परिवर्तन घटाउन सक्ने अद्भुत र महामानव प्रकृतिका देवता वा वीरका कार्यलाई विषयबद्ध गरेर आएका कथा (फोलर, सन् २००५, पृ.१५३) भनी अर्थ्याएको पाइन्छ । यसका साथै तिनका विभिन्न पुस्तकमा मिथकका विशिष्ट अवधारणालाई पनि प्रस्तुत गरिएको छ ।

वरिष्ठ मनोविज्ञानाचार्य फ्रायड र युङमध्ये फ्रायडका विचारमा मिथक स्वप्नको सजातीय इच्छापूर्तिको एक विधान हो र पुराकालमा आदिम मानव आफ्ना राग द्वेषजन्य इच्छाका प्रेमजन्य वासनाका र मृत्युका रूपमा सन्त्रासका भावनालाई मिथकका रूपमा चिनिने गर्दथ्यो अति स्वप्न र दिवास्वप्नका साथ मिथकको मौलिक सम्बन्ध हुनाले मानवद्वारा मिथक रचनाको प्रक्रिया निरन्तर चलि नै रहन्छ । युङले मिथकलाई 'सामूहिक अचेतन' मानेका छन् । यिनका विचारमा मिथक भन्नाले मानवजातिका सामुहिक अचेतनमा सञ्चित परावैयक्तिक स्तरका संस्कार वा प्राक्तन संस्कार वा जननान्तरका वासना बुझ्नुपर्छ । अनि ती संस्कार वा वासनाहरू आदिम युगदेखि आजसम्म मानवका (सामाजिक) अचेतनमा बिम्बका रूपमा सुरक्षित रही आएका हुनाले मिथकलाई 'आद्यबिम्ब' भन्ने नाम पनि दिन सकिन्छ ।

मिथकको स्वरूपमा विविधता पाइने हुनाले यसलाई यस्तै हुन्छ भनेर परिभाषामा बाँध्न निकै अप्ठ्यारो हुन्छ । यति हुँदाहुँदै पनि कतिपय कोश र विद्वान्ले मिथकलाई परिभाषित गर्ने प्रयास गरेका छन् ।

१. द कोलम्बीया इन्साइक्लोपेडियाले सामान्यरूपमा देवता र अलौकिक घटनाहरूसँग सम्बन्धित परम्परागत कथाहरूलाई मिथक भनि चिनाएको छ । साथै यसले मिथकलाई सृष्टि वा व्यक्ति मनको प्रतिकात्मक आख्यानका रूपमा पनि लिएको छ (ब्रिजवाटर शेरउड, सन् १९५६, पृ.१३५०) ।

२. द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टमर्सले मिथकलाई मनोवैज्ञानिक सत्यलाई प्रस्तुत गर्ने र चिजहरू कसरी अस्तित्त्वमा आए भनी व्याख्या गर्ने आख्यान भनि चिनाइएको छ (कडन, सन् १९९२ पृ.५६२) ।

३. त्यस्तै द इन्साइक्लोपेडिया ब्रिटानिकाले देवी देवताहरू अथवा अति

प्राकृतिक पात्रहरू रहेको कुनै समयको असाधारण घटना एवम् परिस्थितिसँग सम्बद्ध आख्यानलाई मिथक भनेर पारिभाषा गरिएको छ।

प्रयोगात्मक नेपाली शब्दकोशका अनुसार मिथक भन्नाले मानव जाति, प्रकृति आदिसँग सम्बन्धित प्राचीन कथा जुन सत्य होइनन् तर विश्वास गरिन्छन्। लोकमा प्रचलित पुरा कथा पुराना प्रतीक वा बिम्बका रूपमा आएका हुन्छन् । मिथकको इतिहास चिनाउन नसक्ने अनेक प्राचीन परम्पराहरू सङ्गृहीत रहन्छन्। जसलाई मानिसको ऐतिहासिक प्रक्रिया भनी दावा गरिन्छ (स्पेन्स, सन् १९९४, पृ.९२) । सर जर्ज, गोमेले मिथकलाई चिनाएका छन् भने म्याम्बाटिस्टा विकोले मिथकलाई एक प्रकारको काव्यात्मक भाषा (विम्सट र ब्रुक्स, सन् १९५७, पृ.७००) भनेका छन्। मिथकका बारेमा संस्कृति कोशमा भनिएको छ।

अन्त्यमा मिथक भन्नाले मानव जीवन र सृष्टिसँग सम्बन्धित प्राचीन ग्रन्थ इतिहास, पुराण, लौकिक तथा अलौकिक घटनासँग सापेक्ष रही बनेका लोकविश्वास आस्था नै मिथक हुन् जुन बिम्बका रूपमा प्रतिबिम्बन हुन्छन् । यसरी मिथकलाई विभिन्न कोणबाट चिनाउने क्रममा कसैले दैवी वा अतिप्राकृतिक घटनाका रूपमा, कसैले मनोवैज्ञानिक कोणबाट कसैले ऐतिहासिक, सामाजिक तथा भाषिक परिप्रेक्ष्यमा परिभाषित गरिएको पाइन्छ तसर्थ यसको स्वरूप विस्तृत छ । कुनै एक विषय क्षेत्रबाट मिथकलाई चिनाउन सकिँदैन, सम्भव हुँदैन । मिथकमा विभिन्न तत्त्व रहेका हुन्छन्। ती यसप्रकार छन् :

मिथकका तत्त्वहरू

कुनै पनि संरचनामा तत्त्वको विशिष्ट भूमिका रहन्छ। मिथकमा पनि साहित्यिक स्थानमा तत्त्वहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

मिथकका सम्बन्धमा पनि यस अन्तर्गत केही तत्त्वहरू रहेका हुन्छन् । जसमध्ये प्रमुख तत्त्वहरू निम्नानुसार छन् :

क. कथात्मकता

मिथकमा कथात्मकता हुनु पर्दछ । मिथकको स्वरूप कथातत्त्व अनिवार्य रूपमा रहनु पर्छ । सबै व्याख्याता तथा विद्वान्हरूले यस कुरालाई स्वीकार गरेका छन् । मिथकमा चाहे अलौकिक, अतिप्राकृतिक वा दैवीय घटना होस् त्यो कथात्मक रूपमा आएको हुनुपर्दछ । कथा र आख्यानविना मिथकको रचना हुन सक्दैन यति भएर पनि मिथकमा आख्यान भन्दा त्यसको माध्यमबाट व्यक्त हुने तत्त्व वा सत्य महत्त्वपूर्ण हुन्छ । काल्पनिक बिम्बात्मक वा स्वैरकाल्पनिक कथालाई प्रस्तुत गर्नु मिथकको कथात्मकता हो ।

ख. प्रतीकात्मकता

मिथकलाई शक्ति प्रदान गर्ने महत्त्वपूर्ण तत्त्वका रूपमा प्रतीकलाई लिने गरिन्छ । मिथकका कथा घटना र पात्रहरू प्रतीकात्मक अर्थले भरिएका हुन्छन् । आदिम मनुष्य प्रकृतिको रहस्यप्रति जिज्ञासु थियो । त्यसलाई सोझो भाषाबाट व्यक्त गर्न असमर्थ भएपछि प्रतीकहरूको माध्यमबाट मिथकको निर्माण गऱ्यो । प्रतीकका माध्यमबाट नै मिथकको भित्री रहस्यसम्म पुग्न सकिन्छ । यसले मिथकलाई सर्वदा नवीन रूप प्रदान गर्दछ । मिथकीय अभिप्रायका साथ वास्तविक सत्य वा शाश्वत वर्तमानलाई अभिव्यक्त गर्ने सामर्थ्यका कारण प्रतीकले मिथकलाई नित्य नवीन बनाएर राख्छ । मिथकको वास्तविक शक्ति नै प्रतीक र बिम्ब हो । प्रत्येक जातिका प्राचीन मिथकमा देखापर्ने देवीदेवता, वीर वा महान् नायक आदिका कथाहरू प्रतीकात्मकताले भरिएका हुन्छन् । प्रतीकहरूको, पहिचान व्याख्या र विश्लेषणबाट नै मिथकको उद्देश्य पहिल्याउन सकिन्छ ।

ग. रहस्यको उद्‌घाटन

मिथकमा कुनै पनि वस्तु कसरी अस्तित्वमा आयो भन्ने रहस्योद्‌घाटन भएको हुन्छ । सृष्टिको उत्पत्ति, प्राकृतिक व्यापारको कारण, सामाजिक संस्थाहरूको उद्‌भव, प्रथा, रीतिरिवाज आदिको जन्मको कारण वा हेतु मिथकमा पाउन सकिन्छ । विज्ञानले तथ्यलाई प्रमुखता दिन्छ, मिथकले तत्त्वलाई प्रधानता दिन्छ । मिथकको तत्त्व भनेको धारणात्मक धरातल नै हो । यसले नै विज्ञान वा इतिहासको सत्यबाट मिथकको सत्यलाई अलग्याउँछ । मिथक भन्नु नै रहस्यको जालो हो ।

घ. अलौकिक वातावरण

मिथकले परम्परागत मान्यता, संस्कार र धार्मिक अनुष्ठानको व्याख्या गर्दछ । यसको वातावरण अलौकिक हुन्छ । मिथकमा धार्मिक विश्वास विद्यमान रहन्छ तर मिथकले धर्मसँग मात्र सम्बन्ध नराखी सांस्कृतिक, सामाजिक मूल्य र आस्थालाई समेत प्रकट गरिरहेको हुन्छ । मिथकका घटना, परिवेश र चरित्रहरू अलौकिक हुन्छन् । दैवीपात्रहरू रहने हुनाले यसमा धार्मिक वातावरण विद्यमान रहन्छ । लौकिक घटनालाई अलौकिक परिवेश, पात्र र आख्यानद्वारा मिथक निर्माण गरिएको हुन्छ ।

ङ. विश्वसनीयता

मिथकमा विश्वसनीयता रहन्छ । वैज्ञानिक र ऐतिहासिक रूपमा भन्दा जातीय जीवनका लागि मिथक पूर्ण सत्य हो । यसमा सांस्कृतिक सत्य रहने हुनाले यसलाई मिथ्या वा भ्रम भनेर पन्छाउन मिल्दैन । मिथकलाई मनुष्यको अनुभव ज्ञान र व्यवहारको कोश भन्न सकिन्छ । रामको मिथक पूर्वीय सभ्यतामा आदर्श, मर्यादा, न्याय र समानताको आधार बनेर रहेको छ । त्यसैले रामको मिथकप्रति त्यसका

अनुयायीहरूको गहिरो आस्था र विश्वास छ। अतः मिथकप्रति समाजको विश्वास गहिरो रूपमा रहेको हुन्छ।

च. सामूहिक आस्था

मिथक जुन जातिमा प्रचलित छ त्यसमा जातिको सामूहिक भावना त्यसमा प्रकट हुने हुनाले मिथकमा सामूहिक आस्था हुन्छ। मिथकलाई कार्ल युङले सामूहिक अवचेतनामा रहने आद्यबिम्बका रूपमा चिनाएका छन्। मिथक कुनै एक व्यक्तिले रचेको सामान्य कथा होइन। यो त संस्कृतिको सामूहिक अवचेतनद्वारा निर्माण भएको कथा वा आख्यान हो। यसमा इतिहासको जस्तो तथ्यगत र प्रामाणिक सत्य रहेको हुँदैन। यसमा जातीय र सामूहिक भावनालाई सञ्चित गरिएको हुन्छ वा व्यापक आस्था, विश्वास र अनुभवलाई सङ्गृहित गरिएको हुन्छ, जसलाई पूर्ण सत्य मानिन्छ। कवि, साहित्यकारहरू आफ्नो सामाजिक वा जातीय धारणा र विश्वासलाई अभिव्यक्त गर्नका लागि मिथकको सहयोग लिने गर्दछन्। जसको सहायताले ती धारणाहरू समाजमा स्वीकृत हुन्छन्।

छ. परिवर्तनशीलता

क्रमिक विकासको प्रक्रियामा अघि बढी रहनु मिथकको महत्त्वपूर्ण पक्ष हो। समयको गतिसँगै निष्प्रभाव र थोत्रा बनेका मूल्य र मान्यताहरूलाई फ्याँक्दै र नयाँ मूल्यहरूलाई संवहन गर्दै जानु मिथकको शक्ति र विशेषता हो। मिथकलाई युगसन्दर्भ अनुसार नवीन अर्थमा नै ढाल्ने सबैभन्दा सशक्त माध्यम काव्य वा साहित्य हो। कृष्णको मिथक **मोदिंआइन** उपन्यासमा लाखौं मानिसको मृत्युको कारक बनेर आएको छ भने **राधा** उपन्यासमा नारी अधिकार कुल्चने पुरूषका रूपमा चित्रित गरिएको छ। यसर्थ मिथक युगअनुसार नयाँ स्वरूप र मूल्यमा परिवर्तित हुँदै जान्छ, जानुपर्छ।

मिथकको वर्गीकरण

मिथकको क्षेत्र र आयाम असीमित र व्यापक छ । ज्ञानविज्ञानका सबैजसो अनुशासनसँग सम्बन्धित विषय मिथकका असीमित क्षेत्रभित्र अट्दछ । संसारका विभिन्न जाति र साहित्यमा उपलब्ध मिथकको वर्गीकरण गर्न त्यति सजिलो विषय होइन । यसको वर्गीकरणको कुनै खास ठोस आधार पाइँदैन । यति हुँदाहुँदै पनि अध्ययन विश्लेषणको सरलताका लागि केही विद्वान्हरूले यसको वर्गीकरण गर्ने प्रयास गरेका छन् । मिथक आदिम समाजको उपज हो तर समाजको विकाससँगै मिथकहरू विकसित एवम् परिवर्तित हुँदै गएका देखिन्छन् । विकसित एवम् परिवर्तित हुने क्रममा यसमा ज्ञानविज्ञानका विभिन्न शाखा-प्रशाखाहरू समाहित हुँदै गएको हुँदा मिथकको क्षेत्र व्यापक एवम् दुर्बोध्य बन्दै गएको छ । प्रकृतिको सान्निध्य र समाजविकासको क्रममा मानवद्वारा आत्मसात् गरेका र अनुभूत गरेका विषयवस्तुहरू मिथकका माध्यमद्वारा व्यक्त हुने हुँदा यसको क्षेत्र निकै फराकिलो, व्यापक र गहिरो भएको देखिन्छ । यसकारण मिथकलाई वर्गीकरण गरेर सीमित गर्नु कठिन विषय हो । मिथक संसारभरिका सबै संस्कृतिमा पाइने हुँदा यिनको वर्गीकरण गर्ने कार्य स्वयंमा जटिल बनेको पाइन्छ तापनि आदिम मानवको सत्यतथ्यको खोजी गर्ने प्रवृत्ति र त्यसलाई व्यक्त गर्ने माध्यम मिथक भएकाले मिथकको खोजी एकै प्रकारको देखिन्छ । भिन्नभिन्न जाति, समूह, संस्कार, धर्म, संस्कृति भाषा र भूगोलका मानिसलाई हुने त्रास, आशा र आवश्यकताको मूलस्रोत एउटै-एउटै भएकाले पनि मिथकको कथ्यमा केही समान गुणहरू विद्यमान रहेका देखिन्छन् । इ.बी. टायलरद्वारा आदिम संस्कृतिको अनुसन्धान गर्ने क्रममा केही सार्वभौम मिथकको चर्चा गरेका छन् । उनका अनुसार प्रायः सबै संस्कृतिमा पाइने मिथकहरूमा सूर्योदय- सूर्यास्तको मिथक, ग्रहणको मिथक, भूकम्पको

मिथक, स्थानीय मिथक आदि मिथकहरू रहेका छन् (टायलर, १९६३, पृ.६७) । यसरी प्राथमिक मिथकहरू प्राय: प्रकृतिसँग जोडिएका छन् भने समाजको विकाससँगै मिथकीय कथ्य एवम् संरचनामा जटिलता थपिदै आएको पाइन्छ । धेरैजसो मिथकका अध्येताहरूद्वारा मिथकले वर्णन गर्ने विषयवस्तुका आधारमा यसको वर्गीकरण गरेको पाइन्छ ।

मिथक वर्गीकरणमा प्राय: यसको कथ्य विषयलाई आधार मानेको देखिन्छ । प्रकृति, समाज, धर्म, स्वर्ग, नरक, इतिहास, सृष्टि आदि विषयवस्तु नै मिथकको विषय भएको हुँदा तिनकै आधारमा मिथकको वर्गीकरण भएको देखिन्छ । **इन्साइक्लोपिडिया अफ रिलिजन एन्ड एथिक्स**मा मिथकको विषयका आधारमा यसका बाह्र प्रकारका भेदहरू देखाइएका छन् । ती हुन्:

(१) प्राकृतिक परिवर्तन र ऋतु परिवर्तनसम्बन्धी मिथक
(२) प्राकृतिक तत्त्वसम्बन्धी मिथक
(३) विशिष्ट प्राकृतिक घटनासम्बन्धी मिथक
(४) विश्वको उत्पत्तिसम्बन्धी मिथक
(५) देवताको उत्पत्तिसम्बन्धी मिथक
(६) पशु र मानवको उत्पत्तिसम्बन्धी मिथक
(७) रूपान्तरणसम्बन्धी मिथक
(८) नायक, परिवार र राष्ट्रसम्बन्धी मिथक
(९) सामाजिक संस्थाहरू र आविष्कारसम्बन्धी मिथक
(१०) स्वर्ग र नरकसम्बन्धी मिथक
(११) दानव वा राक्षससम्बन्धी मिथक
(१२) ऐतिहासिक घटनासँग सम्बन्धित मिथक

यी उपर्युक्त बाह्र प्रकारका मिथकमा विशेषत: प्रकृति, सृष्टि,

देवता, समाज वा राष्ट्र र अलौकिक पक्षसम्बन्धी मिथकीय पक्षमा जोड दिएको देखिन्छ । यसरी नै **इन्साइक्लोपिडिया ब्रियनिका**मा पनि मिथकका बाह्र प्रकारका वर्गीकरणलाई देखाइएको छ, जस्तै :

(१) सृष्टिविषयक मिथक
(२) प्रलय र विध्वंशसम्बन्धी मिथक
(३) सांस्कृतिक नायक र मुक्तिसम्बन्धी मिथक
(४) अलौकिक र अनन्ततासम्बन्धी मिथक
(५) काल र कालातीत सम्बन्धी मिथक
(६) अनुकम्पा र भाग्यसम्बन्धी मिथक
(७) पुनर्जन्म र पुनरागमनसम्बन्धी मिथक
(८) स्मृति र विस्मृतिसम्बन्धी मिथक
(९) ईश्वर र देवतासम्बन्धी मिथक
(१०) धर्मप्रवर्तक र धार्मिक व्यक्तिसम्बन्धी मिथक
(११) राजाहरू र योगीहरूसम्बन्धी मिथक
(१२) रूपान्तरणसम्बन्धी मिथक

माथिका यी मिथकहरू पनि सृष्टि, प्रकृति विध्वंश, जन्म, ईश्वर र परिवर्तनको पक्षमा देखिन्छन् ।

स्पेन्सद्वारा मिथकीय विषयवस्तुका आधारमा यसको वर्गीकरण गर्दै विशेषतः सृष्टि, समाज, संस्कृति, देवता, लोकलोकान्तर, मृत्यु आदि विषयक मिथकका वर्गलाई देखाइएको छ । ती हुन्:

(१) सृष्टिको उत्पत्तिसम्बन्धी मिथक
(२) मनुष्यको उत्पत्तिसम्बन्धी मिथक
(३) जीवनकलासम्बन्धी मिथक
(४) तारासम्बन्धी मिथक

(५) सूर्य र चन्द्रमासम्बन्धी मिथक

(६) मृत्युसम्बन्धी मिथक

(७) आगोको चोरीसम्बन्धी मिथक

(८) नायकसम्बन्धी मिथक

(९) निम्नस्तर वा असंस्कृत व्यवहारसम्बन्धी मिथक

(१०) पशुसम्बन्धी मिथक

(११) अधोलोक (अन्डरवर्ल्ड) र अन्य लोकको यात्रासम्बन्धी मिथक

(१२) धार्मिक प्रथा र अनुष्ठानसँगसम्बन्धित मिथक

(१३) अन्य कम महत्त्वका मिथकहरू

उपर्युक्त मिथकमा प्रकृति सृष्टिका साथै अन्य लोकको चर्चा गरिएको छ ।

एच.जे.सेजले मिथकलाई मोटामोटी निम्नानुसार तीन भागमा वर्गीकरण गरेका छन् । (नगेन्द्र, सन् १९८७, पृ. १८) ।

(१) सृष्टिसम्बन्धी मिथक

(२) प्रलयसम्बन्धी मिथक

(३) देवताहरूको प्रणयचरसम्बन्धी मिथक

माथिको वर्गीकरणमा सृष्टि-मूलक र देवीदेवतामा समग्रता खोजिएको छ ।

नगेन्द्रले मिथकलाई निम्नानुसार वर्गीकरण गरेका छन् । (नगेन्द्र,सन् १९८७ , पृ.२१) ।

(१) प्रकृतिका मिथक

(२) धार्मिक मिथक (उपास्य देवताहरूको स्वरूपसँग सम्बद्ध मिथक र कर्मकाण्डसम्बन्धी मिथक) ।

यस वर्गीकरणमा प्रकृति र धर्मलाई सामाजिक जीवनसँग जोडेर देखिएको छ ।

गर्डनरले मिथकलाई बाह्रभागमा वर्गीकरण गरेका छन् । (श्रीवास्तव, सन् १९८५, पृ. १८-१९) ।

(१) ऋतुपरिवर्तन र सूर्य, चन्द्र, पृथ्वी आदिको गतिशीलता सम्बन्धी मिथक

(२) अग्नि, जल, वायु, पर्वत, सरिता आदि प्राकृतिक तत्त्वसम्बन्धी मिथक

(३) भूकम्प, प्रलय, ज्वालामुखी आदि विशिष्ट प्राकृतिक तत्त्वसम्बन्धी मिथक ।

(४) सृष्टि र प्रलयसम्बन्धी मिथक

(५) देवताहरूको जन्म, महत्त्व र स्वरूपसम्बन्धी मिथक

(६) मनुष्य एवम् पशुहरूको जन्मसम्बन्धी विवरण दिने मिथक

(७) रूपान्तरण वा आवागमनसम्बन्धी मिथक

(८) वीर नायक, परिवार र राष्ट्रसम्बन्धी मिथक

(९) सामाजिक संस्थाहरू र वस्तुगत आविष्कारसम्बन्धी मिथक

(१०) स्वर्ग र नर्कसम्बन्धी मिथक

(११) दैत्य वा दानवका गाथासम्बन्धी मिथक

(१२) ऐतिहासिक घटनासँगसम्बन्धित मिथक

उपर्युक्त वर्गीकरणले ग्रह पञ्चतत्त्व, सृष्टि, देवीदेवता र मानव सभ्यतासँगै ऐतिहासिक घटना समेतलाई मिथकको स्वरूपमा चर्चा गरेको छ । मोतीलाल पराजुलीले मिथकलाई निम्नानुसार वर्गीकरण गरेका छन् (पराजुली, २०६६, पृ.१२-१३) ।

(१) ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय बारेमा वर्णन गरिएका मिथक, जस्तै: विष्णु र मधुकैटभ दैत्यको लडाइँबाट पृथ्वी बनेको मिथक, चन्द्रसूर्य, ताराहरू बहुलोक आदिको उत्पत्तिसम्बन्धी मिथक, विनाशसम्बन्धी मिथक आदि ।

(२) प्राकृतिक इतिहासको विशिष्टताको वर्णन भएका मिथक जस्तै: चन्द्रमामा किन काला धब्बाहरू हुन्छन् ? के कारणले ग्रहण लाग्दछ ? दिन र रात कसरी भयो ? आदि सम्बन्धी मिथक।

(३) मानव सभ्यताको मूलको व्याख्यामा अग्रसर मिथक, जस्तै: देवताका अवतारसम्बन्धी मिथक, जस्तै: पारुहाङ र सुम्निमा, प्रमिथस, राम र कृष्ण आदि सम्बन्धी मिथक ।

(४) दिव्य शक्तियुक्त पौराणिक पात्रहरूका मिथक, जस्तै: ब्रह्मा, विष्णु, महेश्वर, पशुपतिनाथ आदि सम्बन्धी मिथक ।

(५) धार्मिक व्रतसँग सम्बन्धित मिथक, जस्तै: स्वस्थानी व्रत, सत्यनारायणको व्रत, हरितालिका व्रत आदि सम्बन्धी मिथक ।

(६) सामाजिक, धार्मिक रीतिरिवाज, पूजा, अनुष्ठान आदि सम्बन्धी मिथक, जस्तै: भगिरथ र गङ्गाको मिथक ।

(७) जनावर, प्राणी, पदार्थ र वनस्पतिमा रहेको गुण र स्वभावको उत्पत्तिको व्याख्या भएको मिथक, जस्तै: अमृत र विषको उत्पत्ति ऐरावत हात्ती, मृतसञ्जिवनी बुटी आदि सम्बन्धी मिथक ।

उपर्युक्त वर्गीकरण बाहेक मिथकलाई पवित्र र दुषित, जनजातीय र पाठीय आदि विविध ढङ्गले पनि वर्गीकरण गरिएको पाइन्छ । माथिका विद्वान्हरूले आ-आफ्नो आधार र धारणाहरूबाट फरक फरक ढङ्गले मिथकको वर्गीकरण गरेका छन् । ती सबै धारणाहरू समेटिने गरी मिथकलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

सृष्टि तथा उत्पत्तिसम्बन्धी मिथक

विश्व र त्यसका वस्तुहरूको उत्पत्तिसम्बन्धी मिथकहरू यसभित्र पर्दछन् । मेक्सिकोमा ओमेटर बुटिलले सृष्टि गरे भन्ने मिथक छ । आदम र इभको कथामा देवताले सृष्टिलाई देवताले सृष्टिलाई दुई भागमा बाँडे भनिएको पाइन्छ । पूर्वीय सभ्यतामा विभिन्न दिशामा रहेका ब्रह्माका शिरले, सृष्टि चलाउँछन् भन्ने मिथक छ । विष्णुले मधुकैटभको बध गरेर तिनकै शरीरका विभिन्न अङ्गबाट संसार सृष्टि भयो भन्ने मिथक छ । बेविलोनमा मरडुकले तीयामत नामको दैत्यलाई मारेर सृष्टिलाई अलग संरचना प्रदान गरे भन्ने मिथक प्रचलित छ । (शम्भुनाथ, सन् १९८५, पृ.६) । यसरी अलग अलग स्थानमा सृष्टिसम्बन्धी मिथकहरू पाइन्छन् । सभ्यताको प्रारम्भमा विश्व सृष्टि तथा उत्पत्तिसम्बन्धी धारणा मिथकीय थियो । यसका माध्यमबाट जातीय अवधारणा प्रकट हुन्थ्यो (शम्भुनाथ, सन् १९८५, पृ.६) । समाजलाई अन्याय, अत्याचार, पापबाट मुक्त गर्न पनि सृष्टि सञ्चालनकर्ता अथवा ईश्वरको आवश्यकता महशुस गरियो र सृष्टि सम्बन्धी मिथकहरूको निर्माण भयो ।

प्रकृतिसम्बन्धी मिथक

दिन-रात, महिना, ऋतु,वर्ष आदिको क्रम, सूर्य, चन्द्र, पृथ्वी आदिको गतिशीलता, अग्नि, जलवायु, पर्वत, नदी, मेघ, भूकम्प प्रलय, ज्वालामुखी आदि प्राकृतिक तत्त्वसम्बन्धी मिथकहरू प्रकृतिसम्बन्धी मिथक अन्तर्गत पर्दछन् । पूर्वमा प्रलयको विनाशकारी लीलाबाट जलप्लावन भएको मिथक छ । संसारका सबै मिथकहरूमा प्रकृतिलाई अत्यन्त शक्तिशाली तत्त्वका रूपमा लिएको पाइन्छ । सूर्य, तारा, चन्द्र, वृक्ष, धरती, जल, अग्नि आदि सम्बन्धी प्राकृतिक मिथकहरू लोक जीवनमा नयाँ अर्थका साथ प्रकट भएका छन् । यसमा मानव जातिको

अगाध आस्था र विश्वास थियो । पूर्वीय मिथकमा सूर्य सातओटा घोडाहरूले तान्ने रथमा र ग्रिक मिथकका हेलियस (सूर्य) चारओटा घोडाहरूले तान्ने रथमा सवार हुने वर्णन पाइन्छ । मिश्रमा एपिस नामक साँढेको शिरमा सूर्यको चक्र र पार्श्वमा चन्द्रको चक्र भएको मिथक पाइन्छ । जुन उत्पादकत्वको प्रतीक हो (शम्भुनाथ,सन् १९८५,पृ. ५) । यसरी संसार विविध प्रकारका प्राकृतिक मिथकले भरिएको छ ।

देवता/ ईश्वरसम्बन्धी मिथक

देवताहरूको जन्म, महत्त्व, कार्य र स्वरूपसम्बन्धी मिथकहरू देवतासम्बन्धी मिथक अन्तर्गत पर्दछन् । ब्रह्मा, विष्णु, शिव, इन्द्र आदि देवताहरूको जन्म, तिनको महत्त्व, स्वरूप आदिको वर्णन पूर्वीय मिथकमा पाइन्छ । शिव, पार्वती, विष्णु, लक्ष्मी, गणेशको शिरच्छेदन, हात्तीको दाँत लगाउनु, कामदहन रतिको विलाप जस्ता देवताहरूको प्रणयसम्बन्धी मिथकहरू महाभारत र पुराणमा प्रशस्तै पाइन्छन् (शर्मा, सन् १९९२, पृ.४) । डा. नगेन्द्रका अनुसार अनेकौं पुराकथामा आकाशको कल्पना पुरुष रूपमा र पृथ्वीको कल्पना नारी रूपमा गरिएको छ । जसको मैथुनबाट नाना रूपमा सृष्टिको जन्म हुन्छ (नगेन्द्र, सन् १९८७, पृ.२०) ।

जीवजन्तु/प्राणीसम्बन्धी मिथक

प्राणीसम्बन्धी मिथकहरू अन्तर्गत प्राणीका बारेमा वर्णन गर्ने मिथकहरू पर्दछन् । यसमा मनुष्य र पशुहरूको जन्म र तिनका कार्यहरूको वर्णन हुन्छ । मनुष्यले जीवन निर्वाहको यात्रामा गरेका कर्महरूको मिथक यसै वर्गमा पर्दछ । विभिन्न सामाजिक संस्था र प्रथाको जन्मको बारेमा वर्णन भएका मिथक पनि यस अन्तर्गत नै पर्दछन् । अदितिबाट आदित्यादि देवता र दितिबाट दैत्यादि दानवको जन्म भएको जस्ता मिथकहरू प्राणीसम्बन्धी मिथकका उदाहरण हुन् ।

जन्म र मृत्युसम्बन्धी धारणा आएका मिथकहरू आवागमनसम्बन्धी मिथक अन्तर्गत पर्दछन् । जन्म के हो ? मृत्यु के हो ? त्यसका कारण के हुन् ? यी कस्ता प्रक्रिया हुन् ? आदि प्रकारका उत्तरहरू यस्ता मिथकमा पाइन्छ । आत्मासम्बन्धी विचार र अस्तित्वसम्बन्धी वर्णन यस्ता मिथकमा रहेको हुन्छ । स्वर्ग र नर्कसम्बन्धी अवधारणाका साथै त्यस्ता ठाउँमा के कस्तो कर्मले लैजान्छ भन्ने वर्णन रहेको हुन्छ । यस्ता मिथकले लोकात्मक र लोकोत्तर एहलौलिक वा पारलौकिक जीवनका बारेमा बताउँछन् ।

धार्मिक अनुष्ठान /कर्मकाण्डसम्बन्धी मिथक

विभिन्न धार्मिक अनुष्ठानसँग सम्बन्धित मिथक यस अन्तर्गत पर्दछन् । यसमा विभिन्न उत्सव र धार्मिक क्षेत्रसँग सम्बन्धित अनुष्ठानहरू पर्दछन् यसका साथै रोगब्याधिको उपचार कार्यसँग सम्बन्धित मिथक पनि यसमै पर्दछन् । मिथकले धार्मिक क्रियाकलापलाई मौखिक रूपमा सम्पन्न गर्न विशेष भूमिका निर्वाह गर्दछन् । धामीझाँक्रीका उपचार पद्धति र तान्त्रिक कर्म पनि मिथक अन्तर्गत पर्दछन् ।

असुर वा दानवसम्बन्धी मिथक

राक्षस वा दानवका गाथासँग सम्बन्धित मिथकहरू यस अन्तर्गत पर्दछन् । पूर्वमा यस्ता मिथक अधिक छन् । दैत्य वा राक्षासहरू विशेष गरी अन्यायी र अत्याचारी कर्ममा रहने भएकाले त्यसको अन्त्य गरी न्याय र सत्यको स्थापना गर्नका लागि देवताले एकआपसमा युद्ध गरेका छन्, मिथक पूर्वीय संस्कृतिमा प्रशस्तै रहेका छन् । हिरण्यकशिपुसम्बन्धी मिथक, रामरावणसम्बन्धी मिथक, कृष्णकंससम्बन्धी मिथक लगायतका अनेकौं मिथक एकातिर देवतासँग सम्बन्धित हुन्छन् भने अर्कोतिर दैत्यहरूसँग सम्बन्धित हुन्छन् ।

इतिहाससँग सम्बन्धी मिथक

ऐतिहासिक घटना र चरित्रसँग सम्बन्धित मिथकहरू यस अन्तर्गत पर्दछन् । मिथक तथ्यपरक नभए पनि यसले इतिहासका महत्त्वपूर्ण तथ्य वा शृङ्खलालाई आफूभित्र समाहित गरेर नवीन आख्यान निर्माण गर्न सक्छ । कालान्तरमा पछिल्ला पुस्ताका लागि इतिहासको महत्त्वपूर्ण घटना वा चरित्रले मिथकीय स्वरूप ग्रहण गर्न सक्छ । आउने पुस्ताका लागि गान्धी, वी.पी वा मार्क्स इतिहासका नायक मात्र नरहेर मिथकीय चरित्र बन्न सक्छन् । मिथकमा क्रमिक विकासको प्रक्रिया रहने भएकाले युग र परिस्थिति अनुरूप यसले आफ्नो स्वरूप र आयामलाई बदल्दै लैजान्छ । वीर पुरुष, नायक, महान् परिवार, वंश, राष्ट्र आदिका मिथकहरू यस अन्तर्गत पर्दछन् ।

आद्यबिम्बका रूपमा मिथक

सामूहिक अचेतनका रूप वा विषयलाई आद्यबिम्ब भनिन्छ । मनोविश्लेषक कार्ल गुस्ताभ युङ (१८७५–१९६१) ले आद्यबिम्ब अथवा आर्किटाइपलाई प्रबल, आरोपक मिथकीय तथा प्रागऐतिहासिक आदिम बिम्ब भनेका छन् । आद्यबिम्ब अचेतन मनमा दबिएर, थिचिएर रहेको अनुभव वा प्रवृत्ति हो । यो विभिन्न माध्यमबाट बाहिर देखिन्छ । यो जैविक भन्दा पनि आत्मिक प्रकारको हुन्छ ।

युङले आद्यबिम्ब वंशानुगत रूपमा आउने वृत्तिका रूपमा चिनाएका छन् । आद्यबिम्ब मानिसका आन्तरिक तहमा लुकेका विचार वा विषयको रूप हो जुन अचेतन मनमा रहेको हुन्छ र चेतनमनले त्यसको प्रदर्शन गर्न सक्दैन । आद्यबिम्बको प्रकट सामान्यतः सपनाका रूपमा अथवा मिथकको रूपमा हुन्छन् ।

जे.ए. कडनले आद्यबिम्ब एक प्रकारको आदिम विचारका रूप

भएकाले जुन राम्रा-नराम्रा बिम्बका रूपमा चित्रका रूपमा, प्रतीकात्मक रूपमा मानवीकरणका रूपमा अभिव्यक्त हुन्छन् । आद्यबिम्बहरू मानवीय चेतनामा सधैं नै रहिरहेका हुन्छन् ।

आद्यबिम्ब विश्वव्यापी विषय हुन् । प्राचीन समयमा मानिसले असुर, राक्षस, दैत्य, दानव, देवता, भगवान, ऋषि आदिका रूपमा मिथकका आद्यबिम्बलाई प्रस्तुत गरेका छन् । पूर्वीय धर्म, संस्कृति, संस्कारमा वर्णित ईश्वर, भगवान, दैत्य राक्षस जस्तै पाश्चात्य सभ्यतामा पनि तत्जन्य पात्रको वर्णन गरिएको छ । त्यस्ता व्यक्तिको विकार रूप, डर, भय, त्रास, शक्ति, जादू, जन्म, पुनर्जन्म स्थुल रूप, सूक्ष्म रूप आदिलाई आद्यबिम्बका रूपमा मानिएको छ । प्राचीन कथा पुराणहरूमा मानिसका विभिन्न स्वरूपका आद्यबिम्बलाई प्राकृतिक, अति प्राकृतिक आत्मा, अन्तरआत्मा अथवा प्रेतात्माका रूपमा समेत वर्णन गरेको पाइन्छ ।

आद्यबिम्बको बारेमा आफ्ना विचार र आदर्श व्यक्त गर्ने पहिलो दार्शनिक प्लेटो हुन् र उनले आद्यबिम्बलाई सौन्दर्य, सत्य र ईश्वरसँग सम्बन्धित आद्यबिम्बसँग सृष्टिका प्रसङ्गको प्रयोग गर्न थालिएको हो । उन्नाइसौं शताब्दीपछि मनोविश्लेषणका रूपमा आद्यबिम्ब र आद्यबिम्बलाई मिथकका रूपमा वर्णन र विश्लेषण गर्न थालिएको हो ।

मिथक र अन्य विषयसंगको सम्बन्ध

मिथकले मानव सृष्टि र सभ्यता देखिकै प्राचीनतालाई आत्मसात् गरेकोले मिथकलाई विषय र क्षेत्रअनुसार, आ-आफ्नै ढङ्गले परिभाषित गर्न र अर्थ खोज्न सकिन्छ । आदिम चेतन/अचेतन मनको सिर्जनालाई मिथक मानिएकाले क्रमशः मानवसभ्यताको विकाससँगै क्रमशः विकशित हुँदै युगीन परिवेश र युगीन सान्दर्भिकतालाई समेटेर अगाडि बढेको छ । सामाजिक सभ्यता, संस्कार र संस्कृतिको परिवर्तनसँगै मिथकको विकास

र सन्दर्भअनुसार व्यापक क्षेत्र ओगट्दै धर्म, मानवशास्त्र, मनोविज्ञान, संस्कृति, समाज, भाषा, साहित्य, दर्शन तथा इतिहाससँग यसको विषयलाई प्रस्तुत गर्न सकिन्छ ।

मिथकको प्रयोग मानव र प्रकृतिको सृष्टिसँगै जोडिएर आएको छ । सामान्यतया मिथकमा सृष्टि, त्यसको गतिशीलता, जन्म, मृत्यु, पुनर्जन्म, प्राकृतिकपन, दैवीशक्ति चमत्कार, विश्वास, आस्था, धारणा पाइन्छ। मिथक सार्वभौम कल्पना हो। मिथक आदिम सभ्यताका सामूहिक अनुभूतिको समग्र पक्ष हो, जसमा मानव र प्रकृतिका घटना रहेका हुन्छन्। मिथक आख्यानात्मक हुन्छ । अतिमानवीय घटनालाई लौकिक तथा अलौकिक शक्तिद्वारा प्रकट गरिएका कथावस्तु मिथकीय कथन हुन्छन् ।

मिथकका सम्बन्धमा ग्रीस मिथोलोजीमा चर्चा भएका छन् । प्राचीन ग्रीसका एफ्सोफेनस, थियोजेनस, फेरिसाइडर, हेकारिटसले पुराना मानिसका नीतिकथा, प्राक्वैज्ञानिक विचार ऐतिहासिक तथ्यबाट मिथकको जन्म भएको हो भन्ने मिथक सम्बन्धी धारणा प्रस्तुत गरेका छन्।

एरिस्टोटलले मिथकलाई कथाका रूपमा प्रयोग गरेका छन् । बेनियरले मिथकलाई ऐतिहासिक रूप, टेलरले रूपक कथा, रोलिङले मानव सभ्यता र विकासको कथा र क्राइजरले धर्मको परम्पराका रूपमा चिनाएका छन्। यहाँ मिथक र अन्य विषयको सम्बन्धलाई स्पष्ट पारिएको छ ।

मिथक र धर्म

मानव सभ्यताका विकाससँगै धर्मको प्रादुर्भाव भएको मानिन्छ । असल कार्य अद्‌भुत शक्ति र सामूहिक कार्यद्वारा धर्मको निर्माण भएपछि मिथक र धर्म एक अर्कामा सम्बन्धित भएर आएका छन् । देवता र दानवको कल्पना र कार्यसँगै मिथक र धर्म एकअर्कासँग सम्बन्धित भएका छन् । मिथक संसारका सबै धर्मग्रन्थमा

पाइन्छ । जुनसुकै धर्मले पनि सृष्टिको, संसारको उत्पत्ति र विकासका बारेमा आ-आफ्नो कथाको वर्णन गरेको छ । मिथक सबै धर्मग्रन्थमा पाइनाले धर्म र मिथकको सम्बन्ध रहेको स्पष्ट हुन्छ । मिथकमा धार्मिक आचरण तथा अनुष्ठानको चर्चा हुन्छ । परम्परा र प्रथाका बारेमा विवरण दिनु नै धार्मिक मिथकको प्रयोगको उद्देश्य हो । त्यसैले मिथकको चर्चा परिचर्चासँगै धर्मसँग समन्वय गरेर मिथकको खोज गरिन्छ । सबै धर्मका धार्मिक कथाहरू मिथक हुन् । धर्म र मिथक एकै सिक्काका दुई पाटा हुन् । धार्मिक अनुष्ठान यज्ञ, व्रत, दान, उपासना, आरधना आदि कार्यबाट सम्पन्न हुन्छन् । धार्मिक कथाले मिथकको वर्णन गर्दछ । अझ व्यापक अर्थमा भन्ने हो भने धर्ममा देवताको अलौकिक शक्ति र चामत्कारिक गुणद्वारा वर्णित कथाले मिथकको धर्मसँग सम्बन्ध हुन्छ भन्ने प्रष्ट हुन्छ । पूर्वीय धर्म, संस्कृतिमा विष्णुका विभिन्न अवतार, कार्य र शक्तिको चर्चा गर्दै सर्वशक्तिमान् व्यक्तिका रूपमा चर्चा गरिएको छ । जसको फलस्वरूप पूर्वीय धर्म संस्कार र संस्कृतिमा मूर्तिवादको स्थापना भएको हो । धार्मिक प्रतीकहरूका रूपमा विभिन्न देवी देवताका मूर्तिको स्थापना गरिएको हो । पाश्चात्य धर्म-संस्कृतिमा पनि प्रकृति पुजन, सूर्य पुजन, अलौकिक सर्वशक्तिमान् व्यक्तित्वको रूपमा ईश्वरको चर्चा भएको छ ।

विश्वको मिथक परम्परालाई अध्ययन गर्दा मिथक र धर्म सँगसँगै आएको पाइन्छ । प्राचीन समयदेखि नै मिथकमा धार्मिक भावना मिश्रित भएर आएको हो । मिथकलाई आदिम विज्ञान, आदिम चिन्तन र धर्मका रूपमा लिन सकिन्छ । हिन्दू धर्मलाई वेद, आख्यान र पुराणबाट अलग गर्न सकिँदैन । बौद्ध धर्मले जातक कथाका माध्यमबाट मिथकीय परम्परालाई अगाडि बढाएको छ । क्रिश्चियन धर्म यहूदी धर्ममा पनि मिथकीय कथाले ईश्वर र धर्मको महिमागान गरेको छ ।

मिथकमा अलौकिक र अतिप्राकृतिक घटना एवम् ईश्वर र धर्मको मान्यता र विश्वासलाई अभिव्यक्त गरिएको हुन्छ। धर्मले आफ्नो अस्तित्वको चर्चामा मिथकीय घटनालाई प्रस्तुत गर्दै धर्म हुनुको सार व्यक्त गर्दछ । धर्मले मिथकद्वारा नै आफ्नो सृष्टि, उत्पत्ति र विकासलाई अवलम्बन गर्दछ। संसारका सबै धर्ममा मिथकीय घटना र परिवेशको वर्णन गरिएकाले धर्म र मिथक एकअर्कासँग सम्बन्धित रहेर अगाडि बढेको छ भन्न सकिन्छ। मिथक र धर्म एउटै होइनन् एक अर्काका परि पूरक मात्र हुन्। मानवीय मूल्य र संस्कृति निर्माणमा मिथकको भूमिका रहेको छ यसले मानव सभ्यताको निर्माणमा धर्मसँग जोडिएर आफ्नो स्थान सुरक्षित पारेको छ । मिथक संस्कार र संस्कृतिको समग्रतामा रहन्छ । त्यसैले मिथक र धर्म फरक विधा हुन् तर एक अर्कासँग सम्बन्धित परिपूरक छन्।

मिथक र दर्शन

मिथक संस्कृतिको विकाससँगै विकसित हुँदै अएकाले प्राचीन समयदेखि वर्तमानसम्म आइपुग्दा यसले मानव समुदायको वैचारिक आस्था, विचार र विश्वासलाई बोकेर अगाडि बढेको छ । मिथकमा समेटिएका विषयमा मानव चेतनाको अनुभूति र विस्तारित रूप पाइन्छ जसको अनुसरणबाट मानवसभ्यताको विकास भएको छ । समस्त मानव चेतनालाई प्रभावित गर्न सक्ने प्राचीन कथालाई प्रतीक, बिम्ब र रूपकद्वारा सत्य, अनुभव र विश्वास डोरिएको छ।

मिथक काल्पनिक मात्र नभएर सत्यको गहिराई पत्ता लगाउने शास्त्र भएकोले मिथक र दर्शनको सम्बन्ध रहेको छ। पौरत्स्य दर्शनमा वर्णित सृष्टि, स्थिति, प्रलय, जन्म, पुनर्जन्म, ईश्वरसम्बन्धी धारणा पाइन्छ भने पाश्चात्य दर्शनमा प्रमिथस, डायना, सोफोक्लिजजस्ता

घटनाका पात्रको वर्णन पाइन्छ । जसद्वारा चामत्कारिक कार्य गराइन्छ र त्यसलाई सामाजिक अनुकरणको आस्थाको विन्दु मानिएको छ । कुनै पनि समाज वा प्रवृत्तिमा रहेर पनि विचारको बाहक बन्नु मिथकको विशेषता हो । प्राचीन सभ्यता र मानव विकासमा दैवीकार्य, प्रकृति जगतको वर्णनको चिन्तन दर्शनमा र मिथकमा दुवैमा पाइन्छ । आदिम मिथकमा वर्णन भएजस्तै रूप, रस, गन्ध जस्ता विचारहरूको मन्थन पाइन्छ । समाज, सृष्टि र प्रकृति सम्बन्धमा आदिम मानवको मिथ प्राचीन आदिम सभ्यतामा मानवको सृष्टि, ज्ञानको विकाससँग प्रकृतिको उत्पत्ति, लय प्रलय, मानवको जन्म, मृत्यु, पुनर्जन्मसम्बन्धी धारणा मिथक र दर्शनका साझा विचार हुन् । कतिपय मिथकका कथाहरू विश्वव्यापी हुन्छन् । चाहे पूर्वीय सभ्यता, संस्कार, धर्म, रीतिरिवाजका हिन्दू, वा बौद्ध धर्म होस् या युनानी, क्रिश्चियन, यहूदी संसारको सबै मानिससँग दैवीशक्ति सम्बन्धी धारणाका कथा छन् । मिथकमा धार्मिक तत्त्व वा विचारको वर्णनमात्र नभएर प्राचीन वैज्ञानिक दर्शनको वर्णन र व्याख्या छ । यसरी मिथकलाई घटना, प्राकृतिक तत्त्व आदिका माध्यमबाट दार्शनिक, चिन्तनद्वारा पुष्टि गर्ने गरेको पाइन्छ । तर्कशक्ति र चिन्तन पद्धतिद्वारा वस्तु र विचारको वर्णन मिथकमा पाइने हुनाले मिथक र दर्शनको सम्बन्ध स्पष्ट हुन्छ । मिथकको उत्पत्ति नै दार्शनिक विचारद्वारा भएको हो भन्ने धारणा पौरत्स्य र पाश्चात्य विद्वान्हरूको रहेकाले आदिम मानवको अनुभूति कल्पना आस्था र जीवनसँग मिथक तथा दर्शन सम्बन्धित छन् ।

आदिम मिथक नै दार्शनिक विचार हो समायानुकूल परिवर्तन भइरहँदा वर्तमानसम्म आइपुग्दा नवीन दार्शनिक मान्यतामा मिथकको व्याख्या पुर्नव्याख्या भइरहेका छन् । कुनै समयमा मानव वा पुरुषका रूपमा चर्चा गरिएका, सामान्य व्यवहार अनुभूत गरिएका मानिसहरू युगान्तरमा

गएपछि महामानव, महापुरुष वा पुरुषोत्तमका रूपमा मानिन्छन् र तिनका विचार वा व्यवहारहरू दार्शनिक चिन्तन तथा मिथकका रूपमा निर्माण भएका छन् । खप्तड बाबा, राहुल सांस्कृत्यायन तथा विश्वेश्वरप्रसाद कोइरालाको चिन्तन दार्शनिक मिथकका रूपमा वर्णन भएका छन् । कसैको विचार वा दार्शनिक चिन्तन समयको परिवर्तनसँगै मिथकका रूपमा वर्णन गरिन्छन् । प्राचीन कथामा नयाँ दार्शनिक विचार शक्ति र सौन्दर्यद्वारा नै नवीन धारणाको निर्माण हुने भएकाले मिथक सौन्दर्यद्वारा नै नवीन धारणाको निर्माण हुने भएकोले मिथकमा दर्शनको प्रत्यक्ष सम्बन्ध रहेको छ तर मिथक नै दर्शन वा दर्शन नै मिथक चाहिँ हो भन्न सकिन्न ।

मिथक र इतिहास

मिथकलाई पुरानो वा इतिहास मान्न सकिन्छ । मिथक पुराकथा, आद्यकथा भएकाले इतिहाससँग नजिक रहेको हुन्छ । मिथकमा अतीत जोडिएको हुन्छ । मानव, सभ्यता, परम्परा र संस्कृतिको जड र प्राचीन रूप नै मिथक भएकाले मानव सभ्यताको इतिहास मानिन्छ । मिथकले जीवनको भोगाई र अनुभवलाई कथाका माध्यमबाट प्रस्तुत गर्ने भएकोले मानव सभ्यताको इतिहास मिथकमा पाइन्छ । मिथकमा राजा, महाराजा, शासक वंशका घटना जोडिएर, देवता र दानवको जीवनचर्चाको चर्चा जोडिर ऐतिहासिक घटना र तथ्य पाइन्छ । मिथकमा देवताका विभिन्न रूप तिनका विचार र व्यवहार अनुसरण गर्ने व्यक्तित्व तिनले देखाएका वैचारिक मार्ग, मानवीय मूल्य र चेतनाको प्रकटीकरण गरिन्छ । आदर्श, कल्याण र मानवताका पक्षलाई नैतिक वा नीतिकथाका माध्यमबाट अभिव्यक्त गर्नु नै मिथकीय विषयवस्तु भएकाले मिथकमा अभिव्यक्त भएका त्यस्ता सार्वभौमिकता, सत्य, तथ्य नै मानव सभ्यताको इतिहास हो भन्न सकिन्छ । इतिहासमा घटेका घटनालाई आख्यानका माध्यमबाट निरन्तरता दिने कार्य नै मिथकले गर्ने हुनाले इतिहास र मिथक एक

अर्कासँग सम्बन्धित छन् भन्न सकिन्छ । मिथकमा आदिम सत्यको उद्घाटन हुने भएकोले प्राचीन कला, संस्कृति, धर्म, संस्कारजन्य कुराको इतिहास मान्न सकिन्छ । मिथक प्राचीन जातिको अनुभव, आस्था, विश्वास, अनुभूतिको कहानी हो । वर्तमान समयमा भनिने पूजा गरिने देवताहरू प्राचीन समयका मानिसका रूपमा रहेका र तिनले मानवले जस्तै कार्यको साथसाथै चामत्कारिक कार्य गरेका प्रसङ्ग धर्मशास्त्रका ऐतिहासिक घटनामा वर्णित छ । मिथक मूलतः प्राचीन परम्पराको सङ्ग्रह हो । मिथकमा प्राचीन यथार्थको गम्भिर र कलात्मक अभिव्यक्ति हुने भएकाले मिथकमा व्यापक इतिहासको स्वरूप पाइन्छ । मिथकमा घटनाहरूको यथार्थ वा तथ्यभन्दा पनि सामाजिक सांस्कृतिक पक्षसँग जोडिएर युगीन परिवेश र सत्यतालाई प्रकट गरिएको हुन्छ । सभ्यताको विकासक्रम सँगसँगै युग अनुसारको जाति मनोविज्ञान, प्रवृत्ति र सामाजिक अवस्थाको परिवर्तन हुन्छ । विभिन्न क्रान्ति, घटना र सङ्घर्षबाट समाजको रूप बदलिन्छ जसको चित्रण मिथकले आख्यानमार्फत् गरेको हुन्छ । त्यसैले मिथकमा इतिहासका विभिन्न कालखण्ड समेटिएको हुन्छ, सत्य र शाश्वत पक्षको अभिव्यक्त भएको हुन्छ । इतिहास लेखन वा रचनामा मिथकले महत्त्वपूर्ण योगदान दिन्छ । यसैगरी कालान्तरमा इतिहास पनि मिथकमा रूपान्तरित हुन्छ । मिथकमा कल्पना, सत्य र इतिहासको सम्मिश्रण पाइन्छ ।

मिथक र भाषा

भाषाको मूल मिथक नै मानिन्छ । मिथक भाषाको माध्यमबाट प्रकट हुन्छ । सृष्टि, प्रकृति जगत वरिपरि रहेको आदिममानवले आफ्ना अनुभूति र आस्थालाई अभिव्यक्त गर्न भाषाको आवश्यकता भयो । विभिन्न भाषाको उद्भव र विकासका प्रक्रियामा मिथकको सहकार्य भएकाले मिथक र भाषाको सम्बन्ध देखिन्छ । आदिम मानवको विचार

र अनुभूतिको विनिमय भाषाकै माध्यमबाट हुन्छ । मिथक भाषाकै कारण प्रक्रियाबाट प्रष्ट हुन्छ । भाषा र मिथकमा विद्यमान कतिपय तत्त्वहरूले यी दुईको निकटता देखाउँछ । मिथकको निर्माणको प्रक्रियालाई भाषाकै विकास एवम् मानव संस्कृतिको क्रमिक शृङ्खलामा पर्दछ । प्राचीन सभ्यतासँगै भाषाको निर्माण र त्यसको विनिमयसँगै मिथकको निर्माण भएकोले भाषाको रूपान्तरणद्वारा नै वर्तमान समयसम्म आइपुग्दा मिथकको नवीन प्रयोग व्याख्या र कथाको जन्म भएको हो । प्राचीन मानवजीवन र सृष्टि, विकास र परिवर्तनको प्रक्रियालाई भाषाकै माध्यमबाट अभिव्यक्त गरिएकाले मिथकको जन्म भएको हो । मिथकलाई चिनाउनका लागि भाषाको आवश्यकता रहेको र भाषाको विकासमा मिथकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले भाषा र मिथकको प्रत्यक्ष सम्बन्ध देखिन्छ । भाषाको संरचना, उत्पत्ति, विकास र परिवर्तनका क्रममा मिथकको अर्थ जोडिएर आएको छ । भाषाको विस्तारमा मिथकको भूमिका देखिन्छ । वंशावली तथा किंवदन्तीमा मिथकीय तत्त्व पाइन्छ । प्राचीन समयका शिलालेख, भोजपत्र, ताम्रपत्र आदिको अध्ययन गर्दा मिथकीय तत्त्व पाइएको हुनाले भाषा र मिथकको सहसम्बन्ध रहेको छ भन्न सकिन्छ । त्यसैले मिथकको अध्ययन गर्दा भाषाको संरचना बुझ्न जरुरी छ । भाषाको माध्यमबाट मिथकीय घटनाको वर्णनसँगै भाषाको उद्भव विकास र विस्तारको क्रमबद्धता पाइने हुनाले मिथकका माध्यमबाट भाषाको युगीन अवस्थाको जानकारी पाइन्छ । भाषाको उत्पत्तिमा मिथकको सन्दर्भ र प्रसङ्ग तथा कार्यकारण सम्बन्ध रहेकोले भाषा र मिथकको प्रत्यक्ष सम्बन्ध छ । मिथकको घटनावस्तुबाटै भाषाका आदिम स्वरूपको अवस्था थाहा हुने र भाषाको माध्यमबाट मिथकको चित्रण भएकाले भाषासँग मिथकीय सम्बन्ध छ ।

मिथक र मनोविज्ञान

मिथक आदिम मानवका मानसिक बिम्ब स्वप्न र चेतनामा अभिव्यक्त हुने भएकोले मनोविज्ञान र मिथकको सम्बन्ध देखिन्छ । मनोविज्ञहरूले मिथकलाई आद्यबिम्बसँग जोडेर प्रस्तुत गरेका छन् । प्रसिद्ध मनोवैज्ञानिक सिग्मण्ड फ्रायडले मिथकलाई अचेतनका ईच्छा तथा अनुभूतिसँग जोडेका छन् । उनले स्वप्न सिद्धान्तमा दविएर रहेका ईच्छाहरू सपनामा प्रतीकात्मक भएर अभिव्यक्त भए जस्तै मानव मनमा दबिएका, मानव जातिमा लुकेर रहेका कुराहरू मिथकका माध्यमबाट उद्घाटित हुन्छ भनेका छन् । कार्ल गुस्ताभ युङले मिथकलाई अचेतनसँग जोडेका छन् । उनैले मानव जातिको सामूहिक अवचेतन वा अचेतनमा रहेका ईच्छा आकाङ्क्षा तथा भावनाको अभिव्यक्तिलाई मिथक मानेका छन् ।

मिथक कुनै भौगोलिक परिवेशमा बसोबास गर्ने जाति, तिनका संस्कार वा संस्कृति र चेतनालाई चिनाउने महत्त्वपूर्ण साधन हो । मिथकमा समग्र मानवको अनुभव रहेकाले त्यसले मानव जीवनका विभिन्न पक्षसँग सम्बन्ध राख्दछ । मानव सभ्यताको विकाससँगै मानव मनोविज्ञानमा आएको परिवर्तन त्यसले पारेको सामाजिक प्रभावलाई तुलना गर्न सकिन्छ । विभिन्न समयमा भएका युद्ध, प्राकृतिक विनाश र त्यसले पारेको मानसिक प्रभावअनुसारको मनोविज्ञानको चित्रण मिथकका आख्यानमा पाइन्छन् । त्यसैले मिथकलाई मानव सभ्यताको इतिहाससँगसँगै मानव चेतनाको दस्तावेज, मानव ज्ञानको प्रतिकात्मक रूप भन्न सकिन्छ । विभिन्न समयका शासक तिनका शासनकला, घटना, दुर्घटनामा मानव मनोविज्ञानकै भूमिका रहेकाले मिथकमा मनोविज्ञानको चित्रण रहेको हुन्छ । मिथक मनोविज्ञानसँग निकट भएर रचना हुन्छ भने मनोविज्ञानका विभिन्न रूप स्वरूपको प्रकटीकरण मिथकमा पाइन्छ । त्यसैले प्राचीन मानव सभ्यताको मानवीय चेतन अचेतन प्रतिबिम्बका रूपमा मिथक र मनोविज्ञानको सम्बन्ध रहेको छ ।

मानवशास्त्रीहरूले मिथकमा आदिम मानवका स्वप्न अभिव्यक्तिहरू पाइने सङ्केत गरेपछि मनोवैज्ञानिकहरू मनस्तात्विक दृष्टिले यसलाई अध्ययन गर्न अग्रसर भएका हुन् । प्रसिद्ध मनोवैज्ञानिक सिग्मण्ड फ्रायडले मिथकलाई अचेतनका ईच्छाहरूसँग सम्बन्ध गरेका छन् । फ्रायडीयन स्कूलले मिथकलाई इच्छापूर्तिको साधनका रूपमा व्याख्या गर्दछ (ब्रीजवाटर र शेरउड, सन् १९६५, पृ.१३५०) । फ्रायडले स्वप्न सिद्धान्त अघि सार्दै स्वप्नको विस्तार सत्यलाई निर्धारण गर्नका लागि त्यसको विश्लेषण गर्नु पर्दछ भन्दछन् (फ्रायड, सन् २००२, पृ.१३८) । जसरी मनमा दबिएर रहेका ईच्छाहरू सपनामा प्रतीकात्मक रूपमा अभिव्यक्त हुन्छन् । सम्पूर्ण मानव जातिका कुण्ठा र ईच्छाहरूको अभिव्यक्त मिथकका माध्यमबाट हुन्छ भन्ने उनको दृष्टिकोण रहेको छ । अर्का प्रसिद्ध मनोवैज्ञानिक कार्ल गुस्ताभ युङ्गले मिथकलाई अचेतनसँग सम्बद्ध गरेर हेरेका छन् । उनले मानव जातिको सामूहिक अचेतनमा रहेको आकाङ्क्षा र भावनाहरूको अभिव्यक्तिका रूपमा मिथकलाई अर्थ्याएका छन् । सामूहिक अचेतनलाई मिथकको सामाजिक भूमिकाका रूपमा लिन सकिन्छ । युङ्गले मिथकलाई व्यक्ति र समाजलाई संगठित गर्ने माध्यमका रूपमा स्वीकृति दिएका छन् र यस मान्यतालाई जर्जह्वेले पनि व्यक्ति र समाजको भावनालाई एकाकार गर्ने अनिवार्य सूत्र मानेका छन् (गौतम, सन् १९९७, पृ.३०)।

कुनै पनि जाति,संस्कृति वा राष्ट्रको चेतनालाई बोध गर्नका लागि मिथक महत्त्वपूर्ण साधन बन्न सक्छ । त्यसैले मिथक समग्र मानवको अनुभवको सङ्ग्रहका रूपमा रहेको छ । युङ्गका यिनै व्याख्याबाट मिथक कपोकल्पना नभएर मनोवैज्ञानिक सत्यका रूपमा स्थापित भयो । त्यसैले मिथकलाई मानव-ज्ञानको प्रतीकात्मक सङ्ग्रह भनिन्छ । फ्रायडले मिथकलाई मनोवैज्ञानिक आलोकबाट वस्तुगत ढङ्गले व्याख्या गर्ने परम्पराको थालनी गरे भने युङ्गले यसलाई अझ व्यापक र विश्वसनीय बनाउने कार्य गरे ।

मिथक र स्वैरकल्पना

मिथकमा प्रस्तुत घटनाहरू वास्तविक सत्य वा तथ्यसँग निकट रहेर पनि कल्पनाको प्रयोग गरिएको हुन्छ । मानवलाई नै जादूमय वा चामत्कारिक बनाउन मिथकमा कल्पना र स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । मिथकले प्राचीन मानव, सृष्टि र विकासक्रममा देखिएका प्राकृतिक, अतिप्राकृतिक, यथार्थ वा अतियथार्थलाई आख्यानमार्फत् प्रस्तुत गर्दछ । देव, देवी, दानव वा राक्षसका स्वरूप र घटनालाई प्रस्तुत गर्न काल्पनिकताका साथै स्वैरकल्पनाको प्रयोग गर्दछन् । देवीदेवताका चामत्कारिक घटनालाई आस्थावान् र विश्वासिलो बनाउन यथार्थभन्दा भिन्न स्वैरकल्पनाको माध्यमबाट प्रस्तुत गरिन्छ । पुराणहरूमा वर्णित देवदानव युद्ध, विभिन्न अवतार र कार्यलाई घनिभूत बनाउन उनीहरूका कार्यलाई चामत्कारिक, जादूमय बनाइएको हुन्छ । मानवका विशाल स्वरूप, सूक्ष्म स्वरूप, युद्ध सीप, कलाकौशल तथा हतियारको प्रयोगलाई मिथकीय चित्रण बनाई प्रस्तुत गर्दा स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । त्यसैले मिथकमा स्वैरकल्पनाको प्रयोग पाइन्छ । मिथकका कतिपय घटनाहरू आस्था वा अन्धविश्वासमा आधारित रहने हुनाले पुरातन विचार आस्था, डर, त्रास, भयजन्य परिवेशको पुष्टि गर्न त्यस्तो काल्पनिक प्रयोग भएको हुन्छ । अति मानवीय घटनालाई सत्य बनाउन वा वैचारिक चिन्तनलाई पुष्टि गर्न यस्ता काल्पनिक पक्षको परिवेशको निर्माण गरिएको हुन्छ । जसको माध्यमबाट मिथकले सार्वभौम मान्यता पाउँछ । देवताका चमत्कारजन्य घटना, दानवका स्वरूप, रूप बदल्ने कला, अपत्यारिलो परिवेश, युद्ध, घटना आदिमा वर्णनीय स्वैरकल्पना पाइन्छ । लोकसंस्कृतिमा पाइने आस्थाजन्य धार्मिक परम्परागत मूल्य र मान्यतालाई जीवित राख्न पनि मिथकीय कथामा स्वैरकाल्पनिक आख्यान र परिवेश पाइन्छ त्यसैले मिथक र स्वैरकल्पनामा सहसम्बन्ध पाइन्छ ।

मिथक र नैतिक आचरण

प्राचीन समाजको धर्म, विधि नैतिकता र सामाजिक प्रचलनका विविध विषयवस्तु मिथकीय आधारमा तय भएकाले मिथक र नैतिक आचरणको सम्बन्ध स्पष्ट देखिन्छ । मिथकीय कथा वा आख्यानमा वर्णित असल नैतिक आचरणले प्राप्त सुखानुभूति आनन्द र सहायतता तथा खराब नैतिकहीन कार्यका कारण पाएको दुखादीको वर्णन गरिएको हुन्छ । मिथकका माध्यमबाट आदर्श समाज निर्माणमा उदाहरणको कार्य हुने भएकोले देवीदेवताका असलकार्यलाई अनुसरण गर्दा धर्मजन्य कार्य हुने भन्दै खराब कर्मले पाप वा मृत्युपछिको भयजन्य परिवेशको चर्चा गरिन्छ । सामाजिक परिपाटी संस्कार र मान्यतालाई निरन्तर अगाडि बढाउन पनि मिथकले पथप्रदर्शन कार्य गर्ने भएकाले मिथक र नैतिक व्यवहारको आपसमा सम्बन्ध रहेको छ । मिथकद्वारा निर्देशित कर्म असल र त्यसले सुखानुभूति प्राप्त हुने कथनद्वारा नैतिक व्यवहार तथा आचरण निर्धारण भएका हुन्छन् । असल नैतिक आचरण भएका मानवहरूको वर्णन राजा महाराजाका कथा आख्यानद्वारा असल सभ्यसमाज निर्माणका लागि मिथकले असल भूमिका निर्माण गर्ने भएकाले मिथक नैतिक आचरणसँग सम्बन्धित छ । पूर्वीय तथा पाश्चात्य मिथोलोजीमा देवीदेवता र राक्षसका कार्य र तिनद्वारा उत्पन्न सामाजिक परिवेशको चर्चा गरिएको छ । देवतालाई आदर्श मानेर असल कार्यका लागि उत्प्रेरित गर्ने काम मिथकीय घटनाले गर्दछ भने नैतिक आचरणद्वारा नै देवता र दानवको स्वरूप निर्धारण गरिने प्रक्रिया समाज विकासमा रहेकाले मिथकद्वारा निर्देशित असल कार्यको सम्बन्धद्वारा नैतिक आचरण बन्दछ । त्यसैले मिथक र नैतिक आचरणको सहसम्बन्ध छ ।

मिथक र मानवशास्त्र

मिथकमा आदिम मानवको ज्ञान र अनुभव रहेको हुन्छ। मानवशास्त्रीहरू मिथकको महत्त्वलाई बुझ्नका लागि त्यसको गहिराइमै पुग्नुपर्ने धारणा राख्दछन्। मिथक र मानव समाजशास्त्रको निकट सम्बन्ध छ। प्रायः सबै मानवशास्त्रीहरू प्रकृतिलाई मिथकको मूल मान्दछन्। उनीहरूका विचारमा आदिम मानवमा प्रकृतिप्रति जिज्ञासाभाव रहेको थियो। प्रकृतिको सहचार्यमा उसले त्यसका तत्त्वहरूलाई भय, त्रास, प्रेम, आनन्द क्रोध आदि मनोभावका रूपमा र त्यसका घटनाहरूलाई जन्म, मृत्यु, सङ्घर्ष आदि मनोभावनाका रूपमा र त्यसका घटनाहरूलाई जन्म, मृत्यु, सङ्घर्ष अदिका रूपमा हेऱ्यो। प्रसिद्ध मानवशास्त्रीय इ.वी. टेलरले मिथकलाई लिएर सर्वात्मवादी सिद्धान्तको स्थापना गरेका छन्। मान्छेको भित्री तहमा आत्मा भएजस्तै आकाश, पृथ्वी, पत्थर, वृक्ष, तारा आदि सबैमा आत्माको बास हुन्छ भन्ने धारणा आदिम मानवको थियो। उसले प्रकृतिमा रहेका सबै तत्त्वहरूलाई आफू जस्तै बोली, इच्छा र विचारको शक्तिले भरिएको सम्झन्थ्यो अर्थात् उसका लागि प्रकृति जगतमा रहेका सबै वस्तुहरू जीवित तत्त्व थिए यसलाई सर्वात्मवाद भनिन्छ। सांस्कृतिक मानवशास्त्रीहरू मानव र प्रकृतिका बीचमा रहेका समानता, विरोध, पुरकता आदि सम्बन्धमा नै मिथक निर्माणको सूत्र पाइने बताउँछन्। प्रसिद्ध मानवशास्त्री मार्सिया इलियडले संसारमा कुनै चिज कसरी आरम्भ र अन्त्य भयो भन्ने विषय मिथकमा रहन्छ भन्ने धारणा राखेका छन्। धर्म र संस्कृतिसँग सम्बन्ध भएर आउने भएकाले मिथक पवित्र हुन्न भन्ने दृष्टिकोण उनको छ। मिथकमा विविधताले भरिएका जटिल अनुभवहरू सङ्ग्रहित हुन्छन् जसमा मानव सभ्यता र संस्कृतिको जन्म भएको हुन्छ। त्यसैले जगदीशचन्द्र श्रीवास्तव लेख्छन्-'मिथक कुनै पनि संस्कृतिलाई बुझ्न र पहिचान गर्नका लागि निकै उपयोगी हुन सक्छ किनकी यिनमा ज्ञानेन्द्रियको जटिल र वैविध्यपूर्ण आद्य अनुभवपुञ्ज निहित हुन्छ- ती अनुभवपुञ्ज, जसबाट सभ्यता, संस्कृति,विज्ञान,धर्म

र दर्शनको उदय भएको हो । (श्रीवास्तव, सन् १९८५, पृ.११) अतः मिथकमा मानव अनुभवलाई समग्रतामा प्रस्तुत गर्ने प्रयास भएको हुन्छ ।

मिथक र लोकसंस्कृति

संस्कृति समाजमै प्रचलित हुन्छ । मिथकमा सामाजिक रितिस्थिति, परम्पराको वर्णन पाइन्छ त्यसैले मिथकमा वर्णित भिन्न परिवेशका कार्यहरू लोकसंस्कार हुन् । मिथक र समाजको आस्था तथा विश्वासका प्रचलित व्यवहारले लोकसंस्कृतिको निर्माण गर्दछ । भौगोलिक वा जातीय परिवेशअनुसारका देवीदेवताका प्रार्थना अनुष्ठान तथा कार्यहरू प्राचीनकालदेखि निरन्तर चलिआएका छन् । प्राचीन समाजको धर्म, विधि, नैतिकता र सामाजिक प्रचलनका बारेमा मिथकले वर्णन गर्दछ । मिथकले सामाजिक विश्वास, क्रिया, अनुष्ठान र नैतिकआचरणलाई निरन्तरता दिने कार्य गर्दछ जसले गर्दा लोकसंस्कार तथा लोकसंस्कृतिको निर्माण हुन्छ । मिथकीय वृत्त, सांस्कृतिक मान्यतालाई मिथकले व्यवस्थित गरी अगाडि बढाउँछ । मिथकमा सांस्कृतिक सत्यतथ्यको उद्घाटन गरिएको हुन्छ । जसको वर्णनमा लोकसाहित्यको निर्माण हुन्छ । लोकसाहित्य परम्परित रहने हुनाले प्राचीन तथ्यको वर्णन मिथकमा पाइन्छ । मिथकमा सांस्कृतिक सत्य उद्घाटित हुन्छ । त्यो सत्यलाई लोकसाहित्यले लेख्य बनाउँछ र लोकपरम्परा अगाडि बढ्छ । मिथकका माध्यमबाट संस्कृतिअन्तर्गतको सामाजिक अवस्थाहरूको खोजी गर्न सकिन्छ त्यसैले साहित्यमा मिथक अतीत र वर्तमानको सामाजिक पक्षलाई उद्भाषित हुन्छ । समयको परिवेशसँगै सामाजिक आर्थिक अवस्थामा पनि परिवर्तन घटित हुन्छ । लोकसमाजमा घटेका ऐतिहासिक विकास प्रक्रियालाई कथ्य रूपमा ग्रहण गर्दै लोकपरम्परालाई अगाडि बढाउने कार्य मिथकका माध्यमबाट हुने भएकाले मिथक र लोकसंस्कृति तथा लोकसाहित्यको भूमिका रहेको

छ । मिथकमा कुनै निश्चित परिवेशमा घटेका घटना, जीवनको भोगाई अनुभूति, आस्था र विश्वासलाई समेटिएको हुन्छ जुन लोकपरम्परा बन्छ, लोकसंस्कृति बन्छ त्यसैले सामाजिक विकासमा मिथक र लोकसंस्कृतिको परिपूरक सम्बन्ध रहन्छ ।

मिथक र लोकसाहित्य

मिथक र लोकसाहित्य दुवैको प्रारम्भ लोककल्पनाबाट भएको हो । केही सत्यतथ्यको कथात्मक प्रस्तुति मिथक र लोकसाहित्यमा दुवैमा रहन्छ । जसरी मिथक आदिम मानवको अभिव्यक्ति हो । लोकसाहित्यमा परम्परागत रूपमा रहेका प्राचीन दर्शनका आश्चर्य, चमत्कार, जादू आदिका बारेमा मिथकीय आख्यान बनेका हुन्छन् । वैदिक, पौराणिक आधारभूमिमा मिथक र लोकसाहित्य बन्दछन् भने लेख्य तथा श्रुति परम्परागत रूपमा चलिरहन्छन् । लोककथा, लोकगाथा, लोककाव्य वा कुनै पनि लोकसाहित्यको मूल तत्त्व नै मिथक हो । मिथकको सत्य लोकसँग सम्बन्धित हुन्छ ।

मिथक र प्रतीक/ बिम्ब

मिथक प्रतीकात्मक हुन्छ । मिथकमा विभिन्न प्रतीकको प्रयोग गरिएको हुन्छ । मिथक र प्रतीकको सम्बन्धद्वारा मिथकीय कथावस्तु वा कथानकको आधार बन्दछ । मिथकमा कुनै सूक्ष्म भाव वा विचारलाई अभिव्यक्त गर्न प्रतीकको प्रयोग गरिन्छ । मिथकलाई स्पष्ट पार्नका लागि प्रतीकको प्रयोग गरिन्छ । प्रतीक र मिथक मिलेर नै यथार्थ वा सत्यको उद्घाटन गर्दछन् । अगस्ति, दुर्वासा जस्ता प्रतीकद्वारा मिथकीय पात्र र प्रवृत्ति दुवैलाई प्रस्ट्याउन सकिने हुनाले प्रतीक मिथकको शक्ति हो ।

मिथक बिम्बको माध्यमबाट पनि व्यक्त भएको हुन्छ । शब्दचित्रको माध्यमबाट सूक्ष्म ता गम्भिर भाव बिम्बमा पाइन्छ । बिम्ब प्रतीकभन्दा

बढी प्रभावशाली हुन्छ । बिम्ब भाव चित्र हो । मिथक आदिम मानवको तीव्र अनुभूतिको रूपलाई अतिप्राकृतिक तथा अलौकिक दैवीरचनाको लौकिक सन्दर्भमा बनेको मानसिक बिम्ब हो । मिथक आफैं एक विशिष्ट बिम्ब हो ।

साहित्यमा मिथकको प्रयोग

मिथक र साहित्यको सम्बन्ध एकअर्कामा सम्बन्धित छन् । साहित्यमा मिथकलाई अभिव्यक्त गर्न सकिन्छ । मिथकीय घटनावस्तुलाई प्रस्तुत गर्न सकिन्छ । मिथक साहित्यको पर्यायका रूपमा मानिन्छ । रिचर्ड चेजले मिथक नै साहित्य हो भनेका छन्। उनका अनुसार साहित्यका शुद्ध रूप मिथकात्मक हुन्छ। वैदिक साहित्य यसको ज्वलन्त उदाहरण हो। पाश्चात्य साहित्यमा होमरद्वारा रचित **ओडिसी र इलियड**, दाँतेको **डिभाइन कमेडी**, मिल्टनको **प्याराडाइज लस्ट**, शेलेको **प्रोमिथस** सबै मिथक हुन, मिथक साहित्य हुन्। पूर्वीय साहित्यमा व्यासद्वारा रचित **महाभारत**, वाल्मिकीकृत **रामायण**, कालीदासको **कुमारसम्भव** आदि मिथक साहित्य नै हुन् ।

मिथकलाई आधार बनाएर लेखिएका साहित्य कालजयी हुन्छन् । पूर्व र पश्चिम दुवैतर्फका साहित्यमा मिथकलाई स्रोत बनाएर रचना गरिएका छन् । पूर्वमा होस् या पश्चिममा साहित्यलाई सुन्दर प्रभावशाली र कलात्मक बनाउन मिथकलाई विषय बनाइन्छ । भाषा प्रयोगका दृष्टिले मिथक र साहित्य नजिक मानिन्छन् त्यसैले मिथक र साहित्यमा अभेद्य सम्बन्ध छन् । मिथक र साहित्यमा वस्तु र भावको प्रकटीकरण हुन्छ । सत्य र कल्पनाको माध्यमबाट दुवैले प्रकृतिको अनुकरण गर्दछन् । पांश्चात्य साहित्यमा मिल्टन, रोली, किट्स, इलियट र नेपाली साहित्यमा सोमनाथ सिग्द्याल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, कमलमणि दीक्षित, राजेश्वर देवकोटा,

बालकृष्ण सम, भवानी भिक्षु आदिका रचनामा मिथकीय कथानक पाइन्छ ।

मिथकको प्रयोगले आधुनिक साहित्यमा नवीन शिल्प थपेको छ । मिथकीय संस्कृतिलाई आत्मसात् गर्दै सार्वभौम सत्यलाई प्रकट गर्ने परम्पराले साहित्यमा मिथक अझै महत्त्वपूर्ण बन्दै गएको छ । साहित्यमा मिथकको प्रयोग जस्ताको तस्तै नभए पुनःव्याख्या र नवीनशैलीद्वारा युगीनसन्दर्भ र परिवेशको चयन गर्दै साहित्यिक अर्थ र प्रभावलाई सशक्त पार्ने काम भएको छ । वास्तवमै मिथक साहित्य र कलाको विश्लेषणमा महत्त्वपूर्ण बनेको छ । साहित्यमा मिथकको प्रयोग एक विशिष्ट कलाका रूपमा आएकाले यो एक प्रकारको प्राचीन ज्ञान, चिन्तन र जीवनकै मार्गदर्शक बन्दै आइरहेको छ ।

साहित्यमा कला मानिए जस्तै मिथकलाई कलाको सृष्टि वा आरम्भ विन्दु मान्न सकिन्छ । सिर्जनामा प्रयोग भएको चित्रात्मक भाषा बिम्ब प्रतीक मिथककै स्वरूप हुन् जसले साहित्यमा वस्तु सत्य र भाव सत्यलाई प्रष्ट्याउँछ । साहित्यलाई प्रकृति र मानव जीवनजगत्को अनुकरणका रूपमा लिइन्छ भने मिथक आदिम मानवसृष्टि र सभ्यतासँगै प्रकृतिको मानवीकरणका रूपमा बुझ्न सकिन्छ । मिथक र साहित्यमा तत्त्वगत तथा रूपगत समानता रहेकाले मिथकीय साहित्य वर्तमान समय र अवस्थामा अझै महत्त्वपूर्ण बन्दै आएको छ । मिथकीय साहित्यमा प्रस्तुत गरिएका विषय, पात्र र परिवेशले मानव सभ्यताको विकासको इतिहासको बिम्ब प्रस्तुत गर्दछ त्यसैले साहित्यमा मिथकको प्रयोगद्वारा पूर्वजहरूका जीवनशैलीका साथै सामाजिक संरचना, रीतिस्थिति परम्परा, चालचलन, संस्कार, धर्म, संस्कृति र भाषाका बारेमा स्पष्ट ज्ञान प्रष्ट गर्न सकिन्छ । यति धेरै कुरा हुँदाहुँदै पनि साहित्य र मिथक दुई छुट्टै विषय हुन् । मिथक नै साहित्य वा साहित्य नै मिथक चाहिँ होइन । यी

दुई एक अर्काका पर्याय हुन्, आधारभूमि हुन् । यो चाहिँ भन्न सकिन्छ कि दुवैको उत्पत्ति, आरम्भ वा प्रारम्भ प्राकृतिक स्रोत हो । मिथकमा भएका भावात्मक, काल्पनिक, प्रतीकात्मक, चित्रात्मक, बिम्बात्मक तथा रहस्यहरू साहित्यका निकटवर्ती आधारशीला हुन् जसको पृष्ठभूमिमा टेकेर अब्बल साहित्य रचना गर्न सकिन्छ ।

साहित्यमा मिथकको प्रयोगद्वारा युगीनसन्दर्भ र परिवेशको नवीन अर्थ खोज्न सकिन्छ । युग र परिस्थितिगत सोच वा चिन्तनको नवीन अर्थ खोज्दै प्राचीन मानवीय शक्ति ज्ञानलाई व्याख्या गर्न सकिन्छ जसको माध्यमबाट सामाजिक रूपान्तरणको जग निर्माण हुन्छ । मिथकीय सन्दर्भलाई युगानुकूल बनाउन वर्तमान परिवेशसँग सामञ्जस्य राखिन्छ, त्यसैले साहित्यमा मिथक सोझो रूपमा नआई पात्र र परिवेशका माध्यमबाट प्रस्तुत भएका हुन्छन् । परम्परागत मान्यतालाई नवीन युगीन परिवेशमा ढाल्नु नै साहित्यमा मिथकले आफ्नो स्थान निर्धारण गर्नु हो ।

मिथकीय चेतनामा घटनाले विचारलाई सँगसँगै बोक्दछ । मिथकीय घटनाका सारभूत तत्त्वलाई कथानकीय ढाँचामा बुनेर साहित्यमा रचनाकारले आफ्ना विचार अभिव्यक्त गर्दछन् । कतै आफैं उभिएर वा कतै तत्प्रकारका पात्रलाई उभ्याएर संवाद वा एकालापका माध्यमबाट मिथकीय परिवेशको निर्माण गरिन्छ जसले समयअनुसारका प्रासङ्गिक घटनालाई बताउँछ । कुनै सर्जक वा रचनाकारले साहित्य सिर्जनामा आधुनिक चेतना र सन्दर्भलाई जोडेर मिथकको प्रयोग गर्दा त्यस्ता साहित्य उत्कृष्ट बन्न पुग्दछन् । मूल वा प्राचीन मिथकलाई जस्ताको तस्तै पनि प्रयोग भएका साहित्यहरू पाइन्छन् तर मूल वा प्राचीन मिथकीय आख्यानलाई समय र सन्दर्भअनुसार परिवर्तन गरेर सत्यपनको उद्घाटन र विश्वासयोग्य बनाउन सकिन्छ । कतिपय पूर्वीय वा पाश्चात्य साहित्यका रचनाहरूमा यी गुण पाइन्छन् । मिथकको घटना र

पात्रलाई आधार मान्दै त्यसका माध्यमबाट समकालीन विषय र परिवेश, जीवनदृष्टि तथा नवीन सन्देश दिनका लागि रचना गरिएका साहित्यहरू स्थापित भएका छन् ।

साहित्यमा मिथकलाई जस्ताको तस्तै प्रयोग गर्दा त्यो पुराण अथवा लोककथामा जस्तो हुने हुनाले मिथकको प्रयोग जस्ताको तस्तै नगरी युगीन सत्य र वर्तमान प्रसङ्गसँग समिश्रण गर्नु उपयुक्त हुन्छ । मिथकीय विषयवस्तु भएका प्रायः कृतिहरूमा मिथकको प्रसङ्गद्वारा युगीनसन्दर्भलाई वर्तमान परिवेशमा ढालेर, मानव जीवनको सोच, प्रवृत्ति, दृष्टिकोण चिन्तन र त्यसले पारेको प्रभावलाई प्रस्तुत गरिएको हुन्छ । वर्तमान समयमा साहित्यमा मिथकको प्रयोग गर्दा युगीनसन्दर्भ र परिवेशको निर्माण गर्दै आधुनिक पात्र चयन गरी नयाँ अर्थ प्रदान गर्ने उद्देश्य राखिएको हुन्छ । अझ सत्य र तथ्यको स्थापना गर्न कतिपय साहित्यकै कृतिमा मिथकका प्रसङ्ग, अंश वा संवादको प्रयोग गर्दै मर्मस्पर्शी बनाइएको हुन्छ भने कतै कुनै कृतिमा प्राचीन मिथकको ठिक विपरित प्रसङ्गलाई स्पष्ट पार्न त्यस्ता अंशहरू राख्ने गरिन्छ ।

यसरी साहित्यमा मिथकको प्रयोगको अवधारणा निकै अगाडि बढिसकेको छ । प्राचीन कला, संस्कृति, संस्कार र धर्मका माध्यमबाट वस्तुगत तथ्यलाई चित्रण गरी वर्तमान युग र परिवेशका घटनासँग तादम्य राख्न साहित्य सफल भएको छ । मिथकीय सन्दर्भको प्रयोगबाट साहित्यले विशिष्टता प्राप्त गरेको छ ।

साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ । कुनै पनि साहित्यिक कृतिमा मिथकीय सन्दर्भ र परम्पराको चित्रणको आंशिक प्रभाव रहन्छ जसका माध्यमबाट कृतिले ओगटेको परिवेशको संस्कार, संस्कृति सामूहिक भाव विश्वासका ज्ञान पाउन

सकिन्छ। पूर्वीय तथा पाश्चात्य साहित्यमा मिथकको प्रचुर प्रयोग भएको छ। साहित्यलाई सुन्दर र प्रभावशाली बनाउन, साहित्यलाई सार्वभौम र सार्वकालीक बनाउन, वर्तमान समयमा मिथकको प्रयोग गर्ने प्रवृत्ति झन्झन् बढेको छ।

मूलतः सिर्जनात्मक लेखनलाई साहित्य भनिन्छ। साहित्य सिर्जनामा सर्जकले सामाजिक, यथार्थ, कल्पना तथा स्वैरकल्पनाको प्रयोग गर्दछ। साहित्यअन्तर्गत विभिन्न विधागत रचनाहरू पर्दछन्। कविता, कथा, उपन्यास, नाटक र निबन्ध साहित्यका सिर्जनागत भेद हुन्।

नेपाली साहित्यमा पनि विभिन्न विधागत साहित्य सिर्जना भएका छन्। नेपाली साहित्यको विकासक्रमलाई अध्ययन गर्दा प्राथमिक, माध्यमिक र आधुनिक कालमा विभाजन गरिएको पाइन्छ। साहित्य सिर्जनाका कालगत विभाजनसँगै तत्कालीन समयमा रचनाका विषयवस्तुममा पनि विविधता पाइन्छ। वास्तवमा साहित्य सामाजिक इतिहासको दर्पण हो। विगत र आगतलाई जोड्ने पुल हो भन्न सकिन्छ। साहित्य रचनामा सर्जक वा स्रष्टाले विषयवस्तुको चयन गर्दछ। ती विषयवस्तु धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक कुनै पनि हुन सक्छन्। साहित्य सिर्जनामा सर्जकले आफ्नो शैली शिल्पसँगै मौलिकपन वा मौलिकता, कलापूर्ण भाषा, मानवीय संवेग अनुभूति अन्तरविचारको प्रदर्शन र अनुभवको प्रयोग गर्दछ।

साहित्यमा प्रयुक्त विषयवस्तु सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक तथा ऐतिहासिक हुन सक्छन्। साहित्य सिर्जनाका उद्देश्य धर्म, अर्थ, काम र मोक्ष अन्तर्गतका कुनै पनि हुन सक्छन्। साहित्यका माध्यमबाट साहित्यकार वा सर्जकले समाजको चित्रण गर्दछ, समाजमा भएका राम्रा नराम्रा पक्षको उद्घाटन गर्दछ। सुधार गर्नुपर्ने कुरालाई

प्रस्ट्याउँछ । असल चरित्र, आदर्श र नैतिकताको सकारात्मक सन्देश दिन्छ । नेपाली साहित्यमा पनि धर्म र संस्कारको प्रत्यक्ष प्रभाव रहेको देखिन्छ । धार्मिक परम्परामा आधारित रहेर आदर्शोन्मुख समाजको निम्ति रचना गरिएका आदर्शवादी साहित्यको मात्रा प्रशस्तै पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालमा संस्कृत भाषाको प्रभाव, गुरुकुल शिक्षाको प्रचलन, धार्मिक आस्था र सनातन परम्पराबाट प्रभावित भएको पाइन्छ । वैदिक धर्म, संस्कृतिको प्रत्यक्ष प्रभावद्वारा समाजमा र सामाजिक व्यवहारबाट सिर्जना गरिएका साहित्यमा नैतिक, औपदेशिक, धार्मिक विषयवस्तु रहेका देखिन्छन् । अझ स्पष्ट भन्ने हो भने नेपाली साहित्यमा प्रत्यक्ष मिथकीय प्रभावबाट नै सुरु भएको देखिन्छ । देवी, देवतालाई आदर्शपात्र मानेर तिनीहरूकै चरित्र, व्यवहार र जीवनचर्यालाई नै साहित्यको विषयवस्तुको रूपमा चयन गर्ने परम्परा रहिआएको छ। संस्कृत भाषामा रचित रामायण, महाभारत, कृष्णचरित्र, स्वस्थानी, हितोपदेश, पञ्चतन्त्र, अङ्ग्रेजी भाषामा बाइबल जस्ता पुस्तकका अनुवाद गरिएको पाइन्छ । अनुवाद पछिका समयमा रचना गरिएका साहित्यमा विषयवस्तुका आधार नै मिथक रहेको ज्ञात हुन्छ । नेपाली साहित्यमा रचना गरिएका आख्यानात्मक तथा गैरआख्यानात्मक कृतिमा मिथकले महत्त्वपूर्ण र अधिक स्थान ओगटेको छ । प्राथमिक कालका त्यस्ता कृतिहरूमा शक्तिबल्लभ अर्ज्यालको महाभारत **विराटपर्व** (१८२७) भानुदत्तको हितोपदेश मित्रलाभ (१८३३), रामभद्रपाध्याको **लक्ष्मीधर्म संवाद** (१८५५), शक्तिबल्लभ अर्याल **हास्यकदम्ब** (१८५५), गौरीशंकर पण्डितको **वेताल पञ्चविंशती कथाहातम्** (१८५५), तुलसी स्तवको **दैवज्ञ ज्योतिनरसिंह** (१८५५), अज्ञातको **दशकुमार चरित** (१८७५), अज्ञातको **महाभारत सभापर्व र आदिपर्व** (१८८०), अज्ञातको **लंकाकाण्ड मित्रलाभ** (१८०५), सिंहवीरको **लंकाकाण्ड अध्यात्म रामायण** (१८८८)

हीनव्याकरणी **विद्यापतिको गीत गोविन्द** (१८८८), अज्ञातको **किष्किन्धा काण्ड, बृहत् कथा, स्वस्थानी कथा, विराट पर्व, मुद्राराक्षस कथा, गोपिका स्तुति** (विभिन्न समयकाल) जस्ता अधिकांश धार्मिक कथाका विषयवस्तु भएका साहित्य मौलिक तथा अनुवाद कृतिमा मिथकीय कथावस्तुको प्रयोग भएको देखिन्छ । देवी, देवताका चरित्रलाई आधार मानेर उनैका कथा वा व्यवहारलाई साहित्यमा उतार्ने कार्य भएको छ । हिन्दू धर्मग्रन्थमा आधारित चरित्र, आख्यान तथा उपदेशलाई मूल आधार मान्ने प्रवृत्ति प्राथमिक कालमा देखिएकाले नेपाली साहित्यको प्राथमिककालीन अधिकांश कृतिमा मिथकको अधिक प्रयोग भएको देखिन्छ । **रामायण, महाभारत, मेघदूत, कृष्णचरित्र, बाइबल**बाट अनुवाद गरिएको आख्यानात्मक कृतिहरू देखिन्छन् । यी कृतिमा **महाभारत, रामायण र बाइबल**मा रहेका मिथकलाई भाषानुवाद मात्र गरी प्रस्तुत गरेको छ । यी कृतिहरू धार्मिक उद्देश्य परिपूर्ति गर्न र नैतिक औपदेशिक सन्देश अभिव्यक्ति गर्न अनुदित गरिएका हुन् ।

प्राथमिककालीन वीरधाराका रचनामा केही मिथकीय परिवेशका चर्चा गरिएका छन् । मिथकीय परिवेश, काशी, वाराणासी, गंगा स्थान वा परिवेशमा विभिन्न पात्रको चर्चा गर्दै इन्द्रसँग तुलना, स्तुतिपद्यमा कृष्णको स्तुति जस्ता मिथकीय परिवेश, घटना, चरित्र देखिन्छन् भने भक्तिधाराका रचनामा द्रौपदी, कृष्ण, गोपीका, युधिष्ठिर, यदुवंश राम जस्ता मिथकीय पात्रको प्रयोग र चर्चा गरिएका छन् । यस कालमा **रामायण, महाभारत, श्रीमद्भागवत, कृष्णचरित्र** जस्ता मिथकीय काव्यलाई आधार बनाएर तिनको विषयवस्तुका घटनाक्रमलाई साहित्यमा प्रयोग गरिएको छ । यसरी हेर्दा प्राथमिककालीन नेपाली साहित्यमा मिथकीय घटना, पात्र र परिवेशको अधिक्य प्रयोग देखिन्छ ।

माध्यमिककालीन नेपाली साहित्य विस्तारै अनुवाद साहित्य र परिवर्तन भएर मौलिक रचनातर्फ अगि बढेको छ । माध्यमिक कालका रचनामा ऋद्धिबहादुर मल्लले **शर्मिष्ठा** (१९८५) उपन्यास मिथकलाई विषयवस्तु बनाएर रचना गरेका छन् । **शर्मिष्ठा** उपन्यासले देवयानी ययातिको जीवनको जीवनको कथानकलाई आधार मान्दै मिथकीय प्रसङ्गबाट घटनाक्रम प्रस्तुत गर्दै नारीको सहनशीलता र पतिव्रतालाई चित्रण गरेको छ ।

नेपाली साहित्यको माध्यमिक कालमा मिथकीय प्रवृत्तिलाई आत्मसात् गरेर रचना गरेका साहित्यिक काव्य कृतिहरूमा मोतीराम भट्टको **पिकदूत** (१९४३), गोपीनाथ लोहनीको **नृग चरित्र** (१९४९), **नलोपाख्यान** (१९५२), **नलदमयन्ती चरित्र** (१९५५), तुलसीदत्त भट्टराईको **रम्भा शुक संवाद** (१९५०), कृष्णप्रसाद रेग्मीको **ऋतुमाला**, **रम्भा शुक संवाद**, **कामिनी विरह लहरी** (१९६०), आख्यानात्मक कृतिमा रमाकान्त बरालको **अद्‌भुत रामायण**, देवदत्त शर्माको **रामायण वालुन**, वाणीविलास पाडेको **रामचरित्र**, **चित्रकुटेपाख्यान**, आदि मिथकीय धारामा सिर्जना गरिएका कृति हुन् । **कृष्णचरित्र**, **गोपिनीको श्लोक** आदि कृतिमा मिथकीय पात्र र परिवेशको चित्रण पाइन्छ । मोतिराम भट्टका रचनामा पनि मिथकीय पात्र, परिवेश र विषयवस्तुको प्रयोग पाइन्छ । उनका प्रल्हाद भक्ति कथा, **उषाचरित्र**, **गजेन्द्रमोक्ष** मिथककै आधारित रचना हुन् । नेपाली गजलमा पनि **चन्द्रोदय** वर्णन पाइन्छ । नेपाली साहित्यको माध्यमिककालीन नाटक **शाकुन्तल**, (मोतिराम भट्ट) **वीर सुदर्शन** (केदारशमशेर थापा) **वीर प्रह्लाद**, **वीर सावित्री**, **वीर ध्रुव चरित्र** आदि । लेखनाथ पौड्याल **भीष्म भवितव्य**, **पार्वती प्रणय**, बालकृष्ण सम **प्रल्हाद** नाटकमा मिथक प्रयोग भएको छ । धनवीर मुखियाको **रुक्मिणी हरण**, **राजा हरिश्चन्द्र** पारसमणि प्रधानको **महाभारत**, **बुद्धचरित्र**, भैयासिंहको

नलदमयन्ति आदि मिथककै कथावस्तुमा आधारित नाटक हुन् । त्यस्तै मिथकमै आधारित अन्य आख्यानहरूमा कपिलदेवको **नलोपाख्यान** (१९५६), रिक्तदेवको **किस्सा शुकसारिका** (१९५९) ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा** (१९८५) शिवप्रताप थापाको **शकुन्तला** (१९९०) हरिहर शर्माको **भगत् भक्ति विलासिनी** (१९५४) हरिहर आ.दी.को **शकुन्तलोपाख्यान** (१९६५) दुर्गादेवी आ.दी.को **अनुसूया सीता संवाद** (१९६५) होमनाथ खतिवडाको **रामाश्वमेध**, रेवतिरमण न्यौपानेको **विश्वजितलिला**, हरिहर शास्त्रीको **उषाविनोद**, देवकान्त पन्थको **सीतास्वयम्बर** आदि मिथककै विषयवस्तुमा आधारित कृति हुन् ।

माध्यमिक कालमा मिथकीय विषयवस्तुमा आधारित धेरै आख्यानहरू लेखिएका छन् । यसकारण प्राथमिककालीन कृतिहरूलाई नै रचनाहरूले पछ्याएका छन् ।

नेपाली साहित्यको आधुनिक कालमा मिथकीय साहित्य सिर्जनाको आधार झन्झन् फराकिलो बन्दै गएको छ । लेखनाथ पौड्यालको **सत्यकली संवाद** (१९७६), **ऋतुविचार** (१९९१), **तरुणतपसी** (२०१०), सोमनाथ सिग्द्याल **आदर्श राघव** (२००५) कुलचन्द्र गौतम **चन्द्रोदय** (१९७५) **राघवालङ्कार** (२०१६) लाटो साथीको **वैदेही**, लक्ष्मीप्रसाद देवकोटाको **प्रमिथस**, **शाकुन्तल** आदि मिथकमा आधारित काव्य हुन् ।

आख्यानात्मक कृतिहरूमा मिथकको आधुनिककालीन नवीन प्रयोग गरिएको पाइन्छ । नेपाली साहित्यको आधुनिककालीन समयमा मिथकलाई युगीन सन्दर्भसँग जोडेर नवीन प्रयोग गरिएको छ । मिथकीय कथावस्तु, पात्र र परिवेशलाई आधार मानेर रचना गरिएका नेपाली साहित्यको काव्य कृतिहरूमा सिद्धिचरण श्रेष्ठको, **उर्वशी**, जगदीश शमसेर राणाको **नरसिंह अवतार**, मोदनाथ प्रश्रितको **देवासुर सङ्ग्राम**, भोग्यप्रसाद

भण्डारीको **षडानन्द चरित्र**, जीवराज पोखरेलको **पाटनको कृष्ण मन्दिर र बुद्धचरित्र** आख्यान साहित्यमा मदनमणि आ.दी. को **माधवी, भूमिसूक्त** उपन्यास, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा, मोदिआइन, हिटलर र यहूदी** उपन्यास, राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान**, दौलतविक्रम बिष्टको **ज्योति ज्योति महाज्योति**, जगदीश शमसेर राणाको **सेतो ख्याकको आख्यान**, ध्रुवचन्द्र गौतमको **अलिखित र भीमसेन-४ को खोजी** उपन्यास, **उपमन्युको परीक्षा, युधिष्ठिरको परीक्षा**, कृष्ण धरावासीको **राधा**, पुण्य प्रसाइको **पिंगला**, देवप्रकाश त्रिपाठीको **प्रलयप्रारम्भ**, अञ्जना राजवंशीको **सृष्टिको कथा**, डा. विष्णुराज आत्रेयको **पाणिनी** हुन् । अहिले पछिल्लो समयमा आएर निलम कार्की निहारिकाको **योगमाया** उपन्यास पनि मिथकमा आधारित उपन्यास मान्न सकिन्छ । मिथकलाई आधार मानेर लेखिएको अन्य कृतिहरूमा, स्वामी प्रपन्नाचार्यको **वेदमा के छ ?**, शिखरनाथ सुवेदीको **श्रीमद्‌भागवत चन्द्रिका** र **तत्त्वार्थ रामायण**, भूचन्द्र वैद्यको **हे कृष्ण**, चक्रपाणि चालिसेको **नेपाली सङ्क्षिप्त भारत**, अनु. ढुण्डिराज कोइरालाको **महाभारत कथा**, ज्यो.प. हरिप्रसाद ढकालको **धार्मिक कथाहरू**, देवीप्रसाद सुवेदीको **वाल्मीकि र व्यास**, कमल रिजालको **पौराणिक पात्र र मिथकहरू**, सुमित्रा सिंहको **भीष्म पितामह**, सम्पा. कृष्णप्रसाद भण्डारीको **वाल्मीकि सम्पा.** ओमप्रकाश खरेलको **सत्यवादी राजा हरिश्चन्द्र, भगवान महावीर** आदि हुन् ।

वर्तमान समयमा मिथकलाई आधार मानेर लेख्ने परम्परा झन्झन् अघि बढेको छ । आदर्शवादी सामाजिक यथार्थवादी वा काल्पनिक परिवेशको प्रयोगले नेपाली साहित्य विश्व साहित्यमा आफ्नो स्थान ओगट्ने तर्खरमा देखिन्छ ।

अध्याय : दुई

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भाद्र २४ गते पिता कृष्णप्रसाद कोइराला र माता दिव्यादेवी कोइरालाका गर्भबाट भारतको वाराणसीमा भएको थियो । यिनको न्वारनको नाउ चुडामणि कोइराला भए पनि ठूलो पिताजीले विश्वनाथको प्रसाद मानी यिनको नाउ विश्वेश्वरप्रसाद राखिदिएका हुन् । राजनीति र साहित्य दुवै क्षेत्रमा परिचित भएका कोइरालाको पुर्खा पश्चिम नेपालको लमजुङ दुराडाडाको दक्षिणतर्फ कोइरालाका रुखहरू प्रशस्त भएको कोइरालाफाँट भन्ने ठाउबाट विभिन्न ठाउँमा बसाइ सरेका हुन् भन्ने इतिहास पाइन्छ ।

कोइरालाका रुख प्रशस्त भएका ठाउँमा आई बसोबास गरेकाले विश्वेश्वरप्रसाद कोइरालाका पुर्खालाई कोइराला थरका नामले पुकारिन थालियो । ठूलो परिवार भएको र छुट्टिने क्रममा विश्वेश्वरप्रसाद कोइरालाको हाँगो चाहिं मकवानपुरमा पुग्यो । त्यहाँ केही कालसम्म बसी पूर्व दुई नम्बर **कोशी र रोशीको निकट दुम्जाको डाँडामा** आइपुगेर त्यहीं घरजम गरेर बस्न थाल्यो । मकवानपुर राज्यमा बस्दा कोइरालावंशमा दामोदर कोइराला नाम गरेका एक साहसी आदर्श पुरुष थिए र ती मकवानपुर राज्यमा काजीसमेत बनेका थिए भन्ने कुरा कोइरालाले ' आफ्नो कथा' पुस्तकमा उल्लेख गरेका छन् । दामोदर कोइरालाका सन्तानहरूमा अर्का एकजना नाम चलेका व्यक्ति नन्दीकेश्वर पाध्या पनि

थिए । उनी दुम्जाबाट आएर काठमाडौँमा सरकारी अड्डाका डिट्ठासमेत भएका थिए । यिनै नन्दीकेश्वर पाध्या विश्वेश्वरप्रसाद कोइरालाका हजुरबा हुन् । तिनै नन्दीकेश्वर पाध्याका कान्छा छोरा खरदार कृष्णप्रसाद कोइरालाका तीन श्रीमतीमध्ये कान्छीपट्टिका जेठा सन्तानका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको हो । कोइरालाकी धर्मपत्नीको नाम सुशीला कोइराला हो । कृष्णप्रसादका प्रकाश, श्रीहर्ष र शशाङ्क गरी तीन छोरा र चेतना नाम गरेकी एक छोरी छन् ।

विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना हजुरबालाई देखेनन् तर आफ्नी हजुरआमा राज्यलक्ष्मीको न्यानो काखमा हुर्किए उनी आफ्नी हजुरआमालाई बडाआमा भन्ने गर्थे । बडाआमा एउटी विलक्षण नारी थिइन् जसमा पहाडमा जन्मेर हुर्केर तथा कुनै किसिमको शिक्षाको मौका नपाएर पनि समयको गतिलाई चिन्न सक्ने प्रगतिशील, सुसंस्कृत अर्वाचीन नारीमा हुने सबै गुण विद्यमान थिए (कोइराला, २०६०, पृ.१०) । आफ्ना पतिको मृत्युपश्चात् यिनले कान्छो छोरा कृष्णप्रसादको लालनपालन एक ममतामयी आमा र कर्मयोगी बाबुका रूपमा आफैंले गरिन् र विशिष्ट मानवीय गुणबाट सुशोभित गर्दै एक कर्मठ र पूर्ण व्यक्ति बनाउन कुनै कसर बाँकी राखिनन् । कोइरालाका पिताजी कृष्णप्रसाद पनि एक विलक्षण प्रतिभा सुसम्पन्न व्यक्ति थिए । बडाआमा राज्यलक्ष्मी र पिताजी कृष्णप्रसादमा देखिएको त्यसप्रकारको सार्वजनिक र नैतिक आदर्शको प्रचुर अंश विश्वेश्वरप्रसाद कोइरालामा देखा पर्‍यो । यो स्वाभाविक पनि थियो ।

जागिरको सिलसिलामा दाजु कालिदास मोरङ गएका बेला कृष्णप्रसाद पनि उनीसँग गएका र त्यसपछि उनले त्यहीँ आफ्नो कारोबार सुरू गरी घरजम गरेर बस्ने कोइराला परिवार स्थायी रूपमा मोरङमै बसोबास गर्न थालेका हुन् । काम विशेषले कोइराला परिवार बनारस

गएका बेला बनारसमै विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको देखिन्छ । यसप्रकार कृष्णप्रसाद कोइराला पुर्ख्यौली थलो दुम्जालाई छाडेर विराटनगर आएपछि विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको थियो । मोरङको एउटा गाउँमा हिन्दूहरूकी देवी कालीको मन्दिर स्थापना गरी आफ्नो कारोबार सुरु गरेका कृष्णप्रसाद कोइराला जब त्यहाँ धेरै सम्पत्ति जोड्न सफल भएका थिए त्यसपछि उनलाई समाजसुधारको कार्यमा समर्पित हुने अन्तःप्रेरणा प्राप्त भएको थियो तर तत्कालीन अवस्थामा सामाजिक सुधारका काम गर्न त्यति सजिलो थिएन ।

राणाशासनमा जनहितका कार्य गर्नु भनेको राणाहरूसँग दुस्मनी साँध्नु जस्तै हुन्थ्यो तथापि यसको कुनै पर्वाह नगरी उनले भारतको कलकत्तादेखि डाक्टर र शिक्षक झिकाई विराटनगरमा अस्पताल र विद्यालयको स्थापना गरे । देशमा महिलाहरूको स्थितिमा सुधार ल्याउनुपर्ने आवश्यकता बोध गरी आफ्नी पत्नी दिव्या कोइरालाको अध्यक्षतामा एउटा महिला समिति गठन गराए । एक सय चार वर्षे जहानियाँ निरङ्कुश राणाशासनको यिनले खुलेर विरोध गरेका थिए । त्यही सिलसिलामा गरिब नेपाली जनताको दयनीय स्थितिको बोध तत्कालीन प्र. म. चन्द्र शमशेरलाई गराउने उद्देश्यले एक ढाक्रेको थोत्रो लुगा किनेर पार्सल बनाई विन्तीपत्रसहित चन्द्र शमशेरकहाँ पठाउँदा त्यसको परिणामस्वरूप उनको परिवारले ठूलो विपत्तिको सामना गर्नु पर्‍यो । सन् १९१७ मा राणाशासकबाट कृष्णप्रसादको सर्वस्वहरण गरियो अनि उनी सपरिवार भारतमा निर्वासित जीवन बाँच्न बाध्य भए (मिश्रा, १९८५, पृ. ५) । यसै बेला तीन वर्षका विश्वेश्वरप्रसाद कोइरालाले पनि प्रवासी जीवनको दुःख, कष्ट र पीडा खप्न बाध्य भएका थिए । यसपछि उनको बाल्यकाल बनारसमै बित्यो भने शिक्षादिक्षाको प्रारम्भ पनि उनले बनारसबाटै गरे ।

विश्वेश्वरप्रसाद कोइरालाले प्रारम्भिक अनौपचारिक शिक्षा आफ्नै घरायसी वातावरणबाट प्राप्त गरेका थिए । घरमा सुरुदेखि नै पिताजीले शिक्षक, खेलप्रशिक्षक आदिको व्यवस्था गरिदिएकाले कोइरालाका प्रारम्भिक शैक्षिक दिनहरू सहज रूपमा बितेका देखिन्छन् तर औपचारिक शिक्षा आर्जनका क्रममा उत्तरार्धका दिनहरू भने अत्यन्त कष्टकर रूपमा गुज्रेका देखिन्छन् । निर्वासित जीवन, निरन्तर बसाइँसराइ साथै गरिबीका कारण कोइरालाको नियमित अध्ययनमा पनि निकै असर पुगेको देखिन्छ । यद्यपि जे-जस्तो दुःख, कष्ट खेप्नु परे पनि आफ्नो औपचारिक अध्ययनलाई कोइरालाले निरन्तरता दिएरै छाडे ।

विश्वेश्वरप्रसाद कोइरालाको शिक्षारम्भ सानै उमेरदेखि भए तापनि पठनपाठनको स्तरका दृष्टिले भने वास्तवमा बनारस आई हरिश्चन्द्र स्कुलमा आठ कक्षामा भर्ना भएपछि मात्र यिनको औपचारिक शिक्षा सुरू भएको हो । कोइरालाले वि. सं. १९८७ मा हरिश्चन्द्र स्कुलबाट म्याट्रिक पास गरे । बनारस हिन्दू विश्वविद्यालयबाट १९८९ मा आइ. ए. उत्तीर्ण गरी उनले सोही विश्वविद्यालयबाट १९९१ मा बी.ए. पूरा गरे । त्यसपछि वि. सं. १९९३ मा कलकत्ता विश्वविद्यालयबाट बी.एल. पूरा गरेका कोइरालाले अर्थशास्त्रमा एम. ए. सम्मको अध्ययन गर्न थाले तर यसलाई पूरा गर्न भने सकेनन् । अर्थशास्त्रको अध्ययन गर्दागर्दै नेपाली राजनीतितिर होमिएकाले कोइरालाको औपचारिक शिक्षा यतिमै टुङ्गियो ।

कोइरालालाई नेपाली, अङ्ग्रेजी, हिन्दी, मैथिली, नेवारी, उर्दू आदि भाषाको राम्रो ज्ञान थियो । गहिरो अध्ययनशील व्यक्तित्त्वका कारण यिनले पौरस्त्य तथा पाश्चात्य दर्शनको यथेष्ट चिन्तनद्वारा आफ्नो शैक्षिक व्यक्तित्वलाई प्रखर बनाएका हुन् । यिनको औपचारिक अध्ययन बी.ए.बी.एल.सम्म मात्र रहे पनि प्रखर चिन्तनशील प्रवृत्तिले यिनलाई प्रतिभाशाली बहुआयामिक व्यक्तित्वका रूपमा स्थापित गरेको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक जीवनको थालनी हिन्दी साहित्यबाट भएको हो । भारतीय साहित्य शिल्पी प्रेमचन्द र शान्तिप्रिय द्विवेदीको प्रेरणाबाट साहित्य सिर्जनतर्फ आकर्षित भएका कोइराला सर्वप्रथम हिन्दी साहित्यतर्फ अभिप्रेरित भएका हुन् । पारिवारिक जीवन परिवेश र शिक्षादीक्षाका दृष्टिले हिन्दी भाषा र साहित्यको प्रभावमा हुर्किएका कोइरालाले प्रारम्भमा हिन्दी भाषामा कविता, कथा तथा लेख रचनाहरू लेखी आफ्नो साहित्य आरम्भ गरे ।

आधुनिक नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको प्रवेश वि.सं. १९९२ देखि प्रथम आधुनिक मनोवैज्ञानिक कथा 'चन्द्रवदन'का माध्यमबाट भएको हो तर सन् १९८६-१९८७ देखि नै हिन्दी कथा-कविता साहित्यका माध्यमबाट यिनको साहित्ययात्रा थालिएको पाइन्छ (शर्मा, २०५९, पृ. १८) । वि.सं. १९८७ मा प्रेमचन्दद्वारा सम्पादित ' हंस' पत्रिकामा 'बम्बई के प्रति' कविता र सोही पत्रिकामा १९८७ मै 'वहाँ' कथा छापिएको पाइन्छ । यद्यपि कोइरालाको साहित्ययात्राको प्रारम्भ कविता लेखनबाट भएको मानिन्छ (शर्मा, २०५९, पृ. १७) ।

यसरी हिन्दी साहित्यका माध्यमबाट साहित्यमा प्रवेश गरेका कोइराला वि.सं. १९९२ मा 'चन्द्रवदन' कथा प्रकाशित गरेर नेपाली साहित्यका क्षेत्रमा पदार्पण गरेका हुन् । नेपाली साहित्यमा सर्वप्रथम कथाकारका रूपमा देखापरेका कोइरालाले आफ्नो साहित्यकार व्यक्तित्वलाई कथाकारका अतिरिक्त उपन्यासकार, निबन्धकार, जीवनीकार, कवि र समालोचकका रूपमा विस्तार गरेका छन् । कोइरालाको समग्र साहित्ययात्रालाई हेर्दा वि.सं. १९८७ देखि सुरु भई उनको मृत्यु वि.सं. २०३९ सम्म निरन्तर रूपमा क्रियाशील रह्यो भने मृत्युपश्चात् पनि उनका कृतिहरू प्रकाशित भएका पाइन्छन् ।

आफ्नो सम्पूर्ण जीवन राजनीति र साहित्यका माध्यमबाट नेपाली जनता र राष्ट्रका निम्ति उत्सर्ग गरेका विश्वेश्वरप्रसाद कोइरालाको जीवन निकै सङ्घर्षपूर्ण रह्यो । प्रजातन्त्रप्राप्ति र नेपाली जनताको स्वतन्त्रताका निम्ति आजीवन सङ्घर्ष गरेका यिनले क्यान्सरजस्तो भयानक प्राणघातक रोगसँग पनि लड्नु पऱ्यो । पटकपटकको जेलजीवन, जेलको कठोर यातना र गरिबीका कारण यिनको स्वास्थ्य नराम्ररी प्रभावित भयो । यिनलाई सन् १९४३ – १९४५ का बीचमा भारतको हजारीबाग जेलमा छँदै क्यान्सरले समातेको थियो । सन् १९४४ मा जेलमा छँदै यिनको शल्यक्रिया गरिएको थियो तर रोग निको भएन । रोगले च्याप्दै गए पनि उनी आफ्नो आस्थामा विचलित भएनन् । राजनीतिक र साहित्यिक क्रियाकलापमा यी दृढ समर्पित हुँदै गए । वि. सं. २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् आठ वर्षको कारावास जीवनमा कोइरालाको स्वास्थ्यमा निकै ह्रास आएको थियो । बिग्रँदो स्वास्थ्यस्थितिकै कारण २०२५ साल कार्तिक १३ गते जेलबाट छुटेर स्वास्थ्योपचारका निम्ति विदेश गएका कोइराला उपचार गराए र बनारसमै बस्न थाले। पछि २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किएका कोइरालाको स्वास्थ्यस्थिति गम्भीर बन्दै गएपछि २०३७ सालमा दिल्लीमा उनको घाँटीको शल्यक्रिया गरियो । पछिल्लो चोटिको परीक्षणमा दिल्लीका डाक्टरहरूले घाँटीको क्यान्सरको असर फोक्सोमा समेत परेको आशङ्का गरे । यसपछि कोइरालाको स्वास्थ्यस्थितिमा झनै सङ्कट देखा पऱ्यो । उपचारकै सिलसिलामा २०३९ साल असार २९ गते उनलाई बैंकक लगियो तर, त्यहाँ पनि उनको उपचार हुन सकेन । उपचार हुन नसक्ने स्थिति भएपछि कोइरालाको पूर्वोक्त इच्छाअनुसार २०३९ साल श्रावण ६ गते समितिभेज अस्पताल बैंककबाट उनलाई काठमाडौं ल्याइयो । तत्पश्चात कोइरालानिवास चावहिल पुऱ्याइयो । सोही दिन साँझ ७

बजेर १५ मिनेट जाँदा ६८ वर्षको उमेरमा कोइरालाले यस धर्तीबाट सदाका लागि विदा लिए (दाहाल, २०६०, पृ. ९) ।

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) को साहित्यिक योगदान कथा र उपन्यासका क्षेत्रमा भएको छ । विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यास परम्परामा मिथकीय धारामा उपन्यास रचना गर्ने उपन्यासकार हुन् । उनको **सुम्निमा** (२०२७) बाट नेपाली उपन्यास परम्परामा मिथकीय धाराको सुरूवात भएको हो । हालसम्ममा नेपाली साहित्यमा थुप्रै मिथकीय उपन्यासहरू रचना भइसकेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा, मोदिआइन** र **हिटलर र यहूदी** मिथकीय विषयवस्तुमा आधारित उपन्यासहरू हुन् । उनका उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकलाई विषयवस्तुका स्वरूपमा ग्रहण गर्दै त्यसको पुनर्व्याख्या गरेको छ । यसले प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भमा ढालेर युद्ध र हिंसाको विरोध गरेको छ । शान्ति र मानवताको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याएको छ । प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भ ग्रहण गरी त्यसका माध्यमबाट नयाँ विचार प्रवाहित गर्न सक्नु कोइरालाका उपन्यासको सामर्थ्य बनेर आएको छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका प्रकाशित उपन्यासहरू

आख्यानका क्षेत्रमा **दोषी चस्मा** (२००६) र **श्वेतभैरवी** (२०३९) कथा सङ्ग्रह प्रकाशित भएका कोइरालाका कथाले मनोविज्ञान र विविध विचारलाई स्थापित गराएका छन् ।

उनका उपन्यासका विषयमा अन्तर पाइए पनि दृष्टिकोण भने प्राचीन संस्कारका रूढीपक्षको आलोचनाले ठाउँ लिएको छ । नेपाली आख्यानविधामा कोइराला नियतिवादमा विश्वास गर्ने तथा मनोविश्लेषणको पृष्ठभूमिमा प्रखर अस्तित्ववादी विचारकका रूपमा

देखा पर्दछन् । नेपाली उपन्यास विधाको यात्राक्रममा सामाजिक यथार्थलाई पूर्ववर्ती आख्यानकारको जिम्मा लगाएर परम्परागत मूल्य र मान्यतालाई भताभुङ्ग पारेर नयाँनयाँ सम्भावनाको अन्वेषण गर्दै र विश्लेषणात्मक शैली उनले अपनाएका छन् । नेपाली आख्यान जगतलाई गतिशील बनाउँदै मनोविश्लेषण र विचारको एकै स्थानमा सहज चित्रण गर्नु कोइरालाका आख्यानिक विशेषता हुन् । यसका साथै मिथकीय सन्दर्भमा व्याख्या गर्नु उनको वैशिष्ट्य हो ।

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्राको आरम्भ वि.सं. २०२५ बाट भएको हो । वि. सं. २०२५ सालमा **तीनघुम्ती** उपन्यास प्रकाशित भएपछि यिनको उपन्यासकार व्यक्तित्व प्रथमपल्ट सार्वजनिक भएको हो । यिनका उपन्यासहरू २०२५ देखि २०४५ सम्म प्रकाशित भएका देखिन्छन् । यद्यपि लेखनका दृष्टिले कोइरालाले आफ्ना उपन्यासहरू २०१७ देखि २०२५ सम्म सुन्दरीजल जेलमा राजबन्दीका रूपमा रहँदा लेखेका थिए । अझ यिनको **हिटलर र यहूदी** उपन्यास त झन् उनी प्रधानमन्त्री हुनुअघि २०१६ सालतिरै लेखिएको चर्चा प्रसङ्गवश यस अगाडि नै गरिसकिएको छ । यसरी हेर्दा कोइरालाको उपन्यास लेखनको समयावधि र प्रकाशनको समयावधि पृथक्पृथक् रहेको देखिन्छ । उनका छ ओटा उपन्यास प्रकाशित छन् । ती हुन्ः **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३६), **हिटलर र यहूदी** (२०४०) र **बाबु आमा र छोरा** (२०४५) ।

तीनघुम्ती (२०२५) कोइरालाको प्रथम प्रकाशित उपन्यास हो । यो नारीसमस्यामा आधारित सामाजिक उपन्यास हो । यसमा नारीसमस्यालाई सशक्त नारीपात्र इन्द्रमायाका माध्यमबाट दर्साइएको छ ।

तीनघुम्तीमा काठमाडौंको नेवार परिवारमा जन्मेकी इन्द्रमायाले स्वेच्छिक अन्तर्जातीय विवाह गरेर प्रचलित धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यताका विरुद्ध कडा चुनौती प्रस्तुत गरेकी छ । उपन्यासमा इन्द्रमाया ज्यादै विद्रोही छ । उसले प्रेमिका, पत्नी र माताको घुम्ती पार गरी विद्रोह गरेकी छ तर इन्द्रमायाले कुनै पनि स्थितिमा सहारा पाउँदिन । यतिसम्म कि मातृत्वको अन्तिम प्राप्ति बोकेर घर छोडी हिँड्दा पनि ऊ सहाराविहीन नै हुन्छे । **तीनघुम्ती**ले नारीसमस्या र अस्तित्वको अध्ययन तथा नियतिनिर्दिष्ट समस्याको भोक्ता मानवजीवनको चित्रण यथार्थ ढङ्गले गरेको छ ।

कोइरालाको दोस्रो उपन्यास **नरेन्द्रदाइ** (२०२७) पारिवारिक यथार्थविषयक घटनामा आधारित उपन्यास हो । यो कोइरालाका सम्पूर्ण उपन्यासहरूमध्ये बढी यथार्थपरक छ । पूर्वी तराई समाजको एउटा सम्भ्रान्त ब्राह्मण परिवारभित्रबाट टिपिएको कथाले यसमा कला मूल्य प्राप्त गरेको छ । **नरेन्द्रदाइ** उपन्यासले प्रमुख पात्रहरू नरेन्द्र, गौरी र मुनरियाका जीवनको माध्यमबाट मानिसले आफूद्वारा कुनै गल्ती नगरे तापनि यदि नियतिले निर्देशन गरेको छ भने त्यसले सजायको भागी बन्नै पर्दछ भन्ने यथार्थतालाई अभिव्यक्त गरेको छ, साथै यस उपन्यासले समाजमा रहेको छुवाछुत प्रथाको विरोध गर्दै परम्परागत रुढिवादी संस्कार र मान्यताहरूको पनि आलोचना गरेको छ ।

कोइरालाको तेस्रो उपन्यास **सुम्निमा** (२०२७) दुई विपरीत संस्कृतिका पृष्ठभूमिमा लेखिएको समन्वयवादी उपन्यास हो । किराँत सभ्यतालाई भौतिकवाद र आर्य संस्कृतिलाई अध्यात्मवादका प्रतीकको रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा अध्यात्मिक र भौतिक तत्त्वको सङ्गममा मानवजीवन सार्थक बन्न सक्छ भन्ने विचार प्रतिपादन भएको छ । यस उपन्यासले मानिसलाई शरीर र

आत्माको सङ्गमस्थलका रूपमा हेर्दै शरीरको प्राकृतिक धर्म र समाजको नियमलाई पालना नगर्ने मानिस मानवताबाट क्रमशः टाढिँदै जाने भएकाले मानिस भएर मानिसकै हैसियतमा रहनुपर्ने उत्कृष्टतम जीवनवादी विचार व्यक्त गरेको छ (ढकाल, २०६०: पृ. १२५) ।

कोइरालाको चौथो उपन्यास **मोदिआइन** (२०३६) गीतादर्शनमा आधारित उपन्यास हो । यसमा परापूर्वकालदेखि नै धर्मका नाउँमा ठूल्ठूला युद्धहरू हुँदै आएका र धर्मका नाउँमा गरिएका यस्ता युद्धले मानिसको अवमूल्यनबाहेक केही गर्न नसकेको विचार व्यक्त भएको छ । मानिस आफू ठूलो हुने होडमा ठूलाठूला नरसंहार गर्न लालायित भएको विचार व्यक्त गर्दै **मोदिआइनले** मानिसलाई ठूलो र वीर हुने लालच त्यागेर असल बन्ने सन्देश दिएको छ । यसमा मानवीय जीवनेच्छा अभिव्यक्त गर्दै गीतादर्शनको औचित्यमाथि पनि प्रश्नचिन्ह लगाइएको छ ।

कोइरालाको पाँचौ उपन्यास **हिटलर र यहूदी** (२०४०) पनि गीतादर्शनमा आधारित मानवतामूलक वैचारिक उपन्यास हो । यस उपन्यासमा पनि उपन्यासकार कोइरालाले नरसंहारका विपक्षमा आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । यसमा दोस्रो विश्वयुद्धको बर्बरता, हिटलर र उसद्वारा आमहत्या गरिएका साठी लाख यहूदी तथा कृष्णका प्रसङ्गहरू आएका छन् । नियतिको सर्वोपरिता मानवजीवनमा अक्षुण्ण रूपले रहन्छ । नियतिको दास मानिस परिस्थितिअनुसार असल होस् वा खराब जस्तो भए पनि निर्णय लिन बाध्य हुन्छ भन्ने विचार **हिटलर र यहूदी** मा अभिव्यक्त भएको छ । यसमा पनि **मोदीआइनमा** जस्तो सबै मानिसलाई असल बन्ने मानवतावादी सन्देश दिइएको छ ।

बाबु, आमा र छोरा (२०४५) कोइरालाको अन्तिम उपन्यास हो । यसमा मानवनियतिको नमुना र कठोर दण्डको कलात्मक अभिव्यक्ति पाइन्छ । सामाजिक विषयवस्तुमै आधारित भए पनि **बाबु, आमा र छोरा**

उपन्यासको घटनाक्रम अनौठो प्रकारको छ । यसले कोइरालाका सम्पूर्ण उपन्यासभन्दा पृथक् राखेको छ । यसमा मानवजीवन तारतम्यविहीन, असङ्गत र विशृङ्खलित छ भन्ने देखाइएको छ साथै जसरी पनि जिउनै पर्ने नारीजातिको बाध्यात्मक परिस्थितिको यथार्थपरक अभिव्यक्ति प्रमुख नारीपात्र उमाका माध्यमबाट सजीव रूपमा भएको छ । यसका अतिरिक्त प्रेमको खोक्रोपन, नारीको यौनविवशता, जीवनप्रतिको निस्सारता र गम्भीर पारिवारिक समस्यालाई पनि यस उपन्यासले सशक्त रूपमा उठाएको छ ।

यसरी कोइरालाको समग्र औपन्यासिक यात्रालाई हेर्दा यिनको औपन्यासिक यात्रा लेखन- समयका आधारमा २०१६ देखि २०२५ सम्मको देखिन्छ भने प्रकाशनका आधारमा हेर्दा २०२५ देखि २०४५ सम्म पुगेको पाइन्छ । यस अवधिमा कोइरालाका प्रकाशित छ ओटा उपन्यासहरूमा विचारको प्रतिपादन तीव्र रूपले भएको देखिन्छ । यिनका उपन्यासमा मनोविश्लेषणात्मक, अस्तित्त्वमूलक, मानवतावादी, नियतिवादी, मिथकीय समन्वयवादी आदि विचारको प्रस्तुति पाइए पनि मानवनियति र अस्तित्त्वबोधका बीचमा द्वन्द्वले सर्वाधिक महत्त्व पाएको देखिन्छ ।

हिटलर र यहूदी (२०४०) उनका उपन्यासमध्ये पहिला रचना गर्न थालिएको उपन्यास भए तापनि मृत्युपछि मात्र प्रकाशित भएको पाइन्छ (दाहाल, २०६०, पृ. १८७) । यसमा दोस्रो विश्वयुद्धको ध्वंस र संहारबाट निस्सार बनेको जीवनलाई मानवीय संवेदनाका साथ प्रस्तुत गरिएको छ । **मोदिआइन**कै शैलीमा यसमा वीर र विजय बन्ने महत्त्वाकाङ्क्षाले मानवता नष्ट भएको देखाइएको छ । यसमा नियति, अस्तित्व जस्ता विविध विषय र विचार प्रस्तुत गर्नुका साथै हिटलरको अमानवीय प्रवृत्ति एवम् लाखौं यहूदीको नरसंहारलाई दर्शाइ मानिसले बाँच्न पाउनु पर्ने सन्देश दिइएको छ । यस कृतिले पनि युद्धको विरोध र मानवताको समर्थन गरेको छ ।

हिटलर र यहूदी उपन्यासको सबैभन्दा पहिला लेखन सुरू भए तापनि २०३३ सालपछि आएर समय-समयमा थपथाप हुँदै आएको तर पूरा हुन बाँकी रहेकै अवस्थामा उपन्यासकारको निधन भयो । २०४० सालमा आएर अपूर्ण नै भए पनि प्रकाशित भएको प्रस्तुत उपन्यास कोइरालाका उपन्यासहरूमा सबैभन्दा ठूलो आकृतिको कृति मानिन्छ (सुवेदी, २०६४, पृ. ४०२) । एघार अध्यायमा विभाजित प्रस्तुत उपन्यास महाभारतको युद्धको घाउ बोकेको पौराणिक मिथकको प्रयोग गरिएको **मोदिआइन** जस्तै दोस्रो विश्वयुद्धको घाउ बोकेर उभिएको हाम्रै संस्कृतिक मिथकको उपन्यास हो ।

उपन्यासमा प्रयुक्त मिथकको विश्लेषण

हिटलर र यहूदी उपन्यासमा मिथकीय संरचना अलङ्कार बिम्ब र प्रतीकका रूपमा आएका छन् । उपन्यासले कथानक वा विषय नै मिथक नबनाई महाभारतको मिथकको उपयोग गरिएको छ । कौरव र पाण्डवबीचको युद्ध तथा द्वितीय विश्वयुद्धका घटनालाई सन्दर्भ स्रोतमा जोडिएको छ । कथावस्तुमा मिथक दृष्यान्तमा मात्र प्रयोग भएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको **हिटलर र यहूदी** उपन्यासमा **महाभारत**को मिथकसँग सम्बन्धित भएर वर्तमान युगलाई प्रतिबिम्बन गरेर लेखिएको उपन्यास हो । **महाभारत**मा उल्लेख भएका विभिन्न घटना र तिनले पारेको प्रभावलाई उपन्यासकारले वर्तमान समयसँग दाँजेर आफ्ना व्यक्तिगत विचारलाई प्रस्ट पारेका छन् । महाभारतकै पात्र र तिनका कार्यशैली तथा परिवेशलाई सहज र सरल तरिकाले चित्रण गर्दै तिनले पारेका धार्मिक, सामाजिक, राजनैतिक प्रभावलाई उनका उपन्यासले चित्रण गरेको छ । उपन्यासले विगत र वर्तमानलाई जोड्दै सामान्य पात्र र घटनाका माध्यमबाट जीवनदर्शनका पक्षमा वकालत गर्न उनी सफल

भएका छन् । कृष्ण र हिटलरको तुलना, महाभारत र द्वितीय विश्वयुद्धको समान पक्ष महाभारतीय पात्र र तिनका विचार तथा नियतिलाई ओजपूर्ण तरिकाबाट आफ्नो विचारलाई जोडेर उपन्यासकारले प्रस्तुत गरेका छन् । नेपाल, भारत, लन्डन, जर्मनी तथा अन्य स्थानिक परिवेशमा सुहाउँदा पात्रको चयन गरी संवाद तथा मनोवादका माध्यमबाट उपन्यासले दिन खोजेको कुरालाई प्रस्ट्याउन सक्नु उनको औपन्यासिक शिल्प हो ।

उपन्यासको कथानकको स्रोत

आख्यानमा घटनावलीको योजना वा ढाँचालाई कथानक भनिन्छ । घटनावली वा क्रियासमूह कथानक बन्नलाई ती कार्यकारण सम्बन्धद्वारा विन्यस्त हुनु पर्दछ (शर्मा, २०४८, पृ. ४८) । कथानक कार्यकारण शृङ्खलामा आबद्ध घटनाचक्र भएकाले यसमा चरित्र, भाव, विचारजस्ता कुराहरू सन्निवेश भएका हुन्छन् । कथानकको कच्चा पदार्थका रूपमा कथा आएको हुन्छ । कथा पूर्वापर प्रसङ्गमा आबद्ध भई निरन्तर अगाडि बढेको हुन्छ । कथा कल्पनाप्रधान हुन्छ र त्यसैमा बुद्धितत्त्वको प्रयोग गरेर कथानक निर्माण गरिन्छ ।

अत : के प्रस्ट हुन्छ भने कथारूपी कच्चा पदार्थमा तर्क, बुद्धि र कल्पनाजस्ता रसायन प्रयोग गरी कथानक निर्माण हुन्छ । कथानक अगाडि बढ्दै जाँदा पाठक वा स्रोतामा भावी घटनाको बारेमा संशय र उत्सुकता बढ्दै जान्छ । यसरी उत्सुकता र संशयको माध्यमबाट नै सुगठित कथानक तयार हुन्छ । सबल कथानकमा सुरुदेखि अन्त्यसम्म रहस्यको जालो कायम रह्यो भने उपन्यासको गठन शृङ्खलाबद्ध रूपमा अगाडि बढ्छ ।

ग्रिसेली काव्यशास्त्री एरिस्टोटलले **काव्यशास्त्र**को (अध्याय सात)मा कथानकको पूर्णता या व्याप्ति शीर्षकमा कथानकको

सङ्गठनका बारेमा चर्चा गरेका छन् । पूर्णता या व्याप्तिको अर्थ आदि, मध्य र अन्त्यको सङ्गठन हो भनी प्रस्ट पार्दछन् (त्रिपाठी, २०४८, पृ.४८) । एरिस्टोटलका अनुसार आदि भनेको कथानकको प्रारम्भिक भाग हो भने अन्त्य भनेको कथानकको समाप्ति हो, अनि मध्य भनेको आदि र अन्त्यको बीच भागमा रहने अंश हो । कथानकमा यी तीन अङ्गमा कारण कार्यशृङ्खला वा क्रमशृङ्खला विद्यमान हुनुपर्दछ र त्यसको आयाम निश्चित हुनुपर्दछ । एरिस्टोटलले पूर्णता र व्याप्तिलाई सङ्गठनका मूल तत्त्व मानेपनि यहाँ कथानकको सङ्गठनलाई पूर्णताका दृष्टिबाट मात्र हेरिएको छ । एरिस्टोटलले पूर्णता अन्तर्गत आदि, मध्य र अन्त्यको चर्चा गरे पनि अर्को ठाउँमा कथानकलाई विवृति र संवृति गरी दुई भागमा मात्र बाँडेका छन् । कार्यारम्भदेखि नायकको उत्कर्षसम्मको भाग विवृति हो भने त्यसपछि अन्त्यसम्मको भाग संवृति हो । यी दुई भागलाई कथानकको पूर्वार्द्ध र उत्तरार्द्ध पनि भन्न सकिन्छ । दुखान्तकमा कथावस्तुको पूर्वार्द्धले घटनाक्रमलाई उल्झाउँदै कुतूहल बढाउँदै लैजान्छ भने उत्तरार्द्धले कुतूहल सुल्झाउँदै समाप्तितिर अघि बढाउँदै लैजान्छ ।

त्यस्तै कथानकको स्रोतका बारेमा पूर्वीय र पाश्चात्य भिन्न मत रहेको छ । पूर्वीय वा संस्कृत साहित्यमा नाटकको सन्दर्भलाई कथानकका तीनवटा स्रोतहरू भन्ने मान्यता प्रचलनमा छ । ति छन्- प्रख्यात, उत्पाद्य र मिश्रित (थापा, २०४०, पृ.३२) हुन् । त्यसैगरी पाश्चात्य साहित्यमा एरिस्टोटलले ट्रेजेडीको व्याख्या गर्ने क्रममा कथानकको तीनवटा स्रोत छन् भनेका छन् जुन दन्त्यकथा, इतिहास र कल्पना (त्रिपाठी, २०४८, पृ. ५३) भनी उल्लेख गरेका छन् । शैलीवैज्ञानिक समीक्षकहरूले आख्यानका निम्ति कथानक प्राप्त गर्ने चारवटा इतिहास, यथार्थ र स्वैरकल्पना (शर्मा, २०४८, पृ. ४६) स्रोतको उल्लेख गरेका छन् । पुराण, इतिहास, दन्त्यकथा आदि लोकप्रचलित हुने भएकाले तिनलाई

प्रख्यात भनिन्छ भने रचनाकारको मौलिक कल्पनालाई उत्पाद्य भनिन्छ । कथानकको स्रोतसम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताबीच खास भिन्नता भएको देखिन्न । आजका आख्यानका स्रोतहरूमा यी मान्यताभन्दा पनि अघि बढेर नयाँनयाँ युगीन प्रवृत्ति र समसामयिक विषयवस्तुलाई आधार बनाएर जीवन र जगत्‌लाई उद्‌घाटन गर्ने उद्देश्य राखिएको पाइन्छ ।

हिटलर र यहूदी उपन्यासको कथानकको स्रोत **महाभारत**को मिथक हो । यस उपन्यासमा द्वापरयुगमा घटित कौरव र पाण्डवबीचको **महाभारत**को युद्ध र द्वितीय विश्वयुद्धको विषयलाई आजको सन्दर्भसँग जोडेर प्रस्तुत गरिएको छ । **हिटलर र यहूदी** उपन्यासमा महाभारतीय युद्धसूत्रको पालना अर्थात् निष्काम-कर्मको व्याख्या, स्वस्तिक चिन्हयुक्त ध्वजाको विश्वव्यापक प्रचार-प्रसार गरिएको छ । यस उपन्यासमा द्वितीय विश्वयुद्धको हिटलरीय चिन्तनका साथै हिटलरको प्रतिपक्षी दर्शन, यहूदीहरूको स्वतन्त्र र पैतृक स्थल इजरायलको प्रसङ्‌गको वर्णन भएको छ । यसरी दोस्रो विश्वयुद्धलाई केन्द्र बनाएर लेखिएको प्रस्तुत उपन्यासमा समाजका राजनीतिक, सांस्कृतिक, धार्मिक, जातीय र वर्गीय द्वन्द्वले मानवीय अस्तित्वलाई नै समाप्त पार्ने तर्क गर्दै युद्धको विरोध गरिएको छ । हिटलर र यहूदी उपन्यासमा कौरव र पाण्डवबीचको **महाभारत**को युद्ध, गीता दर्शनको आडमा भएको निन्दनीय कार्य र दोस्रो विश्वयुद्धमा हिटलरले गरेको नरसंहारको विरोध गर्दै मानवतावादी विचार व्यक्त भएको छ । कोइरालाले यस उपन्यासमा मानवतावादी विचार र युद्ध विरोधी धारणा प्रस्तुत गरेका छन् । उपन्यासकारले म पात्रलाई अघि सारेर जीवनमूलक मानवतावादी दृष्टि चेतको प्रक्षेपण गरेका छन् ।

हिटलर र यहूदी दोस्रो विश्वयुद्धको ध्वंस र संहारबाट निस्सार बनेको मानवीय संवेदनालाई समेटेर प्रस्तुत गरिएको मानवतावादी उपन्यास हो । **मोदिआइन**कै शैलीमा यसमा वीर र विजय बन्ने

अभिलाषाले नरसंहार र त्यसले पारेको दुःख पीडाका साथै कष्टलाई प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानकीय स्रोत व्यासद्वारा लिखित **महाभारत** प्राचीन कथामा आधुनिक समयसन्दर्भ थपेर उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा संस्कृति, धर्मजस्ता प्रसङ्ग र युगको चित्रण समेत समावेश गरेका छन् ।

हिटलर र यहूदी उपन्यासको कथानकमा मिथक

हिटलर र यहूदी १३६ पृष्ठमा संरचित दार्शनिक उपन्यास हो । एघार खण्डमा विभाजित छ । वि.सं. २०४० मा प्रकाशित वीपीको देहावसानपछि प्रकाशित यो पाँचौ कृति हो । लेखनको दृष्टिले पहिलो मानिएको (अन्दाजी २०१७-२५) को अनुमान गरिएको **हिटलर र यहूदी**को कथावस्तु र घटनाक्रम द्वितीय विश्वयुद्ध पछिको रहेको छ ।

यात्रा संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यासमा म पात्र स्वयम् उपन्यासकार क्यान्सरको उपचारको क्रममा भारत हुँदै लन्डन जाँदाको बेला पानीजहाजमा यात्रीहरूसँग घटेका घटना र प्रसङ्गलाई समेटेर प्रस्तुत गरेका छन् । प्रस्तुत कृति गीता दर्शनको असहमतिलाई कोइरालाले मानवतावादी वैचारिक चिन्तनबाट व्यक्त गर्न सफल भएका छन् । नेपाल, भारतको भूगोल मात्र नभई युरोपका परिवेश र विषयलाई उपन्यासले समेटेको छ । दोस्रो विश्वयुद्धले उत्पन्न गराएको नरसंहारकारी त्रासदीलाई अन्तराष्ट्रिय परिवेश र पात्रद्वारा वर्णित प्रस्तुत उपन्यासले कृष्णको युद्धमोह र त्यसले पारेको प्रभावको खण्डन गरेको छ । यथार्थमा आधारित हिटलर र यहूदी उपन्यासमा कल्पनापक्ष र कलात्मकभन्दा बौद्धिकता र यथार्थको चित्रण पाइन्छ ।

महाभारतको युद्ध कृष्ण र अर्जुनको भूमिका र मानवबन्धकका प्रसङ्गसँग जोड्दै द्वितीय विश्वयुद्ध हिटलर उसले गरेको यहूदीहरूको

बध वा विनासलाई मिथक सापेक्ष सिद्धान्तमा रहेर वर्णन गरिएको संस्मरणात्मक उपन्यासले आद्य बिम्बको प्रयोग गरी स्वअभिव्यक्तिलाई प्रस्ट पारेका छन् । विश्वयुद्धले ध्वस्त पारेको भारतवर्षका देशसँग गर्दै युद्ध मानव विरोधी कार्य हो भन्ने विचार अभिव्यक्ति गरेका छन् । मिथकीय विषयवस्तुलाई समेटेर नवीन विचारका साथ प्रस्तुत गरिएको हिटलर र यहूदी उपन्यासमा आद्यबिम्ब, सामूहिक अचेतन र ऐतिहासिक घटनाको चित्रण पाइन्छ । महाभारतको युद्ध र द्वितीय विश्वयुद्धले गरेको मानवहिंसा, वध र नरसंहारपछिको जनजीवन र मानिसका अवस्थालाई उपन्यासले चित्रण गर्न सफल रहेको छ ।

आदि भाग : लामो समयको कारावासपछि मुक्त हुनु, जेलमा बस्दा म पात्र रोगको आक्रमणबाट सिकार हुनु, उपचार गर्न विदेश जान खोज्नु, काठमाडौंबाट बम्बई जानु, त्यहाँको बसाई र उपचारको क्रममा डक्टरबाट लन्डन जान भन्नु, उपचारको लागि पानीजहाजको यात्राबाट लन्डनको लागि रमाना हुनुजस्ता घटना उपन्यासको आदि भाग हो ।

मध्य भाग: पानीजहाजमा रेवासँग भेट हुनु, पानीजहाजमा नारायणन, डेभिडसँग भेट र परिचय हुनु, आपसी निकटता बढ्नु र विभिन्न विषयमा भलाकुसारी हुनु, लक्ष्मीले चिठी लेख्नु, राजनैतिक, सामाजिक तथा दार्शनिक बहस हुनु, हिन्दू धर्म, संस्कृति र रीतिरिवाजका बारेमा तर्क वितर्क गर्नु, म पात्र रेवासँग नजिकिनु र शारीरिक सम्बन्धसमेत राख्नुजस्ता घटना उपन्यासको मध्य भाग हो ।

अन्त्य भाग : पानीजहाजबाट ओर्लेपछि लन्डनमा उपचार गराउनु, जर्मन, इजरायलको भ्रमणका क्रममा म पात्रले हिटलरको ग्याँसच्याम्बरको अवलोकन गर्नु, जर्मनीमा इल्जे नामक पात्रसँग भेट हुनु, आफ्नो रोगी बाबुलाई पालेर जीविकोपार्जन गरेर बसेकी बालिकालाई भेट्नु, होटेलकी

रिसेप्सनिस्ट अनि आफ्नो गाइड बनेकी केटीसँग कुराकानी गर्नु, आफू बसेको घरकी मालिक्नी बूढी र तरूनी छोरीसँग युद्धका बारेमा बुझ्नु, दोस्रो विश्वयुद्धमा खुट्टा गुमाएको सिपाही आदिका सम्पर्कबाट हिटलर र यहूदीका बीच वैमनस्यता बुझ्नु, द्वितीय विश्वयुद्धका भग्नावशेषहरू हेर्नु, अन्त्यमा पेरिसबाट इजरायलसम्म पुग्नु र अवलोकन गर्नु जस्ता विषयबाट उपन्यासको अन्त्य भएको छ, यो उपन्यासको अन्त्य भाग हो ।

म पात्र रोगी भएको र त्यस रोगको परीक्षणार्थ बम्बई पुगेको अवस्थाबाट **हिटलर र यहूदी** उपन्यास प्रारम्भ भएको छ । बम्बई पुगेपछि म पात्रले आफू क्यान्सरको भयानक रोगबाट ग्रस्त भएको कुरा चिकित्सकबाट थाहा पाउँछ । बम्बई पुगेको म पात्रसँग अन्तर्राष्ट्रिय यहूदी सम्मेलनमा भाग लिन आएको डेभिड नामक इजरायली युवकको भेट र परिचयबाट उपन्यासको कथाले गति प्राप्त गरेको छ । लोग्नेको गम्भीर रोगको सूचना प्राप्त गरेपछि इङ्ल्यान्ड गएर उपचार गर्नुपर्छ भन्ने थाहा पाएर म पात्रलाई उसकी पत्नी लक्ष्मीले आफ्नो घरको सम्पत्ति र गहना बेची उपचारका लागि तुरून्त जान प्रेरित गरेकी छ । डेभिडले बिदा गरेका यहूदीहरू गोल्डवर्ग र युवकसँग म पात्रको मित्रता बढ्दै जान्छ, फ्रान्समा बसोबास गरेका भारतीय लेखक नारायणन, इङ्गल्यान्डमा व्यवसाय गरेर बसेका पतिको पत्नी रेवा, इङ्गल्यान्डमा बसोबास गरेका बङ्गाली डक्टरसँग समेतको सहयात्रामा म पात्र यात्रारत हुन्छ । पानीजहाजमा बीच-बीचमा यात्रीहरू छुट्ने र जुट्ने प्रक्रिया क्रमशः चल्दै गएको छ । इटाली र इजिप्टका यात्रीहरू बीचमा छुट्छन् । नारायणन फ्रान्समा र इङ्गल्यान्डमा पुगेपछि बङ्गाली डक्टर र रेवा पनि छुट्छन् । म पात्र मात्र पानीजहाजको अन्तिम स्टेशनमा पुग्दछ । म पात्रको आवासको ठेगानाअनुसार पत्नी लक्ष्मीले पत्र लेखेकी हुन्छे । बिडम्बनायुक्त अनुभूतिको सिकार बन्न पुगेको म पात्रले हिटलरको ग्याँसच्याम्बरको अवलोकनका क्रममा

जर्मनीमा इल्जे नामक आफ्नो रोगी बाबुलाई पालेर जीविकोपार्जन गरेर बसेकी बालिका, होटेलकी रिसेप्सनिस्ट अनि आफ्नो गाइड बनेकी केटी, आफू बसेको घरकी मालिक्नी बूढी र बूढीकी तरूनी छोरी, विद्यार्थीहरू, दोस्रो विश्वयुद्धमा खुट्टा गुमाएको सिपाही आदिका सम्पर्कबाट हिटलर र यहूदी बीचका द्वन्द्व भएको कुरा थाहा पाउँछ । हिटलर र तत्कालीन समाजका परिस्थितिले सृजना गरेका दुर्नियति, बालसेना र युवासेनाको अनिवार्यताले जन्माएको समाप्ति जस्ता कारणले युवतीको विवाह हुन नसकेको टीठलाग्दो वास्तविकता, यहूदी भएका कारणले बालवृद्ध र नारी कसैलाई बाँकी नराखी ग्याँसच्याम्बरमा लगेर होमेको र होमबाट मानव बसोबासमा असाध्यै दुर्गन्ध विस्तार भएको कथाले उपन्यासभित्र विकराल रूप लिएको छ ।

हिटलर र यहूदी उपन्यासमा दोस्रो विश्वयुद्धका खलनायक हिटलरद्वारा मारिएका यहूदीहरूको चित्कार, युद्धको भग्नावशेष र मानवीय कठिन परिवेशको चित्रण पाइन्छ । उपन्यासमा म पात्रद्वारा उपचारको क्रममा भोगेका, देखेका र सुनेका विभिन्न पक्षलाई दृश्य, संवाद र उदाहरणका रूपमा प्रस्तुत गर्दै महाभारतको युद्ध तथा द्वितीय विश्वयुद्धका मानव विरोधी क्रियाकलापको खण्डन गरिएको छ । लामो समयको कारावासपछि मुक्त म पात्र रोगको आक्रमणबाट सिकार बनेको छ । त्यस रोगको परीक्षणार्थ बम्बई पुगेको अवस्थाबाट उपन्यासमा वर्णित छ । बम्बई पुगेपछि म पात्रले आफू क्यान्सरको भयानक रोगबाट ग्रस्त भएको कुरा चिकित्सकबाट थाहा पाउँछ । बम्बई पुगेको म पात्रसँग अन्तर्राष्ट्रिय यहूदी सम्मेलनमा भाग लिन आएको डेभिड नामक इजरायली युवकको भेट र परिचयबाट उपन्यासको कथाले गति प्राप्त गरेको छ । लोग्नेको गम्भीर रोगको सूचना प्राप्त गरेपछि इङ्ल्यान्ड गएर उपचार गर्नुपर्छ भन्ने थाहा पाएर म पात्रलाई उसकी पत्नी लक्ष्मीले आफ्नो घरको

सम्पत्ति र गहना बेची उपचारका लागि तुरुन्त जान प्रेरित गरेकी छ ।

हिटलर र यहूदी उपन्यासमा म पात्रको जहाजबाट यात्रा आरम्भ भएको छ । डेभिडले बिदा गरेका यहूदीहरू गोल्डवर्ग र युवकसँग म पात्रको मित्रता बढ्दै जान्छ, फ्रान्समा बसोबास गरेका भारतीय लेखक नारायणन, इङ्गल्यान्डमा व्यवसाय गरेर बसेका पतिको पत्नी रेवा, इङ्गल्यान्डमा बसोबास गरेका बङ्गाली डाक्टरसँग समेतको सहयात्रामा म पात्र यात्रारत हुन्छ । बीच-बीचमा यात्रीहरू छुट्ने र जुट्ने प्रक्रिया क्रमशः चल्दै जान्छ । इटाली र इजिप्टका यात्रीहरू बीचमा छुट्छन् । नारायणन फ्रान्समा पुगेपछि र इङ्गल्यान्डमा पुगेपछि बङ्गाली डाक्टर र रेवा पनि छुट्छन् । म पात्र मात्र यात्राको अन्तिम टुङ्गोमा पुग्दछ । म पात्रको आवासको ठेगानाअनुसार पत्नी लक्ष्मीले पत्र लेखेकी हुन्छे । बिडम्बनायुक्त अनुभूतिको सिकार बन्न पुगेको म पात्रले हिटलरको ग्याँसच्याम्बरको अवलोकनका क्रममा जर्मनीमा इल्जे नामक आफ्नो रोगी बाबुलाई पालेर जीविकोपार्जन गरेर बसेकी बालिका, होटेलकी रिसेप्सनिस्ट अनि आफ्नो गाइड बनेकी केटी, आफू बसेको घरकी मालिक्नी बूढी, छोरी र विद्यार्थी, दोस्रो विश्वयुद्धमा खुट्टा गुमाएको सिपाही आदिका सम्पर्कबाट हिटलर र यहूदी बीचका द्वन्द्व भएको कुरा थाहा पाउँछ । हिटलर र तत्कालीन समाजका परिस्थितिले सृजना गरेका दुर्नियति, बालसेना र युवासेनाको समाप्ति जस्ता कारणले युवतीहरूको विवाह हुन नसकेको वास्तविकता, यहूदी भएका कारणले बालवृद्ध र अवला कसैलाई बाँकी नराखी ग्याँसच्याम्बरमा लगेर होमेको र होमबाट मानव बसोबास स्थलमा असाध्यै दुर्गन्ध विस्तार भएको कथाले उपन्यासभित्र विकराल रूप लिएको छ ।

हिटलर र यहूदी उपन्यासको मूल विषय नै **महाभारत**को गीता दर्शनद्वारा मानव अस्तित्वको विचार प्रस्तुत गर्नु हो । उपन्यासमा

गीता दर्शन र मानव नियति युद्धले पारेको प्रभाव र युरोपको अवस्था, युद्धबाट बचेका मानवको पीडा, इल्जे र थियोडोरा जस्ता लाखौं नारीका कहालीलाग्दा जीवनशैली, पीडाका व्यथा, मानवतावादी, भोगवादी, अध्यात्मवादी दार्शनिक विचार हुन् । उपन्यासको कथावस्तु म पात्रको भ्रमणसँग सम्बन्धित भएर इतिहाससँग निकट देखिएको छ ।

हिटलर र यहूदी उपन्यासको विषयवस्तु **महाभारत**को पृष्ठभूमि तथा द्वितीय विश्वयुद्धको इतिहासको घटना तथा प्रसङ्गमा आधारित छ । कथा-यथार्थ- ऐतिहासिक नभए पनि मिथकीय घटना तथा पात्रको प्रयोग गर्दै यात्रावृत्तान्तमा लगेर जोडेका छन्। यस उपन्यासको पात्र नै स्वयम् लेखकले उत्तम पुरुष र पुरुष पात्रको माध्यमबाट म पात्रको प्रयोग गर्दै नेपालदेखि बम्बई, लन्डन, जर्मनी र फ्रान्स हुदै इजरायलसम्मको रम्य वातावरणको चित्रण गरेका छन् । उपन्यासको पहिलो वाक्य नै -'जेलबाट छुटेर म ओखती गर्न बम्बइ आएको थिए' भनेर सुरु भएकोले म पात्रको स्वकथन शैलीद्वारा भएको यात्रा वर्णनको छनक पाइन्छ ।

हिटलर र यहूदी उपन्यास **महाभारत**को विषय, पात्र र परिवेशलाई मूल आधार बनाएर रचना गरिएको छ । यस उपन्यासको माध्यमबाट उपन्यासकारले युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेका छन् । यसैबाट सुखी जीवन र समुन्नत सभ्यता प्राप्त हुने सन्देश उपन्यासले दिएको छ । यसरी उपन्यासमा मिथक समसामयिक सान्दर्भिकताका साथ प्रयुक्त छ । देश विचरण एव्म यात्रावर्णनका सिलसिलामा एक नेपाली युवकले यो उपन्यासका सम्पूर्ण घटनाक्रम आफूसँग सम्बद्व गराई प्रथम पुरुषात्मक शैलीमा प्रकट गरेका छन् । नेपाली युवक भारतको बम्बई व्यस्त सहरमा अर्वुद रोगको उपचारार्थ पुगेका छन्, पानीजहाजको यात्राका क्रममा बुइँगलको कोठाको बारमा डेभिड नामक व्यक्तिसँग परिचय हुन्छ, जो अन्तराष्ट्रिय यहूदी सङ्गठनका

प्रतिनिधि भएकाले इजरायलको स्थापनाका निम्ति यहूदी जातिले गरेको कष्टको वर्णन गर्दै युवकको मन खिच्न सफल भएका हुन्छन्: साठी लाख यहूदी आलु पोलिएझैं पोलिए भन्ने घीनलाग्दो मानव हत्याको प्रसङ्गले इजरायल र पेलेस्टायन स्थापना अति अनिवार्य महसूस हुन जान्छ भने यहूदीहरूका दुष्कर्मको परिचय मिस मागरिटबाट बोध हुन जाँदा इजरायलको स्थापनामा पनि नरसंहार भएको बुझ्न पाइने मौका मिल्दछ । अवसरमा म पात्रको स्ववर्णन र यात्राको विषयमा विभिन्न पात्रद्वारा संवाद गराउदै **महाभारत**को सभा पर्व र गीताको दर्शनले पारेको देवत्वको छाप त्यसबाट बनेको अलग सभ्यता र नरसंहारको विरोधमा उपन्यासमा विभिन्न तार्किक विचार अभिव्यक्ति भएका छन् । यस उपन्यासमा द्वितीय विश्वयुद्ध साठी लाख यहूदीको हत्या गर्ने हिटलर र **महाभारत** युद्धमा लाखौं मानिसका मृत्युका कारण बनेका कृष्णबीच तुलना गर्दै गीताको दर्शनमा प्रेरित हिटलरले पनि कृष्णकै अनुसरण गर्दै धर्मको आडमा गरेको कार्यलाई ईश्वरको अनुग्रह मानेका विचार नै गलत हो भन्ने धारणा व्यक्त भएको छ । धर्म र दर्शनको आडमा आफूले गरेका कर्मलाई सहि भन्दै आफ्नो धारणामा सम्पूर्ण ब्रम्हाण्डको कर्मयोग हो, जसलाई ईश्वरले पनि भन्दछन् भन्दै आफैले खनेको बाटोमा हिडेका साठीलाख यहूदीहरू हिटलरको भट्टीमा होमिए । जसरी **महाभारत**मा कृष्ण निमित्त थिए त्यसरी नै दोस्रो विश्वयुद्धमा हिटलर निमित्त हुन् । आत्मा अजर, अमर छ जीवलाई कसैले मार्न सक्दैन सबै उनैको अनुग्रह हो । नियतिद्वारा कर्म निर्देशित छ, भन्दै गीता दर्शनको आत्माको स्वरलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

'य एनं वेत्ति हन्तार यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ।। २।१९

साठी लाख यहूदी एकै भट्टीमा भुटिए पनि ईश्वरकै आज्ञा वा निर्देशमा गरिएको कर्म भन्दै हिटलरले आफूलाई ईश्वरको कार्य गर्ने व्यक्ति मानेको प्रसङ्ग उपन्यासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रस्तुत गर्दै हिटलरले गरेको कार्य मानवविरोधी कर्मको परिचर्चा गरिएको छ। प्रस्तुत पद्यांशमा आत्मा अमर छ, यो त ईश्वरको इच्छा हो भन्नुपर्ने बाध्यतालाई उपन्यासको विषयवस्तुमा जोडिएको छ।

हिटलर र यहूदी उपन्यासमा मिथकीय कथानकसँगै प्रस्तुत भएका पात्रहरू स्वतन्त्र विचार बोकेका भिन्न धर्म, संस्कृति र संस्कार भएका छन्। कोही बुद्धिवादी छन् कोही अध्यात्मवादी, आ- आफ्नै तर्कद्वारा घटनालाई सापेक्षतामा वर्णन गरेका छन्। युद्धविभिषिका र विध्वंसको वर्णन गर्दै बर्लिन सहरलाई हिटलरको कर्म र युद्धको भग्नावशेषका रूपमा चित्रण गरिएको प्रस्तुत उपन्यासमा युद्धद्वारा प्रत्यक्ष यातना भोगेका थियोडोरा र इल्जेको कष्टपूर्ण जीवनशैलीलाई देखाइएको छ।

खासगरी भारतीय संस्कृति र युरोपेली स्वच्छन्दतावादको गम्भीर छलफल गराउँदै द्वितीय विश्वयुद्धको नरसंहारका नामक हिटलरको क्रुरताको सिकार भएको यहूदीको दर्दपूर्ण कथासँग **महाभारत** र कृष्णको कृत्यसँग जोड्दै दुबै मानवताका विरूद्ध भएकाले गीता दर्शनले पारेको देवत्वको छाप र त्यसबाट बनेको मूल्य, मान्यता र अवस्थालाई विभिन्न कथात्मक पृष्ठभूमिमा लेखिएको छ भन्दै उपन्यासकार स्वयं भन्दछन् : हिटलर र यहूदी पनि मोदिआइन जस्तै गीतालाई आधार मानेर लेखिएको उपन्यास हो। उपन्यासमा हिटलरलाई गीतामा कृष्णको समानता प्रस्तुत गर्दै दुवै अद्‌भुत छन् दुवैमा मानव विनाशको कुनै अर्थ छैन। दुइटैमा मानव संवेदनशीलता पटक्कै पाइँदैन। यसरी उपन्यासकारले परम्परित मूल्य र मान्यता तथा आस्थाका विरुद्व प्रस्तुत उपन्यासको आधार हो

भन्न सकिन्छ । **हिटलर र यहूदी** उपन्यासको विषयवस्तु महाभारतको युद्ध, कृष्णको विराटरूपको दर्शन, अर्जुनसँगको संवादका प्रसङ्गका केही प्रत्यक्ष तथा अप्रत्यक्ष घटनाको पृष्ठभूमिमा मानवतामूलक विचार प्रस्तुत भएका छन् । साथसाथै यौनजनित सन्दर्भ, अस्तित्त्वको चर्चा व्यक्तिगत स्वतन्त्र र चाहनाका साथसाथै धर्मको आडमा गरिएका कार्यको विरोध नै उपन्यासको मूल विषयवस्तु हो । उपन्यासमा गीता दर्शनको चर्चा गरिए पनि कृष्णलीला र कर्मप्रति असहमति र भिन्न विचार प्रस्तुत गरिएको छ । धर्मपद वा कर्मवादका नाममा गरिएको नरसंहारलाई अक्षम्य अपराध मानिएको छ । धर्म र जातिको आडमा लडिएको महाभारत युद्ध तथा द्वितीय विश्वयुद्धलाई आधुनिक मानवतावादी विचारका आधारमा एउटै दृष्टिकोणमा प्रस्तुत गर्दै गीता दर्शनको शाश्वतता र व्यवहारिकताको मूल्याङ्कन गर्न खोजेका छन् ।

द्वितीय विश्वयुद्ध र **महाभारत**को युद्धको प्रसङ्गसँगै हिटलर र कृष्णको चरित्रसँग तुलनात्मक चित्रण गरिएको छ। यस उपन्यासले धर्म र संस्कृतिलाई समसामयिक सान्दर्भिकतामा ढालेर प्रस्तुत गरेको छ। **हिटलर र यहूदी** उपन्यासमा **महाभारत**को युद्धमा कृष्णले निर्वाह गरेको चरित्र र द्वितीय विश्वयुद्धमा हिटलरले धर्म र जातिका नाममा गरेको नरसंहारप्रति विमति राख्दै मिथकसँग जोडेर इतिहासको व्याख्या गरिएको छ ।

वर्तमान समयमा जाति र धर्मका नाममा विभिन्न संगठन, जातिवादी समूहले गरेका विविध अमानवीय व्यवहार, हत्या, हिंसा, बलात्कारका सन्दर्भसँग निकट देखिएको हिटलर र यहूदी उपन्यासमा प्रयुक्त विषयवस्तुको घटनाको चित्रण देखिन्छ । युद्धपछिको पीडाबाट ग्रसित समाज र पात्रको कष्टकर जीवनशैलीसँग इल्जे र थियोडोराको कष्टपूर्ण अवस्थाको चित्रण गर्दै, युद्धको ध्वंस वैमनस्यका साथसाथै मानवीय अस्तित्वको विषयसँग उपन्यासको मूल कथानकको सम्बन्ध

रहेको छ । देशको आन्तरिक द्वन्द्व, राजनैतिक अस्थिरता र कठिनपूर्ण जीवनशैलीलाई उपन्यासमा देखाउन खोजेका छन् । द्वितीय विश्वयुद्धमा मारिएका युरोपियनहरू, ध्वस्त भएको युरोपको भग्नावशेष, हिटलरले ग्याँसच्याम्बरमा पोलेर मारिएका यहूदीहरूको इतिहासलाई जीवन्त बनाउँदै **महाभारत**को युद्धमा कृष्णको कुटिल चालद्वारा निर्देशित अर्जुनको युद्ध प्रेरित अवस्था र त्यसबाट भएको नरसंहारको चित्रण गर्दै वर्तमान विश्वमा विभिन्न धार्मिक सङ्गठन तथा अतिवादी समूहद्वारा गरिएका तथा गरिने हत्या हिंसाजस्ता कुराको विरोध गरिएको छ ।

उपन्यासको मूल विषयको उठानका क्रममा हिटलर र ईश्वरका कुराकानीको सन्दर्भमा हिटलरले **महाभारत**को मिथकमा आएको कर्मवादी दर्शन अर्थात् गीताको सन्दर्भलाई उल्लेख गरिएको छ । यो उपन्यास विश्व इतिहासको एउटा महत्त्वपूर्ण तर अमानवीय पाटोसँग सम्वन्धित भएर आएको छ । द्वितीय विश्वयुद्धमा हिटलरले लाखौं यहूदीलाई ग्याँसच्याम्बरमा हालेर मारेको थियो । उपन्यासमा त्यही घटनालाई **महाभारत**को युद्ध कर्मवाद नियतिसँग जोडेर प्रस्तुत गरिएको छ । चाहे धर्मको युद्ध होस् वा जातिको नाममा गरिएका कृत्यहरू मानवविरोधी क्रियाकलाप हुन् भन्दै त्यसको विरोध तथा मानवतावादी विचारको युगसापेक्ष चिन्तन गरिएको छ ।

हिटलरले आफूलाई **महाभारत**को कृष्णको विचार र कर्मका अनुयायी भनेर भनेको प्रसङ्गसँग तुलना गरिएको छ । उपन्यासले जसरी **महाभारत**को युद्धका कृष्णको चरित्रको विरोध गरेको छ त्यसरी नै द्वितीय विश्वयुद्धमा हिटलरले गरेको कुकृत्यको तुलना गरेको छ । हिटलरले आफ्ना अपराधहरूलाई कृष्णले अर्जुनलाई बताएको उपर्युक्त उपदेशमा कर्मयोगलाई आधार बनाउदै सहि सावित गर्ने प्रयत्न गरेको छ । ईश्वरले गीताबाट तुलनात्मक सन्दर्भलाई निकट राखेपछि उपन्यासकारले यसरी

आफ्नो विचार प्रस्तुत गरेका छन् । गीताको कहिल्यै पनि असमयता छैन स्थान र कालको सम्बन्धबाट मुक्त चिरञ्जीवी सत्य छ त्यसमा । जीवनमा त्यो मेरो आदर्श र सम्बल थियो, मृत्युपछि त्यही मेरो सर्वोच्च पदको प्रमाण पनि (कोइराला, २०६४, पृ.१११) उपन्यासमा वर्णित सन्दर्भ र प्रसङ्गले गीतालाई राजनीतिज्ञका लागि अनिवार्य ग्रन्थको रूपमा वर्णन गरेको छ । शक्ति र सत्ता प्राप्तबाहेक अरू कुनै नभएकाले मानवहत्या हिंसा षड्यन्त्र सबै वैयक्तिक स्वार्थमा निहित छ भन्दै यो विचार राजनीतिज्ञको खराब पक्ष हो भनिएको छ । सामूहिक स्वार्थका लागि गरिएको कर्म मात्र उत्तम हुन्छ भन्ने विचारको पक्षमा गीताले स्पष्ट पारेको कर्मयोगकै बाटोमा हिटलर आफूले ईश्वरद्वारा निर्दिष्ट कर्म गरेको तर्क ईश्वरका अगाडि राखेको छ । उपन्यासमा ऊ भन्छ :

> *यस ग्रन्थले भन्छ मानिस र शक्ति प्राप्ति बाहेक राजनीतिका लागि हेतुहीन हुन्छन्, एकदम निरर्थक । साँच्चै भन्ने हो भने अरू कुरा शक्तिको पथमा अग्रसर हुने व्यक्तिको गोडाको जन्जीर हुन्छ - दया-माया, दानीभाव, मानवता, प्रेम या तिनको विपरीत भावना- घृणा-निष्ठुरता । यदि कसैले प्रेमले या घृणाले या निष्ठुरताले नै कसैलाई मार्छ भने त्यो नरहत्या हो, पाप । किनभने त्यस हत्याको क्रिया प्रेमको आसक्तिमा,घृणा निष्ठुर, उत्तेजना र उन्मादमा सम्पन्न भएको हुन्छ, तर यदि त्यही हत्या आसक्तिरहित छ भने युद्धका लाखौंलाख प्राणीको हत्या पनि अवैयक्तिक तथा....... त्यो धर्मसम्मत, पुण्यवान् कार्य हुन जान्छ (कोइराला, २०६४, पृ.१११)*

आफूले शक्ति प्राप्त गर्नका निमित्त शक्तिवान् बन्नका लागी साम, दाम, दण्ड, भेद वा षड्यन्त्र गरेर अरूको हत्या हिंसा पनि अनिवार्य हुन्छ भन्ने हिटलरको धारणा छ । तर त्यस्तो शक्ति आफ्नो वैयक्तिक ईच्छा परिपुर्तिका लागि इन्द्रिय भोगका लागी नभएर सर्वहितमा हुनुपर्छ

भन्ने भनाई हिटलरको छ जस अनुरूप साठीलाख यहूदीलाई मार्नुमा ऊभित्र कुनै पश्चाताप देखिन्न । **महाभारत**मा यो कर्मलाई कृष्णले कर्तव्यका रूपमा वर्णन गरेका छन् भन्दै आफ्नो तर्क प्रस्तुत गरेका छन्। जसरी **महाभारत**को युद्धमा कृष्ण र अर्जुनद्वारा क्षत्रिय धर्मका नाममा लाखौं व्यक्तिको हत्या गरेका छन् । त्यसैगरी आफूले पनि राजनीतिक कर्तव्य पुरा गर्नुपर्ने कृष्णकै धारणामा आफूले पनि राजनीतिक कार्य गरेको भन्ने विचार प्रकट गरेको छ । हिटलरद्वारा आफू राजनीतिज्ञ भएको र क्षेत्रीय धर्म, कर्तव्य निर्वाह गर्न ईश्वरकाबीच संवादको कल्पनाका माध्यमबाट कर्मद्वारा निर्देशित भएको बताएका छन् : दोषमुक्त निर्मल प्राणी हूँ म । आफ्ना लागी मैले केही पनि गरिन् (कोइराला, २०६४, पृ.११३) उपन्यासमा हिटलरलाई र कृष्णलाई क्रुर, मानवविरोधी व्यक्तिका रूपमा चर्चा गरेको छ । जसरी कृष्णको कुरामा लागेर अर्जुनद्वारा मानव वध भएको थियो र महाभारतकालीन देशहरू विध्वंस भएका थिए, त्यस्तै हिटलरको बर्बरताले जर्मन शहर ध्वस्त भएको र लाखौं यहूदीको हत्या भएको छ । युद्धमा लाखौं लाख मानिसले हिंसाको छाँयामा मृत्युवरण गरेका छन् । यी कृत्यहरू दानवीय क्रुरताको पराकाष्ठा मान्न सकिन्छ ।

गीता दर्शनको मूल विषयलाई प्रस्तुत गरिएको **हिटलर र यहूदी** उपन्यासमा विविध दार्शनिक पक्ष र प्राकृतिक व्यवहारद्वारा मानव अस्तित्वको चित्रण गर्दै मानवतावादी विचारको प्रदर्शन गरेका छन् । नियतिवादी दार्शनिक विचारको र नियतिलाई प्रश्न नगर र प्रत्येक मानिस र जाति विपतिको छाप लगाएर निर्देशित कर्म गर्दछु भन्दै गीताको कर्मवाद र भोगवादद्वारा कर्तव्यको रूपमा चित्रण गरेका छन् । ईश्वरलाई सर्वशक्तिमान स्वरूपको मान्दै मानवले गर्ने कर्म उनै ईश्वरबाट निर्देशित हुन्छ जसलाई नियति मान्न सकिन्छ तसर्थ मानिस नियतिको दास भएर

असल वा खराब कर्मप्रति लालायित हुन्छ । नियतिनिर्दिष्ट कर्म गर्न पुग्दछ भन्ने यथार्थलाई आत्मसात् गर्दै आफ्नो विचार अभिव्यक्ति गर्न सक्षम छन् ।

आजको वर्तमान युगीनसन्दर्भ र चेतलाई धर्म र जातिजन्य घृणाद्वारा उपन्यासमा हिटलरको हत्या हिंसालाई जोड्न सकिन्छ । एउटा मानिसले अर्को मानिसलाई घृणा र शत्रुताको व्यवहार मात्र गर्दछ भने त्यहाँ जतातत्तैबाट मानवता आक्रान्त हुन पुग्दछ भन्ने यथार्थ उपन्यासले प्रस्तुत गरेको छ । यहूदीको हत्या र यहूदीद्वारा प्यालेस्टाइनी माथि भएको अन्याय मानवता विरोधी कार्य हो । उपन्यासमा वर्णित यहूदीको सामूहिक हत्या लडाई र युद्धका प्रभावले कठिन अवस्थामा जीविकोपार्जनका लागी आफ्नो शरीरसम्म बेच्न पुगेका युरोपेली महिलाका दर्दनाक अवस्थाद्वारा अत्यन्तै मर्माहत बन्न पुगेका म पात्रले मानव संवेदना र अस्तित्त्वका पक्षमा आफ्नो विचार प्रस्तुत गर्दै युद्धले विगत र वर्तमान दुवै समयमा मानवजातिका दुश्मनी बढाएको यथार्थलाई देखाउन खोजेका छन् ।

यहूदीसहित मानवजातिले भोग्नुपरेका अमानवीय कृत्य, सन्त्रास र त्यसले पारेको प्रभावलाई प्रत्यक्ष जीवनपद्धतिसँग तुलना गर्दै उपन्यासले आपसी वैमनस्यले हिजो पनि कठिन पलको सामना गर्नु परेको र आज झन्झन् डर त्रासमा बाँच्नु परेको विश्वको अवस्थालाई सङ्केत गरेको छ । आजको विश्वको बढ्दो आपसी झैझगडा, युद्ध समाधानको बाटो होइन् आपसी प्रेम र सद्भावद्वारा नै बाँच्न सकिने प्राकृतिक नियमको ज्ञात गराउदै युद्धविरोधी विचार विश्वबन्धुगत भावना र मानवतावादी चेतलाई उपन्यासकार प्रस्तुत गर्न खोजेका छन् ।

एउटै विचारमा मात्र केन्द्रित नभएको **हिटलर र यहूदी** उपन्यासले समसामयिक चिन्तनलाई अगि सार्दै वर्तमान समयसँग तादाम्यता राखेको छ। यौनजनित व्यवहारदेखि लोकप्रचलित धार्मिक वैचारिक विविध मूल्य र

मान्यता तथा आस्थालाई तर्कपूर्ण तरिकाले जोड्दै वर्तमानको मानवतावादी भावधारामा प्रवाहित गरेको छ । म पात्रको यात्रामा पेरिसको बसाइमा डा. भट्टाचार्य र पत्रकारको साहचार्यमा अनेकौं ऐतिहासिक, कलात्मक विविध वस्तुको अवलोकन तथा स्मारकको वर्णनले त्यस स्थानको महत्त्वलाई अझ प्रष्ट्याएको छ । कुनै पनि मुलुकको पहिचान त्यहाँको लोकसंस्कृति कला र इतिहाससँग निकट रहन्छ भन्दै बौद्धिक समुदायमा रहेको विभिन्न दार्शनिक र वैचारिक सम्बन्धलाई वर्णन गरेको छ ।

मानिसले जेजस्तो परिस्थितिमा जे जस्तो कुरा भोग्नुपरे पनि त्यसको दोषी मानव नभएको भन्दै कर्मलाई नियतिको सर्वोपरिता मानव-जीवनमा अक्षुण्ण रूपले रहन्छ भन्दै एकातिर युद्धविरोधी भावना र अर्कातिर नारी चरित्र र यौनका विविध पक्षलाई प्रस्तुत गर्दै प्रकृति प्रदत्त इच्छा र चाहनाहरू स्वत: उत्पन्न हुन्छन् भन्दै नारीपात्रको संसर्गमा उपन्यासको म पात्रलाई समर्पित गराएर मानसिक विचार र शारीरिक चाहनाको तालमेल गराएका छन् । स्वतन्त्र जीवनका यौनसम्बन्धी विचारगत सन्देश प्रस्तुत गरिएको छ ।

गीतावादीलाई पश्चाताप हुँदैन, उनीहरूका लागि यस्तो कुनै दण्ड विधान छैन भन्ने हिटलरको विचार यस्तो छ: अन्तस्करणमा यहूदीहरूको आविष्कार हो, कमजोर जातिको चलाकी जस्तो कि नित्से भन्थ्यो (कोइराला, २०६४, पृ.१४७) भन्ने विचारलाई परम्परित मूल्य र आस्थामा स्वीकार नगरी मानवद्वारा गरिएका हिंसाजनित कार्यको विरोधका रूपमा उपन्यासकारले आफ्नो विचार अभिव्यक्ति गरेका छन् । कुनै पनि धर्म वा त्यसद्वारा निर्देशित कर्म मानवहितका लागि हुनुपर्दछ भन्दै धर्मनिरपेक्ष भएर गीताकै स्वअध्ययन गरी मानवता र कर्तव्यपरायणता निर्वाह गर्नुपर्दछ भन्न खोजेका छन् । उपन्यासले असल कर्म, असल विचारद्वारा

समाजमा, राष्ट्रमा, विश्वमा शान्ति प्रेम र बन्धुत्त्व कायम गर्न सकिन्छ भन्ने विचारका साथ आजको मानव समुदायमा देखिएको शक्ति र सत्ताको अहंतालाई मानव विनाशसँग जोड्न खोजेको छ। वर्तमान समयको हत्या हिंसाजस्ता अमानवीय कार्यलाई यस उपन्यासद्वारा गर्न नहुने वर्जित कर्मका रूपमा व्याख्या गर्दै हिटलरद्वारा गरिएको नरसंहार र कृष्णद्वारा निर्देशित महाभारत युद्ध दुवै प्रकृति विरुद्धका मानव क्रियाकलापका रूपमा प्रस्तुत गरिएको छ। विश्वमा देखिएको आजको मानवविरोधी कृत्यलाई रोक्न मानवतावादी विचारलाई उपन्यासमा अभिव्यक्त भएको छ। युगीन सान्दर्भिकतासँग मानव र मानव समुदायमा कर्म र भोगको तुलना गरेको छ भने युद्धले मानव हित गर्दैन्, पीडा दुख र कठिन यातना कसैका लागि पनि सुखद हुँदैन भन्ने भाव यस उपन्यासले प्रवाहित गरेको छ। उपन्यासको कथानकमा मिथक साध्यका रूपमा नआएर साधनको रूपमा आएको हो। कथानकमा दृष्यान्तको प्रयोगद्वारा मिथकीय आधार र भूमि निर्धारण गरिएको छ।

उपन्यासमा पात्रको भूमिका

उपन्यासमा प्रस्तुत गरिने कार्यव्यापार सम्पन्न पार्ने चरित्र वा पात्र हुन्छन्। पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्याधारभित्र व्यवस्थित गरिएको व्यक्ति हो। आख्यानात्मक कृतिमा प्रत्येक पात्रको रूप छवि भिन्नाभिन्नै किसिमबाट कुँदिएको हुन्छ (शर्मा, २०४८, पृ. १७३)।

पात्रको कार्यव्यापारले आख्यानात्मक कृतिमा जीवन्तता मात्र होइन रोचकताको पनि संपुष्टि हुन्छ। व्यक्तिका अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्त्व हुन्। पात्रले खेलेको भूमिका उपन्यासको आयतनभित्र मानव सभ्यताको सानो आकार भएर पाठकसमक्ष सम्प्रेषित हुन्छ। साहित्यिक विद्वान्हरू के स्वीकार्छन् भने

कथानक उपन्यासको शरीर हो भने चरित्र त्यसको प्राण हो । समष्टिमा भन्ने हो भने साहित्यिक अर्थानुसार चरित्र कुनै विचारलाई सम्प्रेषण गर्ने तत्त्व मान्नुपर्छ । वर्तमानमा त मानव-चरित्र र मानव-समाजलाई बुझ्ने प्रमुख तत्त्वको रूपमा चरित्र-चित्रणले प्राथमिकता पाएको छ । प्रत्येक चरित्र अर्को चरित्रभन्दा कुन अर्थमा फरक छ र उसका चारित्रिक विशेषताहरू के के हुन् भन्ने कुरा चरित्रको वर्गीकरणद्वारा बढी स्पष्ट पार्न सकिन्छ। चरित्र विश्लेषणका विविध पद्धति भए पनि व्यक्ति वा पात्रको वस्तुगत वर्गीकरणको निम्ति काव्यशास्त्र र भाषाविज्ञानको समन्वयबाट केही आधारहरू निर्धारण गर्न सकिन्छ । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् (शर्मा, २०४८: पृ.१७४) ।

हिटलर र यहूदी उपन्यासको पात्रमा मिथक

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **हिटलर र यहूदी** उपन्यास पात्र संयोजन र परिवेशका दृष्टिले वैविध्यपूर्ण रहेको देखिन्छ । यस उपन्यासमा लक्ष्मी, रेवा, मिस मार्गरेट, मिसेज मैकडोनाल्ड, थियोडोरा, इल्जे, स्वीडेनकी बूढी र ग्रेटा नारी पात्रका रूपमा देखापरेका छन् । त्यसैगरी म अर्थात् नेपाली युवक, डेभिड, नारायणन, गोल्डवर्ग, याकुव, रेवाको लोग्ने, लियोनार्ड डा. सुनिल भट्टाचार्य, बङ्गाली पत्रकार आदि रहेका छन् । यी बाहेक उपन्यासमा हिटलर, मराठी दम्पत्ति, स्टेवार्ड, जेरिस(खोरण्डेकी पत्नी) इल्जे बाबु-आमा, रूडोल्फ (थियोडोराको प्रेमी), थियोडोराको भाइ, होटलका बेयराहरू, यहूदी रोसल (गोल्डवर्गकी भतिजी), हिटलरका सैनिक कमाण्डर तथा सिपाहीहरू, डाक्टर मेयर-मेयरनी, अन्य यहूदी युवती, केटाकेटी, अरबीहरू, पेरिसका बुद्धिजीवीहरू आदि थुप्रै पात्रका रूपमा आएका छन् ।

म पात्र

उपन्यासमा ऊ म पात्रकै रूपमा प्रस्तुत भएको छ र ठाउँठाउँमा नेपाली युवक तथा नेपाली मित्रका नाउँले पनि सम्बोधित छ । उमेरको हिसाबले युवकका रूपमा देखापरेका म पात्रको कुनै खास नाम उपन्यासमा उल्लेख भएको छैन । म पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म सर्वत्र व्याप्त छ । ऊ उपन्यासको केन्द्रीय चरित्र र नायक हो । म पात्रले संस्मरणात्मक शैलीमा आफ्नो यात्रावृत्तान्तलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको आफ्नो स्वभाव, विचार, दर्शन, आस्था आदिको प्रतिनिधित्त्व म पात्रले गर्ने हुँदा म पात्र स्वयम् कोइराला नै भएको अनुभूति गर्दै प्रस्तुत उपन्यास कोइरालाको यात्रावृत्तान्त हो भन्ने आशय पनि केही विश्लेषकले प्रकट गरेको पाइन्छ (ढकाल, २०५६, पृ.१५२) ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला स्वयम् म पात्रको रूपमा उपन्यासमा आएका छन् । म हिन्दूवादी दर्शन बोकेको पात्र हो । ऊ पूर्वीय संस्कृति र संस्कार बोकेको पात्र हो । उपन्यासमा आएको म पात्रमा धार्मिक संस्कार भएता पनि युद्ध विरोधी प्रवृत्ति देखिएको छ । मान्छेमा रहेको युयुत्सु प्रवृत्तिले गर्दा युद्ध हुन्छ र युद्धको परिणाम विध्वस हुन्छ, यो हुनु हुँदैन, महाभारतको युद्ध हुनु हुँदैनथ्यो भन्ने विचार म पात्रको रहेको छ । उनमा अहिंसावादी दर्शन व्याप्त छ ।

द्वितीय विश्वयुद्धले खण्डहर बनेको युरोप, युद्धपछिको दयनीय जीवन र त्रासद कथाले म पात्रको मानसिकतामा असर परेको छ यो उसको युद्धघृणा हो । जीवेषणाको प्रारूप हो । हिन्दू धर्मका विश्वास गर्न सामूहिक अचेतनको रूप हो, दया करुणाको भाव हो । हत्या हिंसा र विध्वंसजस्ता मानवप्रवृत्तिको विरुद्धको चेत हो ।

सांस्कृतिक मानव शास्त्रका आधारमा अध्ययन गर्न सकिन्छ ।

पात्रहरूले विभिन्न जातीय संस्कृति बोकेका हुन्छन् । विभिन्न सामुहिक चेतना र संस्कार बोकेका हुन्छन् । यस उपन्यासमा म पात्र लक्ष्मी र हिटलर त्यस्ता प्रतिनिधि पात्र हुन् ।

म पात्र क्यान्सरको रोगले पीडित छ । जेलबाट छुटेर क्यान्सरको औषधोपचार गर्न ऊ बम्बई गएको छ । त्यहाँ उपचार नहुने भएपछि क्यान्सरको उपचारार्थ उसले बेलायत जानुपर्ने हुन्छ । पत्नी लक्ष्मीको सहयोग पाएर ऊ बेलायत यात्रामा निस्किएको छ । एघार दिनको पानीजहाज यात्रा र एकडेढ महिनाको युरोप बसाइको केन्द्रीयतामा नै उपन्यासको कथावस्तु उनिएको छ । यात्राका क्रममा अन्य पात्रहरूसँगको भेटघाट, कुराकानी उनीहरूका चरित्र र स्वयम् उपन्यासकारको यात्रानुभवको आत्मालापद्वारा उपन्यास रचना भएको छ । पानीजहाज यात्रा गर्न मन पराउने म पात्रले यात्राका क्रममा घटेका घटना र प्राप्त अनुभवहरूलाई रोचक ढङ्गले उपन्यासमा वर्णन गरेको छ ।

बम्बईमा रहँदा म पात्रको परिचय अर्न्तराष्ट्रिय यहूदी सङ्गठनसित सम्बद्ध डेभिड नामक यहूदीसँग भएको छ । डेभिडसँगको वार्तालापका क्रममा हिटलरद्वारा यहूदीमाथि गरिएको अमानवीय अत्याचारको कथा सुनेपछि ऊ अत्यन्त दुःखी भएको छ । त्यसपछि ऊ आफ्नो गम्भीर रोगप्रतिभन्दा पनि दोस्रो विश्वयुद्धले क्षत-विक्षत बनाएर गएको विश्व मानवीय चित्कार र मानिस- मानिसबीच पैदा भएको घृणा र शत्रुताप्रति चिन्तित भएको छ । यो उसको मानसिक चेतना हो । पहिलेको बम्बई र अहिलेको मुम्बई सहरमा धेरै भिन्नता आएको अनुभव गर्दै म पात्रले मानिसमा मानवता हराउँदै गएको अनुभव गरेको छ । दोस्रो विश्वयुद्धले आमा, बुबा र आफन्तहरूबाट बिछोडिएर अत्तालिन पुगेका युवतीहरूलाई समाती जङ्गली बाँदरलाई झैं तालिम दिएर वेश्या बन्न विवश गराई मानिसलाई मासुको भाउमा किन्ने परम्पराको शिलान्यास भएको देखेपछि

ऊ आफ्नो रोग र त्यसबारेमा डाक्टरले देखाएको निराशा समेतबाट मुक्त हुन्छ । म पात्रलाई एकातिर डेभिडले यहूदीको दुःखान्त कहानी सुनाएको छ भने अर्कातिर लेबनानी पत्रकार मागरिटले यहूदीबाट प्यालिस्टाइनमाथि भएको अन्यायको व्याख्या गरेको छ । डेभिड र मागरिटका आ-आफ्ना पक्ष र तर्कहरू सुनिसकेपछि ऊ अनिर्णित जस्तो बनेको छ । ऊ डेभिडका कुरालाई लिएर यहूदीहरूप्रति करुण भाव पैदा हुन्छ भने मागरिटका कुराद्वारा प्यालिस्टाइनीप्रति मायाले पानीपानी हुन्छ र प्रत्येक जाति र व्यवसायीको सफलताको कामना गर्दछ । ऊ यहाँ मानवतावादी विचारले आकुलव्याकुल बनेको छ ।

यात्राका क्रममा म पात्रले जहाजमा गुजराती महिला रेवा, नारायण, गोल्डवर्गजस्ता सहयात्रीहरू भेटिएका छन् र उनीहरूबाट धेरै कुरा सिक्ने मौका पाइएको छ । एघार दिने पानीजहाजको यात्रा समाप्त गरेर म पात्र बेलायतमा पुगेको छ, त्यहाँ आफ्नो उपचारपश्चात् ऊ जर्मन प्रस्थान गरेको छ । जर्मनका बर्लिन, हानोवर शहरहरूको भ्रमण गरेर उसले भर्खरै सकिएको दोस्रो विश्वयुद्धले छाडेर गएको विभत्स दृश्यको अवलोकन गरेको छ साथै थियोडोरा र इल्जेका माध्यमबाट दोस्रो विश्वयुद्धका कारण कारुणिक जीवन भोग्न विवश जर्मन नारीका कथा सुनेको छ । खोरण्डो सिपाहीका माध्यमबाट हिटलरको बन्दी शिविर र हिटलरका बारेमा उसले धेरै जानकारी पाएको छ । साठीलाख यहूदीलाई जिउँदै जलाएर खरानी बनाएको हिटलर बन्दी शिविरको भ्रमण गर्दा म पात्र अत्यन्त संवेदनशील बन्न पुगेको छ । जिउँदै पोलिएका यहूदी बालबच्चा र वृद्धवृद्धालाई सम्झेर ऊ कारूणिक बनेको छ । साथै सिथिल अवस्थामा पुगेर आफूले पनि यहूदीहरूले पाएको यातना भोगेको अनुभव गरेको छ । ऊ भन्छ : मानिस सायद संवेदनाको तीव्रानुभूतिले यति पीडित हुन्छ कि कहिले- कहिले पर-दुःख काँतरताको

गुड क्राइस्टले अर्काको दुःख देखेर आफू शूलीमा चढेर आफूले दुःख लिएको जस्तो हुन पुग्छ। मानिसले कहिले-कहिले, अर्काको क्रम बोकेर हिंड्नुपर्छ आफ्नो काँधमा। नत्र किन म त्यस रात मरेका यहूदीहरूको यातनाको अनुभव गर्न थालें र मलाई लाग्न थाल्यो, म पनि त्यही यातना भोग्न थालिरहेको छु (कोइराला, २०६४, पृ.१०८)।

यसरी म पात्रले यात्राका क्रममा देखेभोगेका कुरालाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरेको छ। उसले भ्रमणले नरसंहारकारी दोस्रो विश्वयुद्ध र त्यसले निम्त्याएको विभत्स परिणाम भोग्न विवश मानवसमुदायको कारुणिक व्यथा के-कस्तो थियो भन्ने यथार्थ झल्किन्छ साथै मानवताशून्य हिटलरको कोपभाजन भएका साठीलाख यहूदी र उनीहरूले भोग्नुपरेको पीडालाई बुझ्न सजिलो हुन्छ। म पात्रले यहूदीहरू र युद्धको पीडा खपेर बाँच्न विवश मानिसका पक्षमा व्यक्त गरेका विचारमा मानवतावादी भाव तीव्र देखिन्छ।

म पात्र यौनका सन्दर्भमा कामुक प्रवृत्तिको देखिन्छ। उसको अचेतनमा यौन कुण्ठा र अतृप्ति पनि रहेको देखिन्छ। जेलजीवन, रुग्ण शरीर र पत्नीसँग टाढा रहनुपर्दा म पात्रमा यौन अतृप्ति तीव्र रहेको छ। त्यसैले ऊ पत्नी भेट भएपछि छुट्टिन चाहँदैन। उपचारका सिलसिलामा पत्नीबाट छुट्टिएर विदेश जानुपर्दा ऊ आफू टुहुरो हुने कुरा बताउँछ। ऊ पत्नी लक्ष्मीबाट एकछिन पनि टाढा हुन चाहँदैन, लक्ष्मीलाई अँगालोमा चेपेर ऊ भन्छ – म उसको शरीरलाई कहिल्यै पनि छाड्दिन। टाँसिरहन्छु- सतीदेवीको शरीरलाई महादेवले नछाडेको जस्तो ..... लक्ष्मी ... प्यारी (कोइराला, २०६४, पृ.१५)। यो ऊभित्रको अचेतन यौनप्रतिको लगाव हो। जैविक इच्छा हो म पात्र यौनका मामलामा स्वच्छन्द देखिन्छ। उसले यात्राका क्रममा भेटिएकी सहयात्री रेवासँग यौनसम्पर्क राखेको छ। ऊ आफूलाई मैथुनिक एकनिष्ठता स्वाभाविक नभएको विचार व्यक्त गर्दछ।

म पात्र रेवाको सौन्दर्यमा लठ्ठ परेको छ । ऊ रेवाको चुल्ठो र रेवाका भित्री कपडाहरू खेलाएर आनन्दित भएको महसूस गर्छ । यसबाट म पात्रमा अतृप्त यौनचाहना रहेको र पत्नीबाट टाढा हुँदा रेवासँग यौनसम्पर्क राखेर त्यसको क्षतिपूर्ति प्राप्त गरेको अनुभव हुन्छ । अन्ततः क्यान्सर रोग निको हुने भएपछि म पात्र आफू निर्विकार भएको अनुभव गर्दछ ।

म पात्रमा फ्रायडीय स्वप्न सिद्वान्तको प्रयोग भएको छ । कृष्ण र हिटलरको सन्दर्भ म पात्रको स्वप्नको माध्यमबाट प्रस्तुत भएको छ । विध्वंसकारी द्वितीय विश्वयुद्धले खण्डहर बनेको युरोप, यहूदीहरुको सामूहिक चिन्ता र घटनावर्णन उसको सामूहिक अचेतन र आद्यबिम्बका साथै स्वप्न अभिव्यक्तिको सन्दर्भमा आएका छन् । ऊ यहूदीहरूको कारुणिक मृत्युमा विक्षिप्त बनेको छ । अन्ततः ऊ स्वप्निल अवस्थामा पुगेको छ र उसको मानसपटलमा एकाएक हिटलर, कृष्ण र ईश्वरका चित्रहरू आएका छन् । ऊभित्र मानवप्रतिको करुणभाव पलाएको छ । यो जिवेषणा हो । प्रवृत्तिका आधारमा हेर्दा म पात्र अनुकूल प्रवृत्तिको देखिन्छ । उसको आचरण र क्रियाकलाप उपन्यासमा अनुकूल प्रवृत्तिको पाइन्छ । उसले यात्राका क्रममा अरूलाई सक्दो सहयोग गरेको छ । ऊ उपन्यासमा मानवतावादी चरित्रका रूपमा देखापर्छ । यद्यपि उसमा चारित्रिक दुर्बलता पनि छ । घरमा पत्नी हुँदाहुँदै उसले परस्त्रीसँग यौनसम्पर्क राखेको छ । सामाजिक मर्यादाका दृष्टिले यो राम्रो काम होइन । त्यसैले यसलाई म पात्रको चारित्रिक कमजोरीको रूपमा लिन सकिन्छ । गतिशीलताका आधारमा हेर्दा ऊ स्थिर पात्र हो । ऊ आफ्नो विचार र आस्थाका दृढ सङ्कल्पित रहेको छ । जीवनमा भोगेको घटना तथा परिवेश आदिले उसको सोचाइ र जीवनभोगाइमा परिवर्तन ल्याउन नसकेकाले ऊ स्थिर पात्र हो । वैयक्तिक स्वभावका आधारमा म पात्र बहिर्मुखी स्वभावको देखिन्छ । यात्राका क्रममा उसले विभिन्न खाले

व्यक्तिसँग भेटघाट, छलफल र विचार-विमर्श गरेको छ। चित्त नबुझेको ठाउँमा प्रतिक्रियासमेत व्यक्त गरेको छ । उसमा अरूको कुरा सुन्ने र आफ्नो कुरा सुनाउने धैर्य छ। कार्यका आधारमा हेर्दा ऊ प्रमुख पात्र हो। ऊ उपन्यासको समाख्याता हो । उसैको केन्द्रीयतामा उपन्यास गतिशील भएको छ । उपन्यासमा ऊ आफैं प्रत्यक्ष उपस्थित भएर कार्यव्यापार सञ्चालन गरेकाले मञ्चीय पात्र हो। उपन्यासका प्रत्येक घटनासँग उसको सम्बद्धता रहेको छ। परिवेशका आधारमा हेर्दा म पात्र सहर-बजारमा हुर्केको सहरिया पात्र हो । ऊ पढेलेखेका शिक्षित व्यक्तिको रूपमा उपन्यासमा देखापरेको छ। जीवनचेतनाका आधारमा ऊ वैयक्तिक पात्र हो । उसको चरित्रमा यथेष्ट निजी विशेषताहरू पाइन्छन् । यात्राका क्रममा उसले गरेका स्वच्छन्द क्रियाकलापले कुनै पनि वर्ग विशेषको प्रतिनिधित्त्व भने गर्दैन। यात्रामा क्रममा रेवासँगको स्वच्छन्द यौनआचरण, व्यवहार आदि उसका क्रियाकलाप नितान्त वैयक्तित हुन् । यहूदी, इल्जे, थियोडोरा र युद्धबाट आहत आममानव समुदायप्रतिको उसको धारणा मानवतावादी भावनाले ओतप्रोत छ । त्यसमा उसको वैयक्तिक भावना र संवेदनाले प्रश्रय पाएको छ। मपात्र भित्र युद्ध विरोधी युयुत्सु भाव देखिन्छ।

रेवा

समन्वयवादी विचार बोक्ने रेखामा जातीय चेतना र आधुनिकता प्रतिको मोह छ। **हिटलर र यहूदी** उपन्यासको प्रमुख नारी पात्रको नाम रेवा देसाई हो । उसलाई उपन्यासमा रेवा नामले सम्बोधन गरिरहने काम म पात्र र नारायणनले गरेको पाइन्छ । 'रेवाको वाक्यले मेरो आँखा उताबाट फर्केर आफ्नो टेवलमा आयो । रेवा मलाई हेरिरहेकी थिई' (कोइराला, २०६४, पृ.२३) । म पात्रले यसरी सम्बोधन गरेजस्तै नारायणनले पनि भनेको छ । 'नारायणनले विदा लिँदै भन्यो- रेवाजी

विदा, विश्वास मान्नोस् यात्रा बडो रमाइलो रह्यो' । यसप्रकार उपन्यासको मध्यभागतिरको प्रारम्भदेखि मध्यभागकै अन्त्यतिरसम्म नै आएकी रेवा पात्र यस उपन्यासकी नारी पात्रका रूपमा रहेको तथ्य म पात्रकै भनाई र उसको पतिले रेवालाई पत्नीको रूपमा सम्बोधन गरेको कुराबाट स्पष्ट हुन्छ । उपन्यासभित्र म पात्रको एघार दिने पानीजहाजको यात्रामा एउटी रमाइली सहयात्रीको रूपमा रेवा देसाई भेटिन्छे- 'नारायणनको नेतृत्वमा हाम्रो सानो दल त्यसै बन्न गयो, पाँच जनाको । नारायणन, म, एउटी गुजराती युवती रेवा देसाई र एक मराठी जोडी भोलिपल्टदेखि मराठी दम्पत्तिले अलग्ग टेवल लिए ।.....हाम्रो टेबलमा यात्रापर्यन्त हामी तीन जना मात्र रह्यौं (कोइराला, २०६६, पृ.२०) । गुजरात निवासी युवती देसाइ त्यतिबेला लण्डनमा कार्यरत आफ्नो डाक्टर पतिलाई भेट गर्न भनेर हिंडेकी हुन्छे । यसप्रकार अचानक भेट भएकी गुजरात निवासी युवती देसाई व्यवहारमा निकै हँसिली, फरासिली र भर्खर युवतीवयमा प्रवेश गरेकी विनोदप्रिय नारीका रूपमा रहेको कुरा उपन्यासमा यसरी वर्णन गरिएको छ- देसाइले पहिलो दिनै आफ्नो परिचय दिंदै भनेकी थिई मेरो नाम रेवा देसाई हो । म सोध्न चाहन्थें यूरोप किन जाँदै हुनुहुन्छ । मिस देसाइ उसले हाँसेर भनी- तपाइंले मसँग पहिलो चोटी बोलेकाले दुई अक्षरमा दुवै गल्ती छन् । एक त म मिस् होइन ... ह ...ह ...ह र अर्को मेरो नाम रेवा हो । मेरो पूरा वंशलाई सम्बोधन गर्ने भए देसाइ भने हुन्छ ...हा ....हा .....हा" (कोइराला, २०६६, पृ.२०) ।

यसप्रकार यात्रामा भेट भएकी त्यस परिहासप्रिय युवतीको आकर्षक र नवयौवन शारीरिक सुगठनका सन्दर्भमा म पात्रले यसरी आँकलन गरेको पाइन्छ- 'सुन्दर सुगठित शरीरले वैवाहिक स्थितिको कुनै संकेत दिंदैनथ्यो । लाग्थ्यो, आज भर्खरै यही क्षण यही जहाजमा त्यो आफ्नो किशोरत्त्वको वयःसन्धीलाई नाघेर यौवनको पहिलो घडी

बिताइरहेकी छे । चञ्चल आँखाले अझै यौवनको रहस्यको उद्घाटन निश्चय नै देख्न पाएको छैन' (कोइराला, २०६६, पृ.२०) । यस किसिमको आँकलनले त्यो गुजराती सुन्दर युवती त्यसमा पनि हँसिली फरासिली हुनाले पुरूषवर्गमा छिट्टै घुलमिल हुन सक्ने र समूहमा मिलेर सहयात्रालाई रसिलो रमाइलो तुल्याउने खुल्ला हृदय बोकेकी स्वच्छन्द नारी चरित्रका रूपमा उसको चरित्रचित्रण भएको देखिन्छ । यसरी भारतीय समाजमा जन्मेकी भए पनि उसले पाश्चात्य सामाजिक नाचहरू सिकेर अवसर पाउनासाथ आग्रहीहरूसँग स्वस्फूर्त ढङ्गले नाच्ने गरेकी देखिन्छे ।

उपन्यासमा सामाजिक बन्धनबाट मुक्त भएर स्वतन्त्र र रमाइलो सुखीजीवन बिताउन चाहने रेवाको चरित्रमा अस्तित्ववादी चिन्तन मुखरित भएको पाइन्छ । उपन्यासभित्र रेवा आफ्नो स्वभाव, व्यवहार र अभिव्यक्ति तिनै तहमा खरो रूपमा प्रस्तुत भएकी छ । रेवा दर्शन र विचारको अभिव्यक्ति दिन उत्तिकै सशक्त र सफल रहेकी छ । नारायणनसँगको वार्तालापमा हिन्दू नारी र पश्चिमी नारीको तुलना गर्दै रेवा भन्छे- 'त्यसो भए के हिन्दू नारीलाई पश्चिमी नारीसरह स्वतन्त्र आचरणको अधिकार छैन ? (कोइराला, २०६६, पृ. २७) ।' उसमा वर्तमान यथार्थता र जीवन र समय सौन्दर्यलाई मूल्य दिने स्वभाव छ । ऊ एउटा रमणीय प्राकृतिक नारी भएकै कारण म पात्रसँग क्षणिक प्रेम सम्बन्ध राख्न पुग्छे । उसलाई आफ्नो स्वतन्त्रतामाथि कसैले औंला ठड्याएको मन पर्दैन- 'रेवाले भनी- होला तर यदि त्यसमा सौन्दर्य अभिव्यक्तिको उद्देश्य पनि गाभिन गयो भने के दोष भयो त ?'(पृ.२७) यस किसिमका तर्क प्रस्तुत गर्ने रेवा वैचारिक दृष्टिकोणले सशक्त नारीका रूपमा उपस्थित भएकी छ। उसलाई चिन्तन मनन भन्दा पनि सौन्दर्यपूर्ण भोगाइमा रूचि राख्ने इच्छा छ । रेवा उपन्यासभित्र सबैभन्दा स्वतन्त्र रूपमा उपस्थित हुन पुगेकी नारी पात्र हो ।

ऊ भित्र स्वच्छन्द बन्ने अहम् देखिन्छ । जुन मानसिक रूपमा जीवनप्रतिको जिजीविषाको रूपमा व्याप्त छ ।

रेवा हिन्दू नारी पात्र हो तर उसको आचरण हिन्दू नारीको मर्यादा अनुरूप छैन । उसले पति भेट्न जाने सन्दर्भमा यात्राका क्रममा परपुरूषसँग यौन सम्पर्क राखेकी छे । ऊ यौन उन्मुक्त छे । यात्राका क्रममा म पात्रसँग स्विमिङ पुलमा नुहाउने, सँगै बसेर रक्सी पिउने जस्ता उसका कृत्यहरू हिन्दू आदर्श अनुरूपका भने होइनन् । परन्तु उसका क्रियाकलाप असामान्य र विशिष्ट किसिमका छन् । सामान्यत: विवाहिता भैसकेकी भएपनि र आफ्नो पतिलाई निकट भविष्यमा भेट्ने नै भए पनि उसले म पात्रसँग यौन सम्बन्ध स्थापित गर्नुलाई कुनै पनि समाजको प्रतिनिधित्व मान्न सकिँदैन । यो उसको व्यक्तिगत आचरणको पक्ष हो । उसका नारायणनसँग हुने बहसले पनि कुनै पक्ष वा वर्गको प्रतिनिधित्व नगरी उसैका व्यक्तिगत विचार मात्र बोकेका पाइन्छन् । 'रेवाले भनी- तपाईं जे गर्नुहुन्छ त्यो नियति निर्धारित हो भनेर कसरी भन्नुहुन्छ?' (पृ. ४७) । रेवाको त्यस यात्रामा म पात्रसँग सँगै बस्ने, नुहाउने, घुम्ने, विभिन्न विषयमा कुरा गर्ने र शारीरिक सम्बन्धसमेत स्थापित गर्ने जस्ता कार्यलाई हेर्दा ऊ स्वच्छन्द आचरण भएकी विशिष्ट पात्रका रूपमा देखिन्छे । उसलाई पूर्वी-पश्चिमी सभ्यताको ज्ञान छ तर हिन्दू समाजमा जन्मी, हुर्की बढेकी भए पनि त्यस समाजका संस्कारप्रति कुनै आस्था वा विश्वास राख्दिन । पतिलाई प्रेम गर्छे तर आफ्ना ईच्छा वा चाहना पूरा गर्ने मामिलामा बाधक मान्दिन म पात्रसँग गृहस्थी झैं बनेर स्वतन्त्र रमण गर्न स्वयम् तत्पर हुन्छे । यसरी आफ्नै प्रकारका चारित्रिक स्वभाव र विचार बोकेकी रेवा देसाई यस उपन्यासकी व्यक्तिगत चरित्र हो भन्ने स्पष्ट हुन्छ । यसप्रकार उपन्यासमा उपस्थित भएर प्रत्यक्ष रूपमा संवादमा सरिक भएकी हुनाले रेवा देसाईलाई आसन्नताका आधारमा

मञ्चीय पात्रका रूपमा लिनु पर्ने देखिन्छ । उसले यस उपन्यासमा म पात्र र नारायणनसँग एघार दिनसम्म सहयात्रा गरेकी छ, उनीहरूसँग एउटै टेवलमा उपस्थित भएर विहानको खाजा, दिउँसोको खाना र रात्रीको खानासमेत खाँदै विभिन्न विषयमा हुने बहसमा सहभागी बनेकी छ ।

लक्ष्मी

लक्ष्मी हिन्दू धर्म आचरण अनुसरण गर्ने एक जातीय पात्र हो ऊभित्र लोग्नेलाई सर्वस्व मान्ने व्यक्तिगत प्रवृत्ति छ, मानसिकता छ, सामूहिक चेत छ । लोग्ने विना बाँच्न नसक्ने श्वेत चरित्रका रूपमा उपन्यासमा वर्णित छ । ऊभित्र हिन्दू नारीको जातीय चेतना व्याप्त छ । हिन्दु संस्कृति र संस्कारलाई आत्मसात् गर्दै नेपाली संस्कृतिबाट प्रेरित लक्ष्मीको चरित्र नैतिक छ, तर पतिका लागि पतिव्रता त्याग्न नसक्ने आधुनिक नारीका वैचारिक दृष्टिकोणप्रति उसको सहमति देखिन्छ । **हिटलर र यहूदी** उपन्यासमा सशक्त नारी चरित्रका रूपमा लक्ष्मी नामकी पात्र देखा परेकी छ । प्रस्तुत उपन्यासमा लक्ष्मी भन्ने स्त्री पात्र म पात्रकी धर्मपत्नी हो । लक्ष्मीको सम्झनामा म पात्रले व्यक्त गरेका भनाइले पनि यस कुरालाई सुस्पष्ट पार्ने देखिन्छ- 'मैले तिमीलाई सम्झिरहें झल्झली तिमीले भन्ने गरेका कुराहरू, तिमी भन्थ्यौ प्रेम र निष्ठा त नारी स्वभाव हो, विवाह त प्रथम परिचय हो सम्बन्धलाई जोर्ने क्रिया, त्यसपछि स्वतन्त्र आफ्नो स्वभावले प्रेम र निष्ठामा, विश्वासमा नारी बाँधिदै जान्छे पतिसँग दुलहा- दुलहीको सम्बन्ध करको सम्बन्ध हुँदैन' (कोइराला, २०६६, पृ.७४) । यस किसिमका लक्ष्मीका कुनै प्रेमालापका बेला अभिव्यक्त भनाइ उल्लेख गरी आफू र लक्ष्मीबीचको सम्बन्ध पति पत्नीको रहेको स्पष्ट पारेको देखिन्छ ।

लक्ष्मी स्वयम् म पात्र (पति) उपचारार्थ लण्डन पुग्ने क्रममा

वियोगको व्यथा व्यक्त गर्दै लेखेका चिठीहरू मध्येको एउटा चिठीबाट पनि ऊ नारी र म पात्रकी धर्मपत्नी रहेको खुलासा हुन्छ । 'अर्को चिठी खोलें- मेरा प्यारा मेरा एकलौटी प्यारा, म कति बिर्सिरहेछु । भन्थें- कति निर्मोही छोडेर जाने । तर एक्ली त छैन म । तिमीले आफ्नो सानो प्यारो अंश मभित्रै छोडेर गएका छौ नि, त्यसैले भनेको कति विचारवान् छौ तिमी, कस्तो पछिसम्मको विचार पुऱ्याएर मेरो व्यवस्था गरिदिएका तिमीले, मेरा ईश्वर, मेरा परमेश्वर' (कोइराला, २०६६, पृ.६९) । यस्तै किसिमले एक पतिव्रता पत्नी(नारी)का रूपमा उपन्यासमा उपस्थित लक्ष्मीले आफ्नो पतिलाई पनि एक पत्नीव्रता पतिका रूपमा रहेको हेर्न चाहेको कुरा अर्को एक चिठीबाट स्पष्ट हुन्छ- 'कुनै कुनै चिठी त विनोदले भरिएको, सुन्दछु, युरोपका रमणीहरू त राम्रा हुन्छन् रे बिछट्ट सिपालु, अर्काको दुलाहालाई खोस्छन् रे । म विह्वल भएर पर्खिबसेकी छु, न म त्यति राम्री छु न सिपालु नै (पृ.६९) । यसप्रकार लक्ष्मी आफू म पात्रको सहारामा मात्र बाँचेको र बाँच्ने प्रतीक्षामा रहेकी पतिव्रता नारीका रूपमा प्रस्तुत भएकी छ। यसले लक्ष्मीभित्रको सामूहिक अचेतनलाई व्यक्त गरेको छ। उसले अभियुक्त गरेको प्रसङ्गबाट उभित्र लोग्नेप्रति माया र शङ्काजस्ता अन्तर्द्वन्द्वजस्ता भाव देखिन्छ । अन्तर्मुखी स्वभावमा एक्लो रहँदा देखिने विकृत मानसिकताको शिकार भएकी छ।

यस उपन्यासको प्रमुख म पात्रको अर्धाङ्गिनीको रूपमा आएकी लक्ष्मीले प्रमुख भएर पनि सहायक पात्र जस्तै सानो भूमिका निर्वाह गरेको भएपनि उसलाई प्रमुख पात्रको स्थानमा नै राख्न सकिने देखिन्छ। उसको प्रत्यक्ष उपस्थिति यस उपन्यासको दोस्रो परिच्छेदमा मात्र देखा परे तापनि म पात्रको सम्झनामा विभिन्न अनुच्छेदमा आएर उपन्यासको कथानकलाई गतिशील तुल्याएकिले उसको भूमिका महत्त्वपूर्ण बनेको

हो र यसै आधारमा ऊ प्रमुख नारी पात्रको स्थानमा गणना गरिएकी हो । म पात्रकी धर्मपत्नीका रूपमा आएकी लक्ष्मीले आफ्नो पतिको स्वास्थ्यलाभका लागि उपचारार्थ व्यवस्था मिलाउने काममा सक्रिय भूमिका खेल्ने, पतिसँगको सम्भोग सुखलाई ब्रह्मानन्दसँग तुलना गर्ने र पतिको जीवन रक्षाका लागि आफ्नो शरीर बेच्न पनि तयार हुने पात्रको रूपमा प्रस्तुत भएकी छ । लक्ष्मी यौन र नैतिकतालाई एउटै स्थानमा राख्न चाहन्न । ऊ पतिका निम्ति अरूसँग यौनसम्पर्क राखेर भएपनि औषधोपचार खर्च जुटाउने र पतिका निम्ति सँधै इमान्दार र कर्तव्यनिष्ठ रहिरहने विचार व्यक्त गर्छे । 'उसले मेरो ड्रेसिङ गाउन मलाई ओढाइदिई र टाँस्सिएर भनी गहना मात्र किन ? तिम्रो खाँचो टार्न म आफ्नो शरीरलाई पनि बेच्न सक्छु, बन्धक राख्न सक्छु- प्राण !' (कोइराला, २०६६, पृ.१४) । उसको यस्तो विचार हिन्दू नारीको आदर्श विपरित भए पनि पतिप्रतिको कर्तव्यले अभिप्रेरित रहेको देखिन्छ । लक्ष्मी एक पतिपरायण नारीको रूपमा देखापरेकी छ । ऊ आफ्नो पतिलाई लागेको क्यान्सर रोगका कारण हदैसम्म चिन्तित देखिन्छे । उसलाई पारिवारिक आर्थिक कठिनाईहरू झेल्न परिरहेको भए तापनि आफ्ना गरगहनाहरूसमेत बेचेर पैसाको बन्दोबस्त गरेर आफ्नो लोग्नेको उपचारको व्यवस्था मिलाउन ऊ सक्षम भएकी छे । त्यति मात्र होइन ऊ सातसमुन्द्र पारिको मुलुककमा पुगेको पतिको सुस्वास्थ्यको कामना गर्दै उसका लागि पशुपतिनाथको चन्दन चिठीमा हालेर पठाउँछे । ऊ माइतीले जति कर गर्दा पनि पतिको घरबाट डेग चल्दिन । ऊ पतिकै प्रतीक्षामा रित्तो घरमा एक्लै दिन गनेर दैनिक रूपमा एक-एक चिठी लेख्दै बसिरहन्छे । आफूलाई चिठी लेख्नसमेत नसम्झने पतिलाई प्राण, ईश्वर र परमेश्वरजस्ता शब्दले सम्बोधन गर्दै ऊ दिनहूँ चिठी लेखिरहन्छे । उपन्यासको दोस्रो अनुच्छेदमा म पात्रकी पतिपरायण अर्धाङ्गिनीका रूपमा देखापरेदेखि अन्त्यसम्म एउटै स्थितिमा कायम रहेकी छ र पतिलाई परमेश्वर मानेर

बसेकी छ । यो हिन्दू नारीको जातिगत सामूहिक चेतना हो । पतिको अनुपस्थितिमा माइत जानसमेत तयार नभई बरू पतिकै सम्झनामा दिनहुँ पत्र लेखेर पति वियोगको पीडालाई कम गर्ने उपाय अवलम्बन गरेकी छ । उसको पतिप्रतिको निष्ठा हरहमेशा कायम नै रहेको पाइन्छ । एकपटक पतिको जीवन रक्षाका लागि आफू जे गर्न पनि तत्पर हुने त्याग र समर्पणको भावना व्यक्त गरेर पतिलाई आनन्दित तुल्याउने लक्ष्मी निश्चय नै अनुकूल स्वभावकी नारी पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ ।

इल्जे (इलिजावेथ)

हिटलर र यहूदी उपन्यासमा दुब्लो पातलो जीउ भएकी इल्जे म पात्रको वर्लिन भ्रमणका क्रममा हानोवरमा भेटिएकी एउटी केटी हो । यस उपन्यासको सातौं परिच्छेदको प्रारम्भमा नै देखापरेकी इल्जेको पुरा नाम इलिजावेथ हो भने उसलाई अङ्ग्रेज सिपाहीहरूले प्यारो गरेर दिएको नाम प्यारी इल्जे इलिजावेथ र लीजा प्यारी भन्ने रहेको देखिन्छ । उसको हाउभाउ र व्यवहारबारे उपन्यासको म पात्रसँगको संवादमा भनिएको छ- 'मैले भनें तिमी प्यारी प्यारी केही होइनौ । एउटी सानी केटी हौ । कति उमेर भो तिम्रो ?' । यस भनाइले इल्जे पात्र लिङ्गगत आधारमा नारी पात्रको भूमिकामा रहेकी छ भन्ने स्पष्ट हुन्छ । उपन्यासभित्र अत्यन्त थोरै समयमात्र सक्रिय भूमिकामा देखिएकी इल्जे विश्वयुद्धकालीन वातावरणमा युद्धका सिपाहीहरूको पाशविकताको सिकार बनेर असमयमा नै तरूनी बन्न पुगेकी छे । उसको अनुहार र शरीर त्यति राम्रो देखिँदैन तापनि उसले ध्वाँसो र तेल दलेर बनाएको कालोले आँखामा गाजल र रातोकागज चपाएर आफ्नो ओठ अनि गाला रातो पार्छे र भन्छे- 'आउँछ मलाई यो सबैथोक' (कोइराला, २०६६, पृ.८७) । यसरी सिङ्गारिएर ग्राहक खोज्दै बाटाबाटामा हिंड्ने इल्जे वेश्यावृत्ति गर्ने

नारीका रूपमा समेत देखिएकी छ । युद्धपछिको दयनीय जीवन बाँच्न विवश इल्जेमा युद्धप्रतिको सामूहिक घृणा छ जुन उसभित्र पाइन्छ ।

इल्जे विश्वयुद्धकालीन सिपाहीहरूको पाशविक बलात्कारले विक्षिप्त बनेकी नारी चरित्र हो । उसले बारम्बार बलात्कारबाट गुज्रनु परेको छ । वर्तमानमा उसले आफ्नो शरीर बेचेर आफू र आफ्ना वृद्ध र रूग्ण आमाबावुको जीविका टार्न बाध्य भएको हालतमा जीवन गुजारी रहेकी भएपनि उसलाई आफ्नो त्यस किसिमको अवस्थाप्रति कुनै गुनासो छैन । उसलाई शरीरभन्दा अर्को कुरा केही पनि थाहा छैन । उसलाई अब यौनाचार भन्नु कुनै त्यस्तो रहस्यपूर्ण र आकर्षक कुरा होइन । उसले जीवन धान्नकै लागि देहव्यापार गरेकी छ र जीवनलाई निरन्तरता दिँदै आमाबाबुको रेखदेख गरेकी छ । यसरी इल्जेले जेजसरी आफ्ना दिनहरू बिताइरहेकी छे त्यो उसको रहर होइन बाध्यता हो । इल्जेका जीवनमा घटेका यी सबै घटनाहरूलाई परिस्थितिले खेलेको खेलका रूपमा लिन सकिन्छ । ऊभित्र असङ्गत जटिल असन्तुलित अपरिपक्व मानसिक चरित्र देखिएको छ । बाँच्नका लागि बाँच्ने कार्य द्वारा उसको मानसिक अवस्था विकृत बनेको छ ।

उपन्यासमा छोटो भूमिकामा देखा परेर पनि कार्यमूल्यका दृष्टिले सक्रिय इल्जे सहायक पात्रका रूपमा देखापरेकी छ । उसले म पात्रलाई हिटलरको बन्दीशिविरको यात्रा सहज पारिदिएर सहयोग पुऱ्याएकी छ । बन्दी शिविरको दृश्यावलोकन नगर्न भन्दै त्यहाँका पुलिसहरूद्वारा आफू अमानवीय ढङ्गले बलात्कृत भएको दर्दनाक घटना सुनाएर हिटलरका सेनाहरूको क्रूरता र निर्दयीपनको यथार्थरूप उजागर गरेकी छ । म पात्रले जर्मनको बन्दीशिविर ग्याँसच्याम्बर र हिटलरी वर्वरताको चरम रूपको यथार्थता सुनेर पनि इल्जेको स्मृतिले बाँच्न सफल भएको र

अन्त्यमा इल्जेका लागि भनेर खानाको प्याकेट तयार गरी आएपछि दिन भन्दै ऊ घर प्रस्थान गरेको छ । स्वभावका दृष्टिले यस उपन्यासकी सहायक स्त्री पात्र इल्जे स्थिर वा गतिहीन चरित्र हो । उसले आफ्नो जीवनलाई वेश्यावृत्तिद्वारा धानेकी छ र यस कार्यलाई उसले निसङ्कोच अबलम्बन गरेकी छ । उसले यो पेसा त्यागेर अन्य कुनै कार्य गर्ने कुरा सोचेकीसम्म छैन । उसलाई चोरेर जीविकोपार्जन गर्नुभन्दा यस्तो पेसा गरिरहन आमाको समेत सहमति रहेको बुझिन्छ । युद्धपछिको कारुणिक जीवनलाई सामूहिक अचेतनमा व्यक्त घटनाले असन्तुलित मानसिकताको चित्रण गरेको छ ।

म पात्रको स्मृतिमा आइरहेकी पात्रका रूपमा रहेकी छ । घुम्ने क्रममा म पात्रसँग उसको निकट सम्बन्ध रहेको छ । उसले म पात्रलाई हिटलरको जर्मनस्थित यहूदी बन्दी शिविर र त्यहाँको ग्याँसच्याम्बर अवलोकन गर्ने वातावरण मिलाइदिएकी छ । उसका यिनै सहयोगी कार्यले उपन्यासको कथावस्तुले नयाँ गति प्राप्त गरेको छ । उपन्यासको कथावस्तु भनेकै हिटलरको युद्धकालीन यहूदीको बन्दी शिविर र त्यसको विभत्स परिणामको कथन रहेको पाइन्छ र त्यही दृश्य एवम् घटनाका साक्षी खोरण्डे सिपाही र त्यहाँका भग्नावशेष खण्डहर एवम् तीनवटा जुत्ता चप्पलका पहाड र मानव सभ्यतालाई हल्लाइदिने ग्याँस च्याम्बरका घटनाहरूको अवलोकन भ्रमणद्वारा इल्जेको अवस्थाको ज्ञात भएको छ । युद्ध भएको बेला वा युद्ध सकिएपछि बाँच्नका लागि मानिसले जे जस्तो कार्य पनि गर्न बाध्य हुन्छ । युद्धपछिको अवस्थामा नैतिक अवस्थामा बाँच्न असक्षम इल्जे पनि बाँच्नका लागि शरीर बेच्ने अवस्थामा पुगेकी छ । युद्धपीडित हिंसाग्रस्त पात्रका रूपमा उपन्यासमा चित्रण गरिएकी छ । ऊ मानसिक रूपमा विक्षाप्त नारी पात्र हो । ऊभित्र युद्धप्रतिको घृणा व्याप्त छ ।

नारायणन

हिन्दू धर्म र जातिको प्रतिनिधि पात्रका रूपमा आएको नारायणनमा जाति र धर्मप्रतिको लगाव छ। नारायणन पूर्वीय हिन्दू संस्कृति र संस्कार बोक्ने मुख पात्र हो, गीताको दर्शन बोक्ने ऊभित्र पौरस्त्य दर्शनको पूर्ण ज्ञान अन्तर्निहित छ। जीवन र जगतलाई चिनाउन ऊ अनेकन दृष्टान्त समेत प्रस्तुत गर्दछ। नारायणन मिथकको दर्शन बोक्ने मुख पात्र हो। गीताको दर्शन बोक्ने पौरस्त्य दर्शन बोक्ने म पात्रको एघार दिने पानीजहाज यात्राका क्रममा भेटिएको नारायणन म पात्रकै सहयात्रीका रूपमा देखिन्छ। भारतीय मूलका नागरिक नारायणन कालो रोगनको छ र उसको शरीर अग्लो छ। ऊ सधैँ प्रसन्न मुद्रामा देखिन्छ। यात्राका क्रममा म पात्रसँग परिचित भएपछि ऊ म पात्रसँग घनिष्ठ भएको छ र म पात्रको रोगप्रति चिन्तित देखिएको छ। जहाजभित्र म पात्र, रेवा र नारायणनको छुट्टै टोली बनेको छ। उनीहरू बिहान र बेलुकाको खाना एउटै टेबुलमा मिलेर खाने परिवारका सदस्यजस्तै घुलमिल भएका छन्। यात्रामा अनुभवी भएकाले नारायणले म पात्रलाई यात्रामा क्रममा निकै सहयोग गरेको छ। नारायणन आफ्नै सहयोगी स्वभाव र फरासिलो व्यवहारका कारण रेवा र म पात्रका अतिरिक्त जहाजका अन्य यात्रुहरूसित पनि उत्तिकै घुलमिल भएको छ। नारायणन उपन्यासमा अध्ययनशील व्यक्तिका रूपमा देखापर्छ। ऊ पेसाले लेखक हो। उसको एउटा उपन्यास फ्रेन्च भाषामा फ्रान्सबाटै छापिन लागेको छ र त्यसैको व्यवस्थापनका लागि ऊ फ्रान्स यात्रामा निस्किएको छ। फ्रान्स उसको ससुराली मुलुक पनि हो। फ्रान्सकी नागरिक इभानसँग उसको प्रेम विवाह भएको छ। उसका श्रीमती र छोरा फ्रान्समै बस्छन्।

नारायणन चिन्तनशील व्यक्तित्त्व भएको व्यक्ति हो। उपन्यासभित्र ऊ विचारको एकदम धनी व्यक्तिका रूपमा देखापरेको

छ । यद्यपि उपन्यासमा ऊ लामो समयसम्म प्रत्यक्ष रूपमा उपस्थित भई सक्रिय भएको पाइन्न तर जति अवधि ऊ सक्रिय भएको छ त्यसबीच विभिन्न प्रसङ्गमा विभिन्न थरीका मानिसहरूसित कुराकानी र व्यवहार गर्दाको सन्दर्भमा उसले धर्म, संस्कृति, जाति, वर्गदेखि ज्ञानविज्ञान, दर्शन र इतिहास आदिजस्ता गहन विषयमा आफ्नो विचार प्रकट गरेको छ । उपन्यासमा नारायणन खास गरी अध्यात्मवादको कट्टर अनुयायी र व्याख्याता तथा नियतिवादी दार्शनिकका रूपमा देखापर्छ । यद्यपि उसको चरित्र उपन्यासमा नियति-निर्दिष्ट छैन । नियतिको कठोर प्रहारबाट ऊ पीडित देखिंदैन तर ऊ आफ्नो जीवन नियतिकै निर्देशनमा चलेको विचार व्यक्त गर्छ र आफूलाई प्रखर नियतिवादी व्याख्याताका रूपमा उभ्याउँछ । नियति भनेको सम्पूर्ण ब्रह्माण्डको कर्मभोग हो जसलाई ईश्वर पनि भन्दछन् भन्ने विचार उसमा रहेको छ ।

नारायणनका विचारमा मानिसले जन्मिँदै आ-आफ्नै कर्म लिएर आएको हुन्छ र सोहीअनुसार मानिस निर्देशित हुन्छ । नारायणन भन्छ : 'जीवन त यात्रा हो, त्यस्तो बाटोमा जुन बाटोमा तिमीले स्वयम् आफूद्वारा नै खनेका छौ । आफ्नो कर्मले खनेको बाटोमा नहिंडी धर छ र ? यदि जीवनसँग अविच्छित रूपले रहेको यावत् दुःख, तृष्णा, लोभ, मोह, अशान्ति इत्यादिबाट छुटकारा पाउनु छ भने बाटो नखन तिमीले हिंड्नुपर्दैन त्यसमा (कोइराला, २०६६, पृ.२६) ।'

यसरी नारायणन एकातिर सृष्टि र जीवन प्रक्रियालाई ईश्वरद्वारा सञ्चालित ठान्छ र अर्कोतिर त्यसैलाई नियतिका रूपमा हेर्छ । नारायणनका विचारमा हिटलरद्वारा मारिएका साठी लाख यहूदीहरूको दुः खद मृत्यु पनि नियतिकै परिणति हो । उसका विचारमा– "हिटलर र केवल निमित्त मात्र हो । मर्ने र मार्ने दुवै नियतिका माध्यम मात्र हुन् । संसारमा घटेका र घट्न सक्ने सम्पूर्ण घटनालाई नियतिका रूपमा

हेर्ने नारायणन आफू नियतिले डोऱ्याएको बाटोमा हिंडेको र नियतिका विपरीत आफू जान नसक्ने विचार व्यक्त गर्दछ । साथै उसले इभानसँगको उसको वैवाहिक सम्बन्धलाई पनि नियतिकै घटनामा रूपमा लिएको छ । यो हिन्दू जातिभित्र रहेको सामूहिक अचेतनको आद्य बिम्ब हो ।

नारायणन अनुकूल चरित्र भएको पात्र हो । उपन्यासमा प्रत्यक्ष उपस्थित भई सक्रिय भूमिका निर्वाह गरेकाले ऊ मञ्चीय र बद्ध पात्र हो । कार्यका आधारमा हेर्दा उपन्यासका प्रमुख पात्रहरूको सहयोगी भूमिकामा देखा परेर उपन्यासलाई गतिशील तुल्याउन मद्दत गर्ने ऊ सहायक पात्र हो । वैयक्तिक स्वभावका आधारमा नारायणन एक बहिर्मुखी पात्र पनि हो । ऊ फरासिलो स्वभावको छ । सबैसँग घुलमिल हुन रुचाउने नारायणनले यात्राका क्रममा आफ्नो बहिर्मुखीपन प्रदर्शन गरेको छ । चारित्रिक स्वभावमा परिवर्तन ल्याउन नसकेको ऊ स्थिर पात्रका रूपमा देखापरेको छ । नारायणन धर्म तथा ईश्वरीय शक्तिप्रति पूर्णतः आस्था राख्ने अध्यात्मवादीहरूको प्रतिनिधिपात्रका रूपमा देखापरेको छ । सहरिया परिवेशमा जन्मे-हुर्केको नारायणन सहरिया पात्र हो । यसरी उपन्यासमा नारायण एक प्रखर अध्यात्मवादी-नियतिवादी दार्शनिक तथा चिन्तकका रूपमा देखापरेको छ ।

थियोडोरा

थियोडोरा युद्धपीडित नारीका रूपमा वर्णित छ । **हिटलर र यहूदी** उपन्यासमा थियोडोरा एउटी पर्यटक निर्देशिकाको रूपमा रहेकी छ । ऊ दोस्रो विश्वयुद्धको पीडा बोकेर बाँचेकी बर्लिनकी एउटी नारी पात्र हो । यस उपन्यासको म पात्रले आफ्नी पत्नी लक्ष्मीलाई युरोपको बर्लिनबाट लेखेको चिठीमा थियोडोरासँग भेट भएको कुरा उल्लेख गर्ने क्रममा उसको निर्देशिकाको भूमिकासँगै उसको जीवनको

तीतो सत्यलाई समेत बुझ्ने अवसर प्राप्त गरेको वर्णन गर्छ । एक पीडित यहूदी नारीका रूपमा चित्रित थियोडोराभित्र युद्धप्रतिको घृणा र प्रतिशोधले ग्रस्त मानसिक अवस्था देखिन्छ । शारीरिक प्रौढताको कारण अविवाहिता नै रहन पुगेकी थियोडोराले वर्तमानमा बाँच्ने आधारका रूपमा पर्यटक निर्देशिकाको कामलाई अँगालेकी छ । उपन्यासभित्र म पात्रसित उसको त्यही सिलसिलामा भेट भएको हुन्छ र उसैले म पात्रलाई बर्लिन सहर घुमाएर दोस्रो विश्वयुद्धको विभत्स परिणाम र हिटलरका बारेमा जानकारी गराएकी छे । थियोडोराले भोगेको विगत र वर्तमानको जीवन कहालीलाग्दो छ । हिटलरको नरसंहारकारी युद्धमा आफ्नो प्रेमी र भाइ मारिँदा र सैनिकहरूबाट बलात्कृत बन्न पुगेकी थियोडोराको विवशतापूर्ण जीवन चरित्रको जुन प्रस्तुति उपन्यासमा भएको छ त्यो सम्पूर्ण युद्धपीडित नारीजातिसहित जर्मनी नारीहरूको अत्यन्तै दयनीय अवस्थितिको निश्छल, हृदयविदारक र मार्मिक अनुभव कै प्रतीकका रूपमा व्यक्त भएको छ । उसको उमेर तेइस वर्षको मात्र भएको भएपनि ऊ पैंतालीस वर्षको जस्तो छिप्पिएको शरीर बोकेर हिंड्न बाध्यभएकी छे। उपन्यासमा म पात्रले थियोडोराको वर्णन यसरी गरको छ-'मैले विस्मयले उसलाई हेरें । के यो तेइस वर्षकी युवतीसित म कुरा गरिरहेको छु ? लावण्यहीन अनुहारले पैतालिस वर्षको छिप्पिएको उमेर बोकेर हिंडेकी । आँखा तल किरमिरिएका, गालामा मायाको हलुका बादल, एउटा हलुको कालो टाटो नाकको टुप्पोमा, रूखा कपालमा एक-दुई एक दुई सेता त्यान्द्रा' (कोइराला, २०६६, पृ.८२)। यसरी थियोडोराको अनुहारको हुलियासँगै अतीत र वर्तमानको जीवनलाई हेर्दा एउटा कहालीलाग्दो वास्तविकताबाट गुज्रिरहेको परिलक्षित हुन्छ । उसमा रमाइलो जीवन बाँच्ने कैयौं रहर र चाहना थिए तर तिनलाई दोस्रो विश्वयुद्धताकाको बर्बरताले खरानी बनाई दियो ।

थियोडोराले म पात्रलाई दोस्रो विश्वयुद्धले ध्वस्त बनेको बर्लिनका खण्डलाई देखाइदिँदै यहाँ हेर्न लायक के नै छ र भन्छे -'त्यसलाई स्मारक नै बनाएर रहन दिने रे, त्यस्तै । तर त्यसको के आवश्यकता, सारा सहर नै त स्मारक छ हिटलरको र उसको युद्धको । अनि फोडा ! तिमी त्यसलाई फोडा भन्छौं । बर्लिनवासी कसैलाई सोध, खुलेर तिमीलाई भने, भन्नेछन्- हाम्रो मुटुमा फोडा बगिरहेछ' । यसरी एक-एक सहर र त्यहाँका घर बाटा स्मारक र शालिक सबै ध्वस्तका ध्वस्त दृश्यको अवलोकनले मर्माहत बनेको पर्यटक म पात्रलाई पथप्रदर्शिकाको अधिकार प्रयोग गरी थियोडोराले भन्छे- 'किन ? बर्लिन हेर्न आएका होइनौ यति खर्च गरेर, हेर आफ्नो कौतूहलतालाई शान्त गर' (कोइराला, २०६६, पृ. ८०) । यसप्रकार उसले बर्लिनको केन्द्र, बर्लिनको विज, तोरण अर्थात् 'फ्रान्सलाई सन् १८७१ मा हराएपछि खडा गरेको स्मारक, हिटलरको भूगर्भस्थित बङ्कर-'त्यही हिटलर र उसकी प्रेयसीको चिहान पनि हो, अण्टर डीन लेण्डन, सेन्ट्रल राजमार्ग जुन जर्मन साम्राज्यको मुटु मानिन्छ। स्यालिनको अजङ्गको मूर्ति राइसट, रूसी पहिलो टैंक इत्यादि दृश्य एवम् स्थलहरूको अवलोकन गराउँदै जान्छे । यी स्थलहरूको अवलोकनले असैह्य पीडा बटुलेको र अब अरू दृश्य हेर्न र वर्णन सुन्न नसक्ने बनेको म पात्रलाई आफ्नो बासस्थानमा लागि कफि खुवाउँदै आफन्तहरू गुमाउँदाका पीडाबोध आफ्नो सानो भाई बालसैनिक बनेर रूसी सेनाको गोली खाएर मर्दाको अवस्था र आफू पनि त्यही भाइको लास खोज्दै गर्दा रूसी सेनाद्वारा बलात्कृत हुनु परेको घटना आदि सुनाएर युद्धकालीन समयको विभत्स परिवेशबारे अवगत गराउँदै जान्छे । यी सबै घटनाका साक्षी बनेका जर्मनीहरू अझैसम्म त्यस युद्धका दुष्परिणाम भोगेर बाँच्न लाचार छन् भन्ने कटु यथार्थलाई बयान गर्ने थियोडोरा यस उपन्यासकी नारी पात्रका भूमिकामा देखिएकी छ ।

हिटलर– हिटलरमा जातिगत घृणा व्याप्त छ, ऊ मानसिक रूपमा अहमद्वारा ग्रस्त छ । हिटलर र यहूदी उपन्यासमा हिटलर प्रतिकूल पात्रको रूपमा चित्रण गरिएको पात्र हो । हिटलर द्वितीय विश्वयुद्ध रुचाउने क्रुर मानवका रूपमा उपन्यासमा वर्णित छ । हत्या हिंसा, विध्वंसजस्ता कुराहरू मानवको सृष्टिसँगै जोडिएर आएका आदिम प्रवृत्ति हुन् । तिनै प्रवृत्ति सामूहिक अचेतनका माध्यमबाट हिटलरको वंशानुगत जातिगत प्रवृत्तिले दोस्रो विश्वयुद्धमा नरसंहारका लागि उत्प्रेरित गरेको छ । महाभारतको युद्धकै अर्को संस्करणका रूपमा द्वितीय विश्वयुद्ध भएको छ । यस अर्थमा कृष्णभित्रको युद्धग्रस्त चिन्तन र कार्य र हिटलरको युद्ध अनुराग समान छ । उपन्यासको पात्र हिटलरमा जातीय विद्रोह छ, यहूदीप्रति चरण घृणा व्याप्त छ । त्यसैले ऊ खास यहूदीलाई जरैदेखिबाट मास्न चाहन्छ, नष्ट गर्न चाहन्छ । यसैकारणले द्वितीय विश्वयुद्ध भएको हो । त्यस्तै समरूप महाभारतमा कृष्णमा पनि देखिएका छन् । कौरव र पाण्डवबीच जातीय वैमनस्यको बीज रोपेर धर्मका नाममा युद्ध गराउन कृष्ण तत्पर छन् । गीतामा कृष्णले आफूलाई ईश्वरको दावी गरेजस्तै द्वितीय विश्वयुद्धमा हिटलरले म ईश्वरको अनुयायी भनेको छ । यो उनीहरू दुईभित्रको अहम् हो, इगो हो त्यसैले युद्धप्रेरित भएर नरसंहार गरेका छन् । कृष्ण र हिटलरको सन्दर्भ म पात्रको अचेतन मनको चेतन बिम्बका रूपमा आएको छ, मानवसंहारकारी द्वितीय विश्वयुद्धले ध्वस्त वर्लिन सहर, यहूदीहरुको चिहान ग्याँसच्याम्बर हेर्दा र कथा सुन्दा म पात्र भित्र घृणा उत्पन्न भएको छ त्यो उनको युद्ध विरोधी चेतना हो जीवनप्रतिको मोह हो जुन आद्य बिम्ब, सामूहिक अचेतन र स्वप्न अभिव्यक्तिका रूपमा आएको छ ।

समग्र रूपमा **हिटलर र यहूदी** उपन्यासभित्रका पात्रहरूको भूमिकामा म, लक्ष्मी, रेवा, इल्जे, थियोडोरा र नारायणन देखा परेका छन् । यी पात्रहरूले यस उपन्यासको अधिकांश हिस्सा ओगटेका

देखिन्छन् । यी पात्रहरू प्रमुख पुरूष पात्र म को जीवनका हिस्सा बनेर देखापरेका पाइन्छन् । लक्ष्मी म पात्रकी धर्मपत्नीको भूमिकामा नै रहेको छ र उसैलाई स्वास्थ्योपचारका लागि युरोप पठाएकी छ । ऊ युरोप पुग्दासम्म अनेक पत्र लेखेकी छ भने म पात्र युरोपमा उपचार सकेर विभिन्न स्थलको भ्रमण अवलोकन गर्ने क्रममा त्यहाँका वर्णनीय सबै कुरा लक्ष्मीलाई चिठीद्वारा अवगत गराउँदै गएको छ । यसरी लक्ष्मी उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै चर्चामा आइरहेकी नारी चरित्र हो । रेवा म पात्रसँग एघार दिनसम्म पानी जहाजमा यात्रा गर्ने सहयात्री हो । उसले पनि म पात्रसँग अविस्मरणीय भूमिका निर्वाह गरेकी छ । उपन्यासमा दोस्रो विश्वयुद्धका घटनासँग सम्वद्ध हिटलर र यहूदीलाई महाभारतको कृष्ण र आर्जन तथा पाण्डव र कौरवका पात्रसँग तुलना गर्दै मिथकीय पात्रका सम र विषम परिस्थितिको चर्चा गरिएको छ । उपन्यासमा कृष्णको कार्यको चर्चामा स्वप्न सिद्धान्त अनुरूपको मिथकीय झल्को पाइन्छ । साठीलाख यहूदीलाई ग्यास च्याम्बरमा पोल्ने हिटलर र महाभारतको युद्धमा लडाइँ गर्ने, उक्साउने कृष्णको समान पक्षको चित्रणले मिथकीय पात्रको प्रसङ्ग जोडिएको छ ।

उपन्यासमा परिवेश

आख्यानात्मक कृतिमा पात्रहरूले आ-आफ्नै हैसियतअनुसार क्रियाकलाप प्रदर्शित गर्छन् । यसरी घटित हुने क्रियाकलाप निश्चित स्थान र निश्चित समयमा आवद्ध हुन्छ, जसले गर्दा आख्यानलाई सङ्गति दिन्छ । उपन्यास देशकाल तथा वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ । देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो । विषयवस्तुको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । यसले देशको सामाजिक, धार्मिक र राजनीति परिस्थितिलाई

सम्झाउँछ । आचार-विचार, रीतिस्थिति, चालचलनहरूलाई बुझाउँछ, समाजका असल खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ (प्रधान, २०६१, पृ. १०) । उपन्यासमा दृश्यात्मक पद्धति अँगाल्दा देशकाल आएको हुन्छ ।

उपन्यासमा देश भन्नाले औपन्यासिक घटनाहरू घटेका स्थानलाई जनाउँछ भने काल भन्नाले ती घटना घटेको समयलाई बुझाउँछ । त्यस्तै वातावरण भन्नाले तत्कालीन समयका रीतिरिवाज, परम्परा, धर्म, संस्कृति, प्राकृतिक, आर्थिक, राजनीति र सामाजिक अवस्था आदिको चित्रणका साथै तिनले पात्रमा पर्न गएको प्रभावलाई समेत जनाउँछ । कोही लेखकले अतिरञ्जनामा आएर केवल कल्पनाको भरमा गरेको चित्रण कृत्रिम र अस्वाभाविक मात्र होइन, असत्य भएकोले अनर्थकारी पनि हुन्छ (उपाध्याय, २०४०, पृ. १७३-१७४) । उपन्यासमा जीवन र जगत् समेटिएर आउने सन्दर्भमा मान्छेको रहनसहन, सभ्यता, जीवनपद्धति, धार्मिक भावना, कामकाजदेखि लिएर प्राकृतिक दृश्यावलीहरू समेत प्रस्तुत हुने गर्दछन् । कुनै काम हुनका लागि उपयुक्त स्थल उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई कथनान्तरमा पर्यावरण, वातावरण, परिवृत, परिधिजस्ता शब्दले सम्बोधन गर्ने गरिन्छ ।

हिटलर र यहूदी उपन्यासको परिवेशमा मिथक

हिटलर र यहूदी उपन्यास म पात्रको यात्रामा आधारित उपन्यास हो । **महाभारत**का विभिन्न पात्रको, घटनाको चित्रण गर्दै द्वितीय विश्वयुद्धका नायक हिटलर र कृष्णको चरित्रसँग तुलना गर्दै मिथकीय परिवेश निर्माण गरिएको छ । हिन्दू धर्म दर्शनले प्रारब्ध र वर्तमान कर्मलाई नियतिको माध्यमबाट पुष्टि गर्न खोज्छ । युद्ध, हिंसा र मृत्युलाई

नियतिको खेलको रूपमा चित्रण गर्दै त्यसैको कार्य र कारण सम्बन्धसँग जोड्दछ । बाँचे राज्यको सुखभोग वा मरे स्वार्थको प्राति भने पनि युद्धले मानव शंका लागि उत्पादन दुःख हुन्छ । युद्ध र युद्धोपरान्तको अवस्था कष्टप्रद, दुखान्त, त्रासद, कारुणिक, हृदयविदारक, मानवताहीन, मानवीय मूल्य र मान्यतारहित पाशविक, क्रुर, नृशंस हुन्छ भन्ने मूल भाव उपन्यासबाट रचित परिवेशबाट प्रतिबिम्बन भएको छ । हिंसा युद्ध र मृत्युलाई नियतिको खेल भने पनि त्यो मानव मात्रका लागि अत्यन्त दुःखद हुन्छ युद्ध र युद्धपरान्तको अवस्था विनाशक, कष्टप्रद, दुःखान्त, भयप्रद वा त्रासद कारुणिक, हृदयविदारक, मानवताहीन, नैतिकताहीन, मानवीय मूल्य र मान्यतारहित पाशविक क्रूर, नृशस हुन्छ भन्ने भाव उपन्यासमा रचित परिवेशबाट प्रतिबिम्बित भएको छ ।

महाभारतका विभिन्न प्रसङ्गको चित्रण गरिएको यस उपन्यासमा बौद्धिक पात्रका माध्यमबाट हिन्दू र गैरहिन्दूका संस्कृति, संस्कार अनि धर्मका आधारगत कुरामा तर्क विर्तकद्वारा मिथकीय परिवेश निर्माण गरिएको छ । म पात्र जेलबाट छुटेपछि औषधोपचारका लागी नेपालबाट बम्बई हुँदै पानीजहाजबाट लन्डन, जर्मनी, फ्रान्स र इजरायलसम्मको स्थानको चर्चा गरिएको छ । जम्माजम्मी दुई महिने यात्राका बीच भेटिएका विभिन्न पात्रसँग संवाद तथा अन्तरक्रिया गर्दै द्वितीय विश्वयुद्ध तथा महाभारतका घटना परिघटनाको चर्चा उपन्यासमा गरिएको छ । हिन्दू धर्मसंस्कृतिको आधारभूमि नेपाल तथा भारत, यहूदीहरूको थातथलो इजरायल तथा जर्मन र क्रिश्चियनका भूमि फ्रान्स र लन्डनका विभिन्न परिवेशलाई सन्दर्भसँग जोड्दै पूरा कथा, धर्म, जात तथा परम्परित मूल्य आस्था र कर्तव्य नाममा गरिएको नरसंहारको विरोधमा उपन्यासले मिथकीय परिवेशको निर्माण गरेको छ ।

हिटलर र यहूदी उपन्यासको स्थानीय परिवेश नेपाल, भारत, लन्डन, जर्मनी, फ्रान्स हुँदै ती देशका विभिन्न धार्मिक ऐतिहासिक स्थानहरूको सचित्र वर्णन त्यहाँको अवस्था को चित्रण गर्दै यहूदीहरूको जन्मभूमि इजरायलसम्मको परिवेश पाइन्छ । वर्तमान विश्वमा देखिएको मानवताको ह्राससँग विगतमा शक्ति र सत्ताका नाममा जात र धर्मका नाममा कर्तव्यको नाममा गरिएको नरसंहारलाई अमानवीय कार्यका रूपमा चित्रण गरिएको छ । नेपालको संस्कृति, संस्कार तथा धर्मका आधारभूमिमा टेकेर भारत तथा युरोपसम्मको परिवेशका फैलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्यालाई मानवीय धरातलमा उभ्याएर गीता दर्शन, कर्तव्य, कर्मवाद तथा भोगवादका विविध विषयमा तर्कवितर्कका साथ उपन्यासले मिथकको व्याख्या गरेको छ । उपन्यासमा धर्म र जातभन्दा पनि मानवता ठूलो कर्म हो भन्ने वैचारिक धरातलमा उभिएर उपन्यासकारले आफ्नो मानवतावादी चेतको प्रदर्शन गरेका छन् ।

बौद्धिक पात्रका संवादमा उपन्यासले संस्कारगत धर्मगत तथा जातिगत परिवेशको निर्माण भएको छ । **हिटलर र यहूदी** उपन्यासमा सबै पात्रहरू स्वतन्त्र विचार बोकेका राजनीतिक, दार्शनिक, बौद्धिक तथा युद्धद्वारा पीडित पात्र पनि देखिन्छन् । विभिन्न आस्था र मान्यता बोकेका ती पात्रहरू र तिनले भोगेका जीवन निकै यर्थाथपरक र स्वभाविक देखिएका छन् । विभिन्न धर्म तथा संस्कृतिका ज्ञान भएका ती पात्रद्वारा विभिन्न उदाहरण सहित आत्मविश्वास तथा तार्किक विचार अभिव्यक्त भएका छन् ।

उपन्यासकारले गीता दर्शनको आधारभूमिमा टेकेर दोस्रो विश्वयुद्धबाट ध्वंस भएको युरोप र मारिएका यहूदीको संहारको विपक्षमा मानवतावादी विचार अभिव्यक्त गरेका छन् । उपन्यासकारले महाभारतका युद्धका कृष्णको रूप दोस्रो विश्वयुद्धका हिटलरको रूपमा

समानता देख्दछन् । विगत र वर्तमानलाई तुलना गर्दै उपन्यासले कर्तव्यका नाममा लाखौं यहूदीलाई ग्यास च्याम्वरमा पोल्ने कृत्यको खण्डन गरेका छन् । संवेदनाहीन भएर नरसंहारकारी कर्मतर्फ उत्प्रेरित गर्ने **महाभारत**का कृष्ण, अर्जुन तथा द्वितीय विश्वयुद्धका हिटलरका घटना संवादको प्रस्तुति नै यस उपन्यासमा प्रयुक्त मिथकीय परिवेश हो । हिटलर तथा ईश्वरसँगको संवादद्वारा उपन्यासमा गीता दर्शनको कर्मवाद तथा भोगवादको चर्चा गरिएको छ । मानवीय संवेदना मानव अस्तित्वको सवाल उपन्यासमा उठाइएको छ । गीतामा कृष्णको र दोस्रो विश्वयुद्धमा जर्मनीका हिटलरको नीति विचार तथा कुटिलता उस्तै भएकाले त्यसको खण्डनद्वारा मानव अस्तित्व तथा मूल्यबोधको उपन्यासमा खोजी गरिएको छ ।

हिन्दूको धार्मिक आस्था ईश्वर र ईश्वरद्वारा धर्मका नाममा गराइएको महाभारतको युद्धबाट लाखौं मानिसको हत्यालाई विषयवस्तुको रूपमा प्रस्तुत गर्दै दर्शनमा आधारित भएर ईश्वर र मानवको संवाद, आत्माको अजर अमरत्व, मानवको कर्मवादी चिन्तन उपन्यासमा परिवेश निर्माण गर्ने आधार भएका छन् । दोस्रो विश्वयुद्धका नायक हिटलरले गीता दर्शनमा टेकेर आफू ईश्वरकै निर्देशनमा कर्तव्य निर्वाह गर्ने क्रममा मारेको भन्ने अभिव्यक्तिलाई दानवीपनको रूपमा वर्णन गर्दै महाभारतको युद्ध पनि मानवविरोधी कृत्य थियो भन्ने बोध उपन्यासले गराएको छ ।

दोस्रो विश्वयुद्धमा भएको महाप्रलयकारी जनधनको क्षति, विनाश र त्यहाँ उत्पन्न भएको मानवीय घमण्ड र महाभारतकालीन युद्धका पूर्वाधार तथा भए गरेका विनाशलाई समान रूपमा हेर्न सकिन्छ । दुवै युद्धमा लाखौं मानव बध भएको प्रसङ्गलाई उल्लेख गर्दै गीतादर्शनको शाश्वत, चिन्तन र त्यसको मानवीयता, व्यवहारिक पक्षको वकालत उपन्यासकारले गर्न खोजेका छन् ।

हिन्दू नारी आफ्ना पतिप्रति कति समर्पित हुन्छन् भन्ने विचार प्रस्तुत गर्न उपन्यासकारमा परिवेश निर्माणको क्रममा यसो भन्दछन् : उसैले मेरो ड्रेसिङ गाउन मलाई ओढाइदिई र टाँस्सिएर भनी - 'गहनामात्र किन ? तिम्रो खाँचो टर्न म आफ्नो शरीरलाई पनि बेच्न सक्छु, म बन्धक राख्न सक्छु प्राण !' (कोइराला, २०६४, पृ.१७-१८)

हिटलर र यहूदी उपन्यासमा हिन्दू धर्मदर्शनको पूर्ण ज्ञान प्राप्त व्यक्तित्व नारायणन र भौतिकवादी चिन्तनको स्पष्टवक्ताका रूपमा रेवा देसाईका तर्क वितर्कद्वारा कर्मवादी र आध्यात्मवादी दृष्टिकोणमा द्वन्द्वात्मक अवस्थाको सिर्जना गराइएको छ । दुवैका आ-आफ्नो संस्कार, संस्कृति र विश्वासलाई म पात्रले सुन्दछन् र द्विविधाजन्य अवस्था परेको कुरालाई यसरी व्यक्त गर्दछन् :

कोठामा आएर बिछ्यौनामा लेटें । दिनभरिको असाधारण किसिमको धपेडीले र जहाजको नौलो ठाउँमा नौलो मानिसहरूसँग आफूलाई समन्वय गर्नु परेकाले शरीर र मन बडो क्लान्त थियो । नारायणनको सौहार्द्रपूर्ण उत्साहसँग मलाई डेग मिलाउन धौधौ थियो, झन् रेवाको सौन्दर्यपूर्ण उत्साहले मलाई स्वाँ-स्वाँ गराएको थियो । शायद दुवैको उत्साहको हेतु उनीहरूको आफ्नो आफ्नो निश्चित विश्वास र आस्था थियो । एउटा हिन्दूत्त्वको परमसत्यका उपरका आस्था, अर्कीको नारी सौन्दर्यको विजयी स्वभावका उपरको आस्था (कोइराला, २०६४, पृ.२६) ।

हिटलर र यहूदी उपन्यासमा मिथकीय परिवेश निर्माण गर्न उपन्यासकार कोइराला नियतिवादी दर्शनलाई कुनै न कुनै रूपबाट प्रस्तुत गर्दछन् । नियतिवादी वकालत गर्न नारायणनको माध्यमबाट नियतिवादलाई गीतादर्शनसँग जोडेर प्रस्तुत गर्दछन् । हिटलर र यहूदीको

मिथकीय विषयलाई प्रष्ट पार्ने सन्दर्भमा नियतिवाद र ईश्वरलाई अघि सारिएको छ। उपन्यासमा-'नारायणन भन्दै गयो। नियति भनेको सम्पूर्ण ब्रह्माण्डको कर्मभोग हो जसलाई ईश्वर पनि भन्दछन्। मैले अविश्वासमै सोधे– त्यसो भए के साठीलाख यहूदीलाई बचाउन सकिदैनथ्यो ? के हिटलर नभएको भए तिनीहरू त्यत्रो संहारबाट जोगिने थिएनन् ?

उसले उस्तै निर्द्वन्द्वमा भन्यो- अहँ ! हिटलर त निमित्त हो। कसले कसलाई मार्छ ? नियतिका सबै माध्यम हुन्, दुवै मर्ने भनौं चाहे मार्ने।

य एनं वेत्ति हन्तायश्चैन मन्यते हतम्।
उभौ तौ न विजानितो नायं हन्ति न हन्यते ।।

(गीता-२ अ. पृ १९)

(जसले यस आत्मालाई मर्ने योग्य मान्दछन् तथा जसले यस आत्मालाई मरेको ठान्दछ, ती दुवैले आत्मालाई जान्दैनन्। किनकि यो आत्मा न त मर्छ र न मारिन्छ नै।

दोस्रो विश्वयुद्धको भयावह स्थितिले युरोपियनहरूको पारिवारिक विचल्ली र तिनले भोग्नुपरेको कष्टपूर्ण जीवनशैलीलाई प्रस्तुत गर्दै उपन्यासकारले युद्धमा मर्ने त मरिहाले बाँच्नेको जिन्दगी कतिसम्म टीठलाग्दो भएको थियो भन्ने उदाहरण इल्जे र थियोडोराको जीवनबाट प्रस्तुत गरेका छन्। युद्ध वास्तवमा मानवता विरुद्धको अपराध हो चाहे त्यो **महाभारत**को होस् या दोस्रो विश्वयुद्ध भन्दै मिथकीय पात्र कृष्ण र अर्जुनले गरेका मानवसंहारसँग हिटलरको कृत्यलाई समकक्षतामा राखी प्रस्तुत गरेका छन्।

हिटलर र यहूदी उपन्यासमा मिथकीय परिवेश निर्माण गर्न युद्धद्वारा ध्वस्त पारिएको जर्मनमा विभिन्न स्थान फ्रान्स तथा इजरायलका भग्नावेशषको चित्रण गरेका छन्। हिन्दू, क्रिश्चियन तथा

यहूदीका धार्मिक संस्कार जातिगत संस्कृति तथा मानवका सन्कीपन तथा स्वभावको चित्रण गर्दै **महाभारत**का विभिन्न प्रसङ्गद्वारा कर्मवादी भोगवादी चिन्तनलाई उपन्यासमा प्रस्तुत गरिएको छ। गीता दर्शनमा टेकेर निष्काम कर्म तथा कर्तव्यको विश्लेषण गर्दै हिटलर तथा कृष्णले गरेका मानव संहारलाई वर्तमान परिवेशसँग सामिप्यता राख्दै उपन्यासले मानव अस्तित्त्वको चिन्तन प्रस्तुत भएको छ । उपन्यासले प्राचीन मिथकको व्याख्या नगरी सन्दर्भसहित वर्तमान विश्वमा घटेका युद्धजन्य अवस्था त्यसले पारेको प्रभावद्वारा युद्धको विरोध गरिएको छ। दर्शनलाई आधार मानेर गरिएका मानवसंहार, कर्तव्यका नाममा गरिएका हत्या, हिंसा क्षम्य नभएको विचारद्वारा उपन्यासकारले मिथकीय परिवेश निर्माणको आधार बनाएका छन् । विभिन्न धर्म, दर्शन, संस्कारमा जन्मे हुर्केका पात्रको चिन्तन, आस्था, विश्वासजन्य कुराको तर्कवितर्कद्वारा वैचारिक परिवेश निर्माण गर्दै उपन्यासले मिथकीय परिवेशसँग नेपाल, भारत, लन्डन, फ्रान्स, जर्मन र इजरायलसम्म पुगेर सचित्र वर्णन गरेको छ ।

हिटलर र यहूदी उपन्यास मानवसंहार तथा युद्धको विषय उठान गरिएको एक सफल उपन्यास हो । युद्ध मानव कल्याणकारी हुँदैन, विनाशद्वारा दुःख कष्ट र विपत्ति आइपर्छन् भन्ने विषयलाई प्रस्तुत गरिएको छ। **महाभारत** जस्तो बृहत् नरसंहारबाट कसैको पनि कल्याण नभएको तथ्यलाई प्रस्तुत गर्दै कृष्णले अर्जुनलाई युद्धका निम्ति उक्साएको ग्रन्थ गीतादर्शनमा टेकेर हिटलरले दोस्रो विश्वयुद्धमा साठीलाख यहूदीलाई ग्यासच्याम्बरमा पोलेको कृत्यलाई गलत भन्दै हिटलरको नरसंहारकारी व्यक्तित्त्वप्रति घृणा र जीवनको तिरस्कार तथा अकाल असामयिक पीडाजन्य मृत्युको सिकार भएका यहूदीप्रतिको सहानुभूतिमा मानव अस्तित्व मूल्यबोधको खोज गर्दै गीतादर्शनको विरोध वा असहमतिमा उपन्यासको परिवेश निर्माण भएको छ ।

उपन्यासमा शैली /शिल्प

प्राचीन कथा वा पूरा कथालाई मिथकको भावभूमिमा आफ्नो व्यक्तिगत शैलीद्वारा प्रस्तुत गर्नु नै उपन्यासमा प्रयुक्त मिथकीय शैली हो । औपन्यासिक शैली वा शिल्पमा वैशिष्ट्य आजको साहित्यमा खास गरेर आख्यानमा पाइन्छ । आजको शैलीलाई परम्परागत भाषाशैलीको भन्दा अलग रूपमा हेरिन्छ । लेखकको कला र सीपलाई भाषाको सिंगार लगाएर सुन्दर पार्ने काम नै औपन्यासिक शिल्प हो । यो औपन्यासिक कथावस्तुको स्वरूपअनुसार भिन्न हुने गर्दछ । सफल उपन्यासकारले अभिव्यक्ति शैलीबाट चमत्कृत गर्ने, रोमाञ्चक बनाउने, भ्रम उत्पन्न पार्ने गर्दछ । उपन्यास वा आख्यानमा प्रयोग भएका त्यस्ता शिल्प वा प्रयोग भएका शैलीमा मध्ये वर्णनात्मक, ऐतिहासिक, आत्मकथात्मक, चेतना प्रवाह, पत्रात्मक, डायरी, चित्रात्मक पर्दछन् (कोइराला, २०७०, पृ. ६७) । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक प्रयोगको नवीन शैली पाइन्छ ।

हिटलर र यहूदी उपन्यासको शैली र शिल्पमा मिथक

हिटलर र यहूदी उपन्यासमा मानव अस्तित्व, मानवमूल्य र मानवनियतिका विषयलाई नवीन शिल्प र रचना कौशलका साथ प्रस्तुत गरिएको छ । यस उपन्यासमा आधुनिक मूल्य र मान्यताका आधारमा मान्छेको व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । धार्मिक आस्था र मान्यतामा देवतुल्य मानिएका गीताका कृष्ण र हिटलर र यहूदीको हिटलर काल्पनिक अमानवीय पात्र हुन् । उपन्यासमा आफ्नो धर्म र संस्कारलाई बहिष्कार गरेवापत् गीताको आदर्शद्वारा हिटलरको निष्काम

कर्मरूपी कर्तव्यबाट मारिन पुगेका छन् । हिटलरले आफ्नो निजी विचार तथा सन्किपनद्वारा मानवसंहार गरेर गीतादर्शन कर्मवादी, भोगवादी चिन्तन प्रस्तुत गरेकोमा उपन्यासकार विरोध गर्दछन् । आफूलाई गीता दर्शनको मापनले जाँच्ने हिटलरको कथन ईश्वरसँगको साक्षात्कार तथा संवादको प्रयोग गर्दै उपन्यासमा मिथकीय शिल्पको प्रयोग गरेका छन् । पूरै दार्शनिक धरातल नै यस उपन्यासको विस्तृत पर्यावरण हो । दार्शनिक विषयको विस्तृतिकरणमा उपन्यासकारले बौद्धिक पात्रको प्रयोग गरी सहज तरिकाले आफ्नो विचार स्पष्ट रूपमा प्रस्तुत गर्न उनको व्यक्तिगत शैली हो । उपन्यासमा मिथकीय शैली शिल्पको बेजोड प्रस्तुति छ । हिन्दू दर्शनमा आधारित भएर गीता दर्शन र द्वितीय विश्वयुद्धको युद्ध दर्शनलाई सम्प्रेषणीय पारेर प्रस्तुत गरिएको छ । द्वितीय विश्वयुद्धको वास्तविकता वा विध्वंसलाई औपन्यासिक रूपमा प्रदान गर्न सबल र सक्षम शैली शिल्पको प्रयोग गरिएको छ । पात्रको ज्ञान तह अनुसारको संवाद तात्कालिक परिवेश/चित्रण गर्न सक्षम करुणा, भय, त्रास, विध्वंस, क्रूरता, अमानवीयता, त्रासता, घृणा जस्ता भाव सहज रूपमा व्यक्त गर्ने भाषाशैलीको प्रयोग गर्दै यात्रा वृत्तान्त स्वरूपमा उपन्यासको शिल्प निर्माण भएको छ ।

युद्ध यथार्थ, युद्ध दर्शन, भावनात्मक कल्पनामय स्वैरकल्पनाको प्रयोग गर्दै उपन्यासको कथानकमा पात्रको प्रस्तुति गम्भीर, कलात्मक पारेर प्रस्तुत गरिएको छ । साहित्यमा मिथकीय शैलीको प्रयोग हुन्छ अझ मिथकलाई नै उपन्यासको आधारभूमि बनाइएको पनि उपन्यासमा मिथक साहित्य बनेको छ, मिथक उपन्यास शिल्पी बनेको छ । कृष्णको गीता दर्शन वा युद्धकला दर्शनको मिथकीय शैलीमा प्रस्तुत हुनु नै यस उपन्यासको विशिष्ट शिल्पको प्रयोग हो ।

उपन्यासकार कोइरालाले **हिटलर र यहूदी** उपन्यासमा कलात्मक शैलीमा आधुनिक उत्तरआधुनिकतालाई प्रयोग गरेका छन् । महाभारतका कृष्णको चरित्र अर्जुनलाई युद्धमा उक्साएको प्रसङ्ग, लक्ष्मीको पतिव्रतापन र रेवाको चरित्र, आत्माको शाश्वततालाई भिन्नभिन्न परिवेश निर्माण गर्दै मानवअस्तित्व र मानव मूल्यसँग जोड्दै, मानवका नाताले कृष्णले गरेका कार्य मानवताहीन भएको उल्लेख गरेका छन् । हिन्दूवादी आध्यात्मवादी दर्शनवादी विचार नारायणनको माध्यमले प्रस्तुत गरिएको छ । आफ्नो शरीरमा आफ्नो अधिकार हुन्छ भन्ने तथ्यलाई रेवाको स्वतन्त्र यौनजन्य क्रियाकलापद्वारा प्रस्तुत गरिएको छ । जसले पुरातन हिन्दूवादी, सतीसावित्री नारीको चेत र आधुनिक नारीका चाहना अभिव्यक्ति गरेका छन् । सरल भाषाको सचेतता प्रयोग गर्दै उपन्यासकार उपन्यासमा विचार र तर्कको वादविवाद गराएर वैचारिकता, सामाजिकता, दर्शन, यौन, प्रेम जस्ता उदाहरण पेश गर्दछन् । उपन्यासमा म पात्रकी धर्मपत्नी लक्ष्मीलाई उपचारका लागी जे जस्तो काम गर्न पनि पछि नपर्ने भन्दै शरीर बेच्न वा बन्धक राख्न तत्परतालाई सहज तरिकाले अभिव्यक्ति गराएका छन्ः उसैले मेरो ड्रेसिङ गाउन मलाई ओढाइदिई र टाँस्सिएर भनी- 'गहनामात्र किन ? तिम्रो खाँचो टार्न म आफ्नो शरीरलाई पनि बेच्न सक्छु, म बन्धक राख्न सक्छु प्राण !' (कोइराला, २०६६, पृ. १७-१८)

यौन र प्रेमको विषयमा आफ्नो विचार स्पष्ट पार्न लक्ष्मीको म पात्रप्रतिको समर्पण रेवाको शारीरिक मोह र सम्भोग तथा इल्जेको शरीरगमन कार्यप्रतिको घृणाद्वारा श्लील साहित्य शिल्पको सचेतताका साथ प्रयोग पाइन्छ । लक्ष्मीलाई पूर्वीय संस्कृतिको परिचायक तथा रेवा, इल्जे, थियोडारालाई पश्चिमी संस्कारजन्य महिलाका रूपमा उभ्याएर दर्शनको संवादात्मक अभिव्यक्ति तथा शिल्पको बेजोड प्रस्तुति गरेका छन् । उपन्यासमा नारायणन र रेवा पात्रका माध्यमबाट उनले यसरी

आफ्ना विचार प्रस्तुत गरेका छन् : जब केही उत्तेजनामा आएर रेवाले केही भनेकी मात्र थिई कि नारायणनले भन्यो - रेवा तपाईंले यो कदापि बिर्सन्न हुन्न कि तपाई हिन्दू नारी हो । भारतीय संस्कृतिमा नारीको रूप जहिले पनि आमाको छ । आमाको प्रतीक के हो, थाहा छैन ? पृथ्वी । चञ्चलताको आग्रह के पृथ्वीलाई सुहाउँदछ ? रेवाले भनी– 'त्यसो भए के हिन्दू नारीलाई पश्चिमी नारीसरह स्वतन्त्र आचरणको अधिकार छैन ?' (कोइराला, २०६६, पृ.३३) । यसरी पश्चिमी संस्कृतिको स्वतन्त्रता र पूर्वीय संस्कारका मूल्य र मान्यताका आधार र आस्थालाई उपन्यासकारले दुई पात्रबीचको संवादद्वारा अभिव्यक्त गरेका छन् यो उनको उपन्यास रचनाको विशिष्ट शिल्प हो ।

उपन्यासमा एकातिर महाभारतको युद्ध कृष्ण र अर्जुनको संवाद युद्धप्रतिको अग्रसरता शरीर र आत्मचिन्तन, कर्मवाद, भोगवाद, आध्यात्मवाद र ईश्वरको चर्चा परिचर्चा गरिएको छ भने अर्कोतिर द्वितीय विश्वयुद्धका नायक हिटलरलाई कृष्णको समकक्षतामा उभ्याएर कर्तव्यपालन र नियतिको निर्देशन अनुरूप मानवसंहार गराइएको कुराको विपक्षमा तर्क प्रस्तुत गरिएको छ । ईश्वरको प्रसङ्गमा देवता छ वा छैन भन्ने विषयमा समेत उपन्यासकारले कृष्णको ईश्वर रूपको चर्चा गर्दै युरोपका देवी देवताको अस्तित्व पूजा र प्रसादको प्रसङ्ग चित्रण गरेका छन् । देवता छ वा छैन भन्ने प्रसङ्गमा इल्जेका बाबुआमालाई उभ्याउदै बाबु आमाबीचको विवादलाई प्रस्तुत गरिएको छ । उसले केही बुझेको जस्तो गरेर भनी- 'अँ अँ देवता । बा भन्छन्- छैन, देउता मरे तिनी । आमा भन्छिन - छ जरूर छ । (कोइराला, २०६६, पृ.१०३)

उपन्यासकार कोइरालाले ऐतिहासिक, धार्मिक, जातिगत तथा राष्ट्रिय- अर्न्तराष्ट्रिय विषयलाई म पात्रको यात्रावृत्तान्तका साथै भेटिएका पात्र र तिनका संवादमार्फत् औपन्यासिकता र शिल्पलाई आफ्नो

मानवतावादी विचारको जलपमा राखेर टल्काएका छन् । यात्राका क्रममा आएका वा देखापरेका विभिन्न क्रियाकलापलाई विभिन्न पात्रद्वारा प्रस्तुत गर्दै राजनैतिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक सबै विकृति र विसङ्गतिप्रति विरोध गरिएको छ । बिरामी पात्रको उपचारका क्रममा सामान्य यात्रालाई औपन्यासिक शिल्प र युगीन सचेतपनमा ढालेर आख्यानात्मक घटना, संवाद तर्क तथा विचारद्वारा धार्मिक तथा सांस्कृतिक पक्षको चित्रण उपन्यासमा गरिएको छ । मानव नियतिको सेरोफेरोमा मानवीय सहानुभूति प्रकट गर्दै मान्छेले मान्छेजस्तै स्वतन्त्रपूर्वक बाँच्न पाउनु पर्ने विचार अभिव्यक्ति भएको छ ।

हिटलर र यहूदी उपन्यासमा जातीय र वर्गीय विखण्डनवादी प्रवृत्ति तथा युद्धजन्य मनोवृत्ति र मानवसंहारलाई अक्षम्य अपराधका रूपमा चित्रण गर्दै मिथकीय आधारलाई वैचारिक चिन्तनसँग जोडिएको छ । धार्मिक सांस्कृतिक आग्रह पूर्वाग्रहका रूपबाट मात्रै होइन् सामाजिक जीवनका सापेक्षताका गीताको पुनर्व्याख्या गराउनेतर्फ कोइरालाले हिटलर र यहूदीका माध्यमबाट सम्पूर्ण बौद्धिक जनसमुदायको ध्यान आकृष्ट गराएका छन् । मानवमूल्य र मान्यताका कुरालाई प्रष्ट्याउने सन्दर्भमा गीता दर्शन, चिन्तन र धार्मिक जातिगत द्वन्द्वको चित्रण गरेका छन् । उपन्यासकारले महाभारतको प्रसङ्गमा कृष्ण र हिटलरको समकक्षताको कुरा गर्दै गीता दर्शनको निष्काम कर्मयोगप्रति मानव अस्तित्त्वको विचार प्रस्तुत गरेका छन् ।

उपन्यासमा प्रयुक्त पात्र म र लक्ष्मी स्वदेशी अन्य प्रयोग गरिएका पात्रहरू विदेशी भूमिमा प्रयोग भएका पात्र हुन् । केही पात्रहरू पौराणिक स्रोत महाभारतबाट लिइएको छ भने कथानकको स्रोत दोस्रो विश्वयुद्ध नै हो भनेर कियन गर्न सकिन्छ । नारायणन हिन्दू धर्मका र संस्कृतिका

पक्षधर डा. सुनिल भट्टाचार्य पूर्वीय दर्शनका महान् चिन्तकका रूपमा प्रस्तुत भएका व्यक्तित्त्व हुन् ।

महाभारतको सन्दर्भलाई प्रस्तुत गर्दै दोस्रो विश्वयुद्धमा मारिएका यहूदीको पक्षमा वकालत गरिएको प्रस्तुत उपन्यासको विषयवस्तु मानवतावादी चिन्तनमा गीता दर्शनको विपक्षमा आएको वैचारिक अवधारणा हो । उपन्यासकारले रोचक तथा प्रतिकात्मक भाषा र स्वैरकाल्पनिक शैलीमा ईश्वर र हिटलरको संवाद गराएका छन् । हिटलर गीता दर्शनको आधारमा आफूले गरेको मानवसंहार र युद्ध र त्यसले निम्त्याएको धनजनको क्षतिको बचाउ गर्दै कृष्ण र अर्जुनको प्रसङ्गमा आउने गीता दर्शनसँग तुलना गर्दछ र त्यसलाई उचित भएको जिकीर गर्दछ । उपन्यासकारले भारतीय दार्शनिक नारायणनका माध्यमबाट आफ्नो नियतिवादी दार्शनिक विचारलाई प्रस्तुत गरेका छन् । युद्धको विषयमा आवाज उठाउदै चाहे त्यो महाभारत होस् या दोस्रो विश्वयुद्ध दुवै नरसंहार हुन् संवेदनाहीन कर्म हुन्, भन्दै मानवताको पक्षमा लेखिएको प्रस्तुत उपन्यासमा मानव संवेदना, मूल्यबोध, नियति मानवअस्तित्व र यौनका विविध पक्षमा स्वतन्त्र विचार अभिव्यक्त भएका छन् । कृष्णले स्वकर्तव्य र धर्मको स्थापनाका लागि गरिएको भनिएको महाभारतको युद्ध तथा गीता दर्शनकै आडमा हिटलरले दोस्रो विश्वयुद्धमा आफ्नो कर्तव्य वा दायित्व ठानेर साठीलाख यहूदीहरूको नरसंहार दुवै अक्षाम्य अपराध भएको तर्क उपन्यासमा प्रस्तुत गरिएको छ । राष्ट्रिय-अन्तर र्राष्ट्रिय परिवेशलाई आधार बनाएर लेखिएको हिटलर र यहूदी उपन्यासमा बौद्धिक पात्रका संवाद तथा अन्तरक्रियाका माध्यमबाट धर्मगत जातिगत संस्कृतिजन्य मूल्य र मान्यतालाई चित्रण गरिएको छ । हिटलर र ईश्वरको स्वैरकाल्पनिक संवादद्वारा उपन्यासलाई मिथक तथा पौराणिक विषयसँग निकट र रोचक बनाउन खोजिएको छ ।

मान्छेले मान्छे जस्तो भएर बाँच्न पाउनु पर्छ भन्ने मानवतावादी विचार बोकेको प्रस्तुत **हिटलर र यहूदी** उपन्यासले महाभारतको युद्ध र दोस्रो विश्वयुद्धका समानपक्षका चित्रण गर्दै हत्या, हिंसाद्वारा मानव कल्याण हुन नसक्ने विचारकासाथ गीता दर्शनको निष्काम कर्मवादी तथा भोगवादी चिन्तनको खण्डन गरेको छ। यसरी वर्तमान परिप्रेक्ष्यमा विगतका घटना र धार्मिक युद्धका रूपमा चित्रित **महाभारत**का विभिन्न घटनालाई सामञ्जस्य गरी मानवतावादी विचारलाई प्रस्तुत गर्न सक्नु उपन्यासकार कोइरालाको विशिष्ट औपन्यासिक शिल्प हो।

हिटलर र यहूदी उपन्यासमा प्रयुक्त मिथकको सान्दर्भिकता

महाभारतको मिथकमा रहेको कौरव र पाण्डवको विवाद र युद्धलाई मूल विषय बनाएको उपन्यासले त्यसलाई समसामयिक सान्दर्भिकतामा ढालेर प्रस्तुत गरेको छ। यसले महाभारतको युद्धमा कृष्णले खेलेको भूमिकाप्रति असहमति जनाउँदै मिथकको व्याख्या गरेको छ। यसमा मिथकका माध्यमबाट हिंसा र युद्ध होइन, शान्ति र मानवता सभ्यताका लागि उपर्युक्त हुन्छ भन्ने सन्देश प्रमुख औपन्यासिक कथ्य बनेर आएको छ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले उपन्यासमा महाभारतमा रहेको पाण्डव र कौरवको राज्यविवाद र त्यसले जन्माएको भयङ्कर युद्धको चर्चा गर्दै त्यस युद्धमा केन्द्रीय भूमिकामा देखा पर्ने कृष्णको भूमिका र दर्शनप्रति गम्भीर असहमति प्रकट गरेका छन्। महाभारतमा कृष्णलाई दिव्यशक्तिले भरिपूर्ण ईश्वरीय अवतारका रूपमा चर्चा गरिएको छ। उनलाई धार्मिक दृष्टिकोणले गरिएको युग विभाजन अन्तर्गत द्वापर युगमा जन्मिएको मानिन्छ। त्यसयुगको असत्य र अन्याय हटाई सत्य र न्याय स्थापना गर्न उनको जन्म भएको स्वीकारिन्छ। युद्धको मैदानमा

आफ्ना अघिल्तिर आफ्नै बन्धुवान्धवलाई देखेर युद्ध नगर्ने विचार गरी अर्जुनले हातको गाण्डिव फ्याँकेपछि कृष्णले उनलाई आत्मा, देह, निष्काम कर्म, क्षेत्रीय धर्म आदिको विस्तृत व्याख्या गर्दछन् र अन्ततः आफ्नो दिव्य स्वरूपको दर्शन गराई युद्धमा प्रेरित गर्दछन् । तत्पश्चात् युद्ध हुन्छ र कौरवमाथि पाण्डवको विजय हुन्छ । कौरवको पराजयसँगै अन्याय, पाप, र असत्वृत्तिको अन्त्य भई सत्य र धर्मको स्थापना भयो र त्यसमा कृष्णको महत्त्वपूर्ण भूमिका रह्यो भनी महाभारतमा स्वीकारिएको छ । महाभारतमा रहेको पाण्डव र कौरवको मिथकसँग जोडिएर आएको कृष्णको यही मिथकलाई उपन्यासकार कोइरालाले उपन्यासमा केन्द्रमा राखेका छन् र नयाँ दृष्टिकोणका साथ प्रस्तुत गरेका छन् । युद्ध मानवविरोधी कार्यका रूपमा वर्णन गर्दै मानवतावादको वकालत गरेका छन् ।

उपन्यासमा हिंसाले सभ्यतालाई नष्ट गर्ने भन्दै शान्ति र मानवताका पक्षमा विचारहरू प्रकट गरिएको छ । युद्ध अमानवीय र क्रुर थियो । युद्धमा रगतको खोलो बग्यो, मानवजातिको ठूलो सर्वनाश भयो, निर्मम, क्रुर र अमानवीय इतिहास रगतले लेखियो । अर्जुनलाई उक्साउँदै रगतले लपेटिएको इतिहास रचना गरी मानवताको चीरहरण गर्ने कृष्णको दर्शनप्रति उपन्यासले विमति जनाएको छ । युद्धप्रति तीव्र घृणा प्रदर्शन गरेको छ ।

महाभारतको युद्ध तथा द्वितीय विश्वयुद्ध मानवजातिको हित होइन सर्वनाशका लागि रचिएको थियो भन्ने व्याख्या उपन्यासले गरेको छ । मानवको विनाश र हिंसाबाट पारेको व्यथाले के प्रष्ट पार्दछ भने मान्छेको सुख र चाहनालाई कुठाराघात गर्ने गरी सत्यको खोजी गर्नु उपयुक्त हुँदैन । हिंसा र बलले केवल विनाशलाई निम्त्याउँछ । जसरी महाभारतको युद्धले निम्त्यायो । लाखौं लाख मानिसलाई मारेर प्राप्त भएको न्याय वास्तविक न्याय होइन । महाभारतको युद्धले हस्तिनापुरको

स्वाहा भयो । त्यस युद्धमा थोरै पुरुष मात्र बाँच्न सके । त्यसरी प्राप्त भएको न्यायले कसैको पनि भलो गर्न सकेन । लासको थुप्रो लगाएर पाण्डवले राज्य प्राप्त गरे तर त्यसको औचित्य कतैबाट पनि पुष्टि हुन सक्दैन । त्यसैले हिंसा र युद्धबाट न त महाभारत कालमा नै सत्य स्थापित हुन सक्यो न त वर्तमानमा नै त्यो बाटो उपयुक्त छ भन्दै उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले मेलमिलाप, शान्ति र सद्भावलाई जोड दिएका छन् । उनले यसमा मानव सभ्यता र उसको मूल्यलाई संरक्षण गर्ने हो भने युद्ध होइन, अहिंसात्मक बाटोको खोजी गर्नु अनिवार्य भैसकेको धारणा राखेका छन् । कृष्णको विनाशलीला क्रुर र अमानवीय भएको ठहर गर्दै उनले सभ्यताको विकास हुनका लागि शान्ति र मानवीयता आवश्यक भएको मत प्रकट गरेका छन् । यसरी उनले युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेका छन् । उपन्यासमा मानवतावादी विचारलाई प्रतिपादन गरिएको छ ।

हिन्दू दर्शनले कृष्णलाई अन्याय हटाई न्यायको स्थापना गर्ने, असत्यको अन्त्य गरी सत्यको स्थापना गर्ने मानवचोला धारण गरेका ईश्वरका अवतार हुन् भनेको छ । त्यसैगरी उनले कौरवको अन्याय र अत्याचार हटाई पाण्डवलाई न्याय दिलाए र सृष्टिबाट असत्यको अन्त्य गरे भनिएको छ तर उपन्यासमा कोइराला अन्याय हटाउने आधार हिंसात्मक युद्धलाई बनाएर मानव विनाशको लीला रचना गर्ने कृष्णका विचार र व्यवहारप्रति सहमत छैनन् । उनका विचारमा महाभारतको युद्ध मानवताको विरुद्धमा थियो । त्यस युद्धले हस्तिनापुरलाई चिहानमा परिणत गरेको थियो । असङ्ख्य मानिसको बध गरेर प्राप्त राज्यले कसैलाई पनि खुशी तुल्याउँन सकेन । महाभारत अन्याय, अत्याचार र असत्यको अन्त्यको विकल्प अन्याय, अत्याचार र असत्यलाई नै बनाइयो जुन ठीक थिएन भन्ने दृष्टिकोण राखेका छन् । उनका विचारमा

मानवताको विनाश गर्ने देवत्त्व भन्दा असल मानिस नै जाति हुन्छ । उनले कुनै पनि समाज र युगमा हिंसा र बर्बरताले विनाश मात्र गर्ने भएकाले शान्ति र मानवताको बाटोमा हिंड्नु पर्ने सन्देश उपन्यासमार्फत् दिएका छन् । मानवता, शान्ति र सद्भावको बाटोले नै समाज र सभ्यतालाई उन्नत बनाउन सक्छ भन्दै उदात्त मानवतावादी विचार प्रकट गरेकोले उपन्यास वैचारिक बन्न पुगेको छ । यसरी उपन्यासले महाभारतको मिथकबाट विषय चयन गरे पनि त्यसलाई युग सुहाउँदो वर्तमान समय सापेक्ष विचार प्रदान गरी समसामयिकतामा ढालेको छ । यसमा हिंसा र युद्धले कुनै पनि सभ्यता सम्पुष्ट हुन सक्दैन, अन्याय र असत्यलाई शान्तिपूर्ण उपाय अपनाएर समाधान गर्नुपर्दछ भन्दै महाभारतको मिथकलाई विश्ववन्धुत्त्वको भावनासँग जोडेर समसामयिक मूल्यचेत प्रदान गरिएको छ । यसमा महाभारतको युद्धले अमानवीय स्थितिको सिर्जना गरे पनि अबका दिनमा त्यस्तो विध्वंसात्मक र सर्वनाशकारी चपेटाबाट मानव समाजलाई जोगाउनु पर्छ भन्ने विचार आएको छ ।

यसरी महाभारतको विषय, पात्र र परिवेशलाई मूल आधार बनाएर रचना गरिएको उपन्यासले त्यसको माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेको छ र यसैबाट सुखी जीवन र समुन्नत सभ्यता प्राप्त हुने सन्देश दिएको छ । उपन्यासमा मिथक समसामयिक सान्दर्भिकताका साथ प्रयुक्त छ । कृष्ण ठूला थिए, देवता थिए तर कुरूक्षेत्रमा विनाशको लीला रचे । जति ठूलो भए पनि उनले मानव र उसको सभ्यतालाई हिंसा र विनाशबाहेक अरू केही दिन सकेनन् । त्यसैले मानिस ठूलो होइन असल भएमात्र मानवीय दृष्टि र व्यवहारको विकास हुन सक्छ, मानवताको रक्षा हुन सक्छ भन्ने भाव उपन्यासमा अभिव्यक्त भएको छ । उपन्यासले महाभारतको भीषण युद्धले निम्त्याएको धनजनको विध्वंश र लाखौंलाख मानिसले व्यहोर्नु

परेको दुःखदायी वैधब्यको व्यथाबोध गराउँदै त्यस्ता क्रुर महायुद्धप्रति कडा विरोध गरेको छ । यसले ठूलो होइन मानिसलाई अहंकारी होइन र सफल असल बन्ने सन्देश दिएको छ (कोइराला, २०५३ पृ. ९१) । यसबाट प्रत्येक मानव असल भएमात्र समाज र सभ्यता समुन्नत बन्ने विचार प्रवाहित भएको छ ।

उपन्यासले महाभारतीय मिथकलाई व्याख्या गर्दै हिंसाविरोधी र मानवतावादी विचारलाई अभिव्यक्त गरेको छ । महाभारतको मिथकले पाण्डव र कौरवको विवाद एवम् महाभारतको युद्धका सन्दर्भमा कृष्णको भूमिकालाई न्यायोचित र सत्यमा आधारित ठह्याएको छ । त्यसमा उनले पाण्डवलाई कौरवको अन्याय र अत्याचारबाट मुक्त गरे, उनीहरूलाई न्याय दिलाए र सृष्टिबाटै पाप र असत्यलाई अन्त्य गरे भनिएको छ तर यस उपन्यासमा कृष्णको गलत र हिंसाप्रेमी व्यवहार भूमिकाका कारण महाभारतको भीषण र बर्बर युद्ध भएको र विनाशका लागि चलेको धारणा अभिव्यक्त छ । कृष्णले अर्जुनलाई प्रेरित गरेर युद्ध रचाएको हुनाले नै लाखौं मानिसले मृत्युलाई वरण गर्नु परेको, लाखौं नारी विधवा हुनु परेको, दुःखद र अमानवीय स्थितिको सिर्जना हुन पुगेको विचार उपन्यासमा आएको छ । त्यसैले त्यो युद्ध मानवतावादको विरुद्ध थियो भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा हिंसा र बर्बरताले विनाश मात्र निम्त्याउँछ भन्दै शान्ति र मानवताको बाटोलाई पछ्याए मात्र समाज र सभ्यता समुन्नत बन्ने सन्देश प्रवाहित भएको छ । यसमा महाभारतको मिथकलाई व्याख्या गर्दै विनाशको लीला रचाउने र रगतले पोतिएको इतिहास रचना गर्ने कृष्णको भूमिकाप्रति औंलो ठड्याइएको छ । यसका साथै हिंसाबाट होइन, शान्तिपूर्ण र मानवीय ढङ्गले समस्याको समाधान खोजिनु पर्दछ भन्ने उदात्त मानवतावादी विचारलाई अभिव्यक्त गरिएको छ । त्यसैगरी दैवीशक्तिले सम्पन्न कृष्ण

ठूला थिए, तर उनको कार्य गलत थियो भन्ने सन्दर्भबाट मानिसले असल काम गर्नुपर्ने सन्देश प्रवाहित गरेको छ । यसरी उपन्यासले महाभारतको मिथकका माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै मनुष्यलाई शान्ति र मानवताको बाटोमा हिंड्न अभिप्रेरित गरेको छ । यही नै उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो ।

हिटलर र यहूदी उपन्यासको कथानकको स्रोत **महाभारत**को मिथक हो । यस उपन्यासमा द्वापरयुगमा घटित कौरव र पाण्डवबीचको **महाभारत**को युद्धको विषयलाई आजको सन्दर्भसँग प्रस्तुत गरिएको छ । **हिटलर र यहूदी** उपन्यासमा हिटलरले साठी लाख यहूदीलाई मारेको दोस्रो विश्वयुद्ध घटनाको चित्रण गरिएको छ ।

हिटलर र यहूदी उपन्यासमा महाभारतीय युद्धसूत्रको पालना अर्थात् निष्काम-कर्मको व्याख्या, स्वस्तिक चिन्हयुक्त ध्वजाको विश्वव्यापक प्रचार-प्रसार गरिएको छ । यस उपन्यासमा द्वितीय विश्वयुद्धको हिटलरीय चिन्तनका साथै हिटलरको प्रतिपक्षी दर्शन, यहूदीहरूको स्वतन्त्र र पैतृकस्थल इजरायलको प्रसङ्गको वर्णन भएको छ । यसरी दोस्रो विश्वयुद्धलाई केन्द्र बनाएर लेखिएको प्रस्तुत उपन्यासमा समाजका राजनीतिक, सांस्कृतिक, धार्मिक, जातीय र वर्गीय द्वन्द्वले मानवीय अस्तित्वलाई नै समाप्त पार्ने तर्क गर्दै युद्धको विरोध गरिएको छ । हिटलर र यहूदी उपन्यासमा कौरव र पाण्डवबीचको **महाभारत**को युद्ध, गीता दर्शनको आडमा भएको निन्दनीय कार्य र दोस्रो विश्वयुद्धमा हिटलरले गरेको नरसंहारको विरोध गर्दै मानवतावादी विचार व्यक्त भएको छ । कोइरालाले यसमा मानवतावादी विचार र युद्ध विरोधी धारणा प्रस्तुत गरेका छन् । उपन्यासकारले म पात्रलाई अघि सारेर जीवनमूलक मानवतावादी दृष्टि चेत प्रक्षेपण गरेका छन् ।

हिटलर र यहूदी दोस्रो विश्वयुद्धको ध्वंस र संहारबाट निस्सार

बनेको मानवीय संवेदनालाई समेटेर प्रस्तुत गरिएको उपन्यास हो । **मोदिआइन**कै शैलीमा यसमा वीर र विजय बन्ने अभिलाषाले नरसंहार र त्यसले पारेको दुख पीडाका साथै कष्टलाई देखाइएको छ । यस उपन्यासको कथानकीय स्रोत व्यासद्वारा लिखित **महाभारत** प्राचीन कथामा आधुनिक समयसन्दर्भ थपेर युगको चित्रण गरिएको कथा हो । आफूले शक्ति प्राप्त गर्नका निमित्त शक्तिवान् बन्नका लागी साम, दाम, दण्ड, भेद वा षडयन्त्र गरेर अरूको हत्या हिंसा पनि अनिवार्य हुन्छ भन्ने हिटलरको धारणा छ । त्यस्तो शक्ति आफ्नो वैयक्तिक ईच्छा परिपुर्तिका लागि इन्द्रिय भोगका लागी नभएर सर्वहितमा हुनुपर्छ भन्ने भनाई हिटलरको छ जस अनरूप साठीलाख यहूदीहरूलाई मार्नुमा ऊभित्र कुनै पश्चाताप देखिन्न । **महाभारत**मा यो कर्मलाई कृष्णले कर्तव्यका रूपमा वर्णन गरेका छन् भन्दै आफ्नो तर्क प्रस्तुत गरेको छ । जसरी **महाभारत**को युद्धमा कृष्ण र अर्जुनद्वारा क्षत्रिय धर्मका नाममा लाखौँ व्यक्तिहरूको हत्या गरेका छन् । त्यसैगरी आफूले पनि राजनीतिक कर्तव्य पुरा गर्नुपर्ने कृष्णकै बाटोमा लागि आफूले पनि राजनीतिक कार्य गरेको भन्ने विचार प्रकट गरेको छ । हिटलरद्वारा आफू राजनीतिज्ञ भएको र क्षेत्रीय धर्म, कर्तव्य निर्वाह गर्न ईश्वरका बीच संवादको कल्पनाका माध्यमबाट कर्मद्वारा निर्देशित भएको बताएका छन् : दोषमुक्त निर्मल प्राणी हुँ म । आफ्ना लागी मैले केही पनि गरिन् (कोइराला, २०६४, पृ.११३) उपन्यासमा हिटलरलाई र कृष्णलाई क्रुर, मानवविरोधी व्यक्तिका रूपमा चर्चा गरिएको छ । जसरी कृष्णको कुरामा लागेर अर्जुनद्वारा मानव वध भएको थियो र महाभारतकालीन देशहरू ध्वंस भएका थिए त्यस्तै हिटलरको वर्वरताले जर्मन सहर ध्वस्त भएको र लाखौं यहूदीको हत्या भएको छ । युद्धमा लाखौंलाख मानिसले हिंसाको छाँयामा मृत्युवरण गरेका छन् । यी कृत्यहरू दानवीय क्रुरताको पराकाष्ठा मान्न सकिन्छ ।

गीता दर्शनको मूल विषयलाई प्रस्तुत गरिएको **हिटलर र यहूदी** उपन्यासमा विविध दार्शनिक पक्ष र प्राकृतिक व्यवहारद्वारा मानव अस्तित्वको चित्रण गर्दै मानवतावादी विचारको प्रदर्शन गरेका छन् । उपन्यासमा नियतिवादी दार्शनिक विचार र नियतिलाई प्रश्न नगर र प्रत्येक मानिस र जाति विपतिको छाप लगाएर निर्देशित कर्म गर्दछु भन्ने गीताको कर्मवाद र भोगवादद्वारा कर्तव्यको रूपमा हिटलरीय प्रवृत्तिको चित्रण गरेका छन् । ईश्वरलाई सर्वशक्तिमान स्वरूपको मान्दै मानवले गर्ने कर्म उनै ईश्वरबाट निर्देशित हुन्छ जसलाई नियति मान्न सकिन्छ तसर्थ मानिस नियतिको दास भएर असल वा खराब कर्मप्रति लालायित हुन्छ । नियति निर्दिष्ट कर्म गर्न पुग्दछ भन्ने गीता दर्शनलाई आत्मसात् गर्दै त्यसको विरुद्धमा आफ्नो विचार अभिव्यक्ति गर्न उपन्यासकार सक्षम छन् ।

आजको वर्तमान युगीनसन्दर्भ र चेतलाई धर्म र जातिजन्य घृणाद्वारा उपन्यासमा हिटलरको हत्या हिंसालाई जोड्न सकिन्छ । एउटा मानिसले अर्को मानिसलाई घृणा र शत्रुताको व्यवहार मात्र गर्दछ भने त्यहाँ जतातत‌ैबाट मानवता आक्रान्त हुन पुग्दछ भन्ने यथार्थ उपन्यासले प्रस्तुत गरेको छ । यहूदीहरूको हत्या र यहूदीहरूद्वारा प्यालेस्टइनीमाथि भएको अन्याय मानवता विरोधी कार्य हो । उपन्यासमा वर्णित यहूदीको सामूहिक हत्या, लडाई र युद्धका प्रभावले कठिन अवस्थामा जीविकोपार्जनका लागी आफ्नो शरीरसम्म बेच्न पुगेका युरोपेली महिलाको दर्दनाक अवस्थाद्वारा अत्यन्तै मर्माहत बन्न पुगेका म पात्रले मानव संवेदना र अस्तित्त्वका पक्षमा आफ्नो विचार प्रस्तुत गर्दै युद्धले विगत र वर्तमान दुवै समयमा मानवजातिका दुश्मनी बढाएको यथार्थलाई देखाउन खोजेका छन् ।

यहूदीसहित मानवजातिले भोग्नुपरेका पीडा, सन्त्रास र त्यसले पारेको प्रभावलाई प्रत्यक्ष जीवनपद्धतिसँग तुलना गर्दै उपन्यासले आपसी

वैमनश्यले हिजो पनि कठिन पलको सामना गर्नु परेको र आज झन्झन् डरत्रासमा बाँच्नु परेको विश्वको अवस्थालाई सङ्केत गरेको छ । आजको विश्वको बढ्दो आपसी झैझगडा, युद्ध समाधानको बाटो होइन् आपसी प्रेम र सद्भावद्वारा नै बाँच्न सकिने प्राकृतिक नियमको ज्ञात गराउदै युद्ध विरोधी विचार विश्वबन्धुगत भावना र मानवतावादी चेतलाई उपन्यासकार प्रस्तुत गर्न खोजेका छन् ।

एउटै विचारमा मात्र केन्द्रित नभएको उपन्यास **हिटलर र यहूदीले** समसामयिक चिन्तनलाई अगि सार्दै वर्तमान समयसँग तादाम्यता राखेको छ । यौनजनित व्यवहारदेखि लोकप्रचलित धार्मिक वैचारिक विविध मूल्य र मान्यता तथा आस्थालाई तर्कपूर्ण तरिकाले जोड्दै वर्तमानको मानवतावादी भावधारामा प्रवाहित गरेको छ । म पात्रको यात्रामा पेरिसको बसाइमा डा. भट्टाचार्य र पत्रकारको साहचार्यमा अनेकौ ऐतिहासिक, कलात्मक विविध वस्तुको अवलोकन तथा स्मारकको वर्णनले त्यस स्थानको महत्त्वलाई प्रष्टयाएको छ । कुनै पनि मुलुकको पहिचान त्यहाँको लोकसंस्कृति कला र इतिहाससँग निकट रहन्छ भन्दै बौद्धिक समुदायमा रहेको विभिन्न दार्शनिक र वैचारिक सम्बन्धलाई वर्णन गरेको छ ।

मानिसले जे जस्तो परिस्थितिमा जे जस्तो कुरा भोग्नुपरे पनि त्यसको दोषी मानव नभएको भन्दै कर्मलाई नियतिको सर्वोपरिता मानव-जीवनमा अक्षुण्ण रूपले रहन्छ । एकातिर युद्धविरोधी भावना र अर्कातिर नारी चरित्र र यौनका विविध पक्षालाई प्रस्तुत गर्दै प्रकृति प्रदत्त ईच्छा र चाहना स्वतः उत्पन्न हुन्छन् । त्सलाई स्वीकार्नुपर्दछ नारीपात्रको संसर्गमा उपन्यासको म पात्रलाई समर्पित गराएर मानसिक विचार र शारीरिक चाहनाको तालमेलद्वारा स्वतन्त्र जीवनका यौन सम्बन्धी विचारगत सन्देश उपन्यासमा प्रस्तुत गरिएको छ ।

गीतावादीमा पश्चातापको दर्शन हुँदैन, उनीहरूका लागि यस्तो कुनै दण्ड विधान छैन भन्ने हिटलरको विचार यस्तो छ : अन्तस्करणमा यहूदीहरूको आविष्कार हो, कमजोर जातिको चलाकी जस्तो कि निस्से भन्थ्यो (कोइराला, २०६६, पृ. १४७) भन्ने विचारलाई परम्परित मूल्य र आस्थामा स्वीकार नगरी मानवद्वारा गरिएका हिंसाजनित कार्यको विरोधका रूपमा उपन्यासकारले आफ्नो विचार अभिव्यक्ति गरेका छन् । कुनै पनि धर्म वा तत्द्वारा निर्देशित कर्म मानवहितका लागि हुनुपर्दछ भन्दै धर्मनिरपेक्ष भएर गीताकै स्वअध्ययन गरी मानवता र कर्तव्यपरायणता निर्वाह गर्नुपर्दछ भन्न खोजेका छन् । उपन्यासले असल कर्म, असल विचारद्वारा समाजमा, राष्ट्रमा, विश्वमा शान्ति प्रेम र बन्धुत्त्व कायम गर्न सक्दछ भन्ने विचारका साथ आजको मानव समुदायमा देखिएको शक्ति र सत्ताको अहम्तालले निम्त्याएको शत्रुता मानव विनाशसँग जोड्न खोजेको छ । वर्तमान समयको हत्या, हिंसाजस्ता अमानवीय कार्यलाई यस उपन्यासद्वारा गर्न नहुने वर्जित कर्मका रूपमा व्याख्या गर्दै हिटलरद्वारा गरिएको नरसंहार र कृष्णद्वारा निर्देशित **महाभारत** युद्ध दुवै प्रकृति विरुद्धका मानवताहीन क्रियाकलापका रूपमा प्रस्तुत गरिएको छ । युगीन सान्दर्भिकतासँग मानव र मानव समुदायमा कर्म र भोगको तुलना गरेको छ भने युद्धले मानव हित गर्दैन, पीडा दुख र कठिन यातना कसैको लागि पनि सुखद हुँदैन भन्ने भाव यस उपन्यासले प्रवाहित गरेको छ ।

उपन्यासकार कोइरालाले विभिन्न धर्म तथा संस्कारलाई मिथकको रूपमा व्याख्या गर्दै उपन्यास रचना गरेका छन् । उपन्यासको स्रोत महाभारतकालीन पुरा कथा, आर्य र अनार्यका भिन्न संस्कृतिका घटना हुन् । उपन्यासकार कोइरालाले भनेझैँ मानवीय प्रेमका विरूद्ध हुने धर्म र संस्कार अनित्यभित्र जेलिएर मानिसहरूले भोग्नु परेको कठोर

जीवनपद्धतिलाई प्रस्तुत गरिएको छ । अतः उपन्यासमा मिथकलाई नवीन सन्दर्भमा व्याख्या गरी रचना गरिएको छ ।

निष्कर्ष

हिटलर र यहूदी उपन्यासमा **महाभारत**को मिथकसँग सम्बन्धित भएर वर्तमान युगलाई प्रतिबिम्बन गरेर लेखिएको उपन्यास हो । **महाभारत**मा उल्लेख भएका विभिन्न घटना र तिनले पारेको प्रभावलाई उपन्यासकारले वर्तमान समयसँग दाँजेर आफ्ना व्यक्तिगत विचारलाई प्रस्ट पारेका छन् । महाभारतकै पात्र र तिनका कार्यशैली तथा परिवेशलाई सहज र सरल तरिकाले चित्रण गर्दै तिनले पारेका धार्मिक, सामाजिक, राजनैतिक प्रभावलाई उनका उपन्यासले चित्रण गरेको छ । उपन्यासले विगत र वर्तमानलाई जोड्दै सामान्य पात्र र घटनाका माध्यमबाट जीवनदर्शनका पक्षमा वकालत गर्न उनी सफल भएका छन् । कृष्ण र हिटलरको तुलना, महाभारत र द्वितीय विश्वयुद्धको समान पक्ष महाभारतीय पात्र र तिनका विचार तथा नियतिलाई ओजपूर्ण तरिकाबाट आफ्नो विचारसँग जोडेर उपन्यासकारले प्रस्तुत गरेका छन् । नेपाल, भारत, लन्डन, जर्मनी तथा अन्य स्थानिक परिवेशमा सुहाउँदा पात्रको चयन गरी संवाद तथा मनोवादका माध्यमबाट उपन्यासले दिन खोजेको कुरालाई प्रस्ट्याउन सक्नु विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक शिल्प हो ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा जीवनजगतसँग सम्बन्धित घटना र प्रसङ्गसँगै मिथकीय घटनालाई मुख्य विषयका रूपमा चित्रण गरिएको छ । विभिन्न धर्म संस्कृतिका साथै हिन्दू धर्म, गीता दर्शन र त्यसले पारेको प्रभावलाई मिथकीय कथानकको रूपमा उपन्यासमा वर्णन गरिएको छ । उपन्यासमा धार्मिक युद्धका रूपमा मानिएको **महाभारत**मा रहेको पाण्डव र कौरवको विवाद र कृष्णले निर्वाह

गरेको भूमिका वर्णित छ भने पूर्वीय आर्यसंस्कार, सभ्यता र संस्कृतिको चित्रण पाइन्छ ।

उपन्यासले मिथकीय परिवेशमा आएका विभिन्न धार्मिक तथा ऐतिहासिक परिवेश नदीनाला, ऐतिहासिक पोखरी, तराई, भारत, जर्मन, फ्रान्स, लन्डन, कुरुक्षेत्र आदि जस्ता व्यापक स्थानगत परिवेशलाई आत्मसात् गरेको छ । प्राचीनकालका घटना, द्वापरकालको लामो समयावधि तथा द्वितीय विश्वयुद्धको परिवेशको प्रयोग भएको छ । उपन्यासमा विशेष गरी प्राचीनकालीन तथा द्वापरकालीन सांस्कृतिक, भौगोलिक, प्राकृतिक र युद्धजन्य परिवेश आएको छ, त्यसैले उनका उपन्यासमा मिथकीय परिवेश अथवा देश, काल र वातावरणको प्रयोग गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाले तार्किक क्षमतायुक्त विशिष्ट चिन्तनलाई उपन्यासमार्फत् प्रस्तुत गरेका छन् । पूर्वीय संस्कृति, दर्शन तथा धार्मिक सामाजिक संस्कारलाई सरल बोधगम्य रूपमा प्रस्तुत गर्दै आफ्नो मानवतावादी विचारलाई अभिव्यक्त गरेका छन् । यिनै उनका औपन्यासिक शिल्प हुन् । मानवीय सहजवृत्ति, सामाजिक परिस्थिति, व्यक्ति स्वतन्त्रता र मर्यादा तथा बाध्यतामा मानिसले भोग्नु परेका नियतिजन्य घटनालाई सबैले बुझ्न सक्ने भाषाशैलीमा रचना गरी मानवीय तथा ईश्वर चिन्तनलाई प्रस्तुत गरिएकोले उनका औपन्यासिक शिल्प वा शैली विशिष्ट रहेको छ भन्न सकिन्छ । मिथकीय घटनालाई वर्तमान सन्दर्भ, विचार र परिवेशसँग ढालेर समय सापेक्ष चिन्तन अगि सार्नु नै उनको औपन्यासिक मिथकीय शिल्प हो ।

समग्रमा उपन्यासमा मिथकीय घटना र विषयवस्तुको प्रयोग पाइन्छ । वृत्ताकारीय कथानक ढाँचा, पूर्वदीप्ति शैली र घटनाहरूको

चित्रण छ । मूलतः सङ्क्षेप पद्धतिको उपयोग मिथकीय उपन्यासको वैशिष्ट्य हो । परिधीय आन्तरिक दृष्टिकोण, विस्तृत परिवेश शैलीगत विशेषता बन्न पुगेको छ । मिथकको विषय, पात्र र परिवेशलाई संवहन गर्ने भाषा सक्षाम छन् । पूर्वीय आर्यसंस्कार र धर्मको चित्रण गर्दै धार्मिक सहिष्णुता र सद्भावलाई तथा महाभारतीय मिथकलाई व्र्याख्या गर्दै हिंसाविरोधी र मानवतावादी विचार उपन्यासमा अभिव्यक्त भएको छ । यसका साथै हिंसाबाट नभई शान्तिपूर्ण र मानवीय ढङ्गले समस्याको समाधान खोजिनु पर्दछ भन्ने उदात्त मानवतावादी विचारलाई मिथकीय परिवेशको निर्माणद्वारा अभिव्यक्त गरिएको छ । मिथकको व्याख्याको माध्यमबाट धार्मिक सद्भावको पक्षमा मानवतावादी वकालत गर्नु तथा युद्ध र हिंसाको विरोध गर्दै मनुष्यलाई असल कर्मप्रति अभिप्रेरित गर्ने सन्देश दिनु उनको मिथकीय उपन्यासको मूल ध्येय रहेको पाइन्छ । शान्ति र मानवताको बाटो हिंडेमात्र समाज सभ्य र समुन्नत बन्न सक्छ भन्ने विचार उपन्यासकार कोइरालाले प्रकट गरेका छन् । यही नै उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो ।

त्यसैगरी पुराणादि जस्ता प्राचीन धार्मिकग्रन्थमा रहेका कथाहरूको प्रयोगबाट कृतिले नयाँ अर्थको खोजी गर्ने त्यसको व्याख्या गरी यथार्थलाई प्रकट गर्ने प्रतीकात्मक अभिव्यक्ति दिने उद्देश्य राखिएको हुन्छ भन्दै मिथकको वर्तमान सान्दर्भिकतातर्फ सङ्केत गरेको छ । उपन्यासले मानवको कल्याणको हेतु, लक्ष्य र उद्देश्य हुँ भन्ने विचारका कृष्णको घमण्ड र ईश्वरमाथि ठूलो चुनौति दिएको छ । कृष्ण ठूला थिए, देवता थिए तर कुरुक्षेत्रमा विनाशको लीला रचे । जति ठूलो भए पनि उनले मानव र उसको सभ्यतालाई हिंसा र विनाशबाहेक अरू केही दिन सकेनन् । त्यसैले ठूलो होइन असल भएमात्र मानवीय दृष्टि

र व्यवहारको विकास हुन सक्छ, मानवताको रक्षा हुन सक्छ भन्ने भाव उपन्यासमा व्यक्त गरेका छन् । यो नै उनको औपन्यासिक प्राप्ति हो ।

हिटलर र यहूदी उपन्यासमा महाभारतका केही परिवेशका साथै महाभारत युद्धमै प्रयोग भएका नेपाल तथा भारतका ऐतिहासिक स्थलहरू, द्वितीय विश्वयुद्धमा लडाईले ध्वस्त भएका जर्मन, फ्रान्स, लन्डन र इजरायलकाका स्थानहरू प्रत्यक्ष आएका छन् । विश्वेश्वरप्रसाद कोइरालाको हिटलर र यहूदी उपन्यासले द्वितीय विश्वयुद्धको वास्तविकता बोध गराउने पूर्वीय दर्शनमा आधारित युद्ध मिथकलाई उदाहरण वा दृष्यान्तका रूपमा प्रस्तुत गरिएको छ । महाभारतको युद्ध, द्वितीय विश्वयुद्ध मिथकले तात्कालिक संस्करण हो भन्ने भाव कौरव र पाण्डवले गरेको युद्धकै मिथकको परम्पराभित्रको क्रम हो भनेका छन् ।

❀

अध्याय : तीन

उपसंहार

मिथक शब्द अङ्ग्रेजी भाषाको 'मिथ' आधार पदमा संस्कृत भाषाको 'क' प्रत्यय जोडिएर बनेको हो । अङ्ग्रेजी भाषाको मिथ शब्द ग्रीक भाषाको मुथस वा माइथसबाट व्युत्पन्न भएको हो र यसको मूल अर्थ मुखबाट उच्चरित वाणी भन्ने हुन्छ । समयको परिवर्तनसँगै मूल अर्थमा परिवर्तन भएर आप्त वचन, अतर्क्य कथन, कथा, धार्मिक कथा, असत्य कथा, ब्रह्माण्डको रहस्य बुझाउने कथा हुँदै जीवन र जगत्सम्बन्धी विशेष धारणा एवम् पुराकथाका माध्यमद्वारा समसामयिक चेतनाको बोधजस्ता विभिन्न अर्थमा मिथ वा मिथक शब्द प्रचलित भएको पाइन्छ । मिथकको व्युत्पत्तिलभ्य अर्थ, कोशीय अर्थ र परिभाषाबाट प्राप्त अर्थलाई केलाउँदा यो ज्ञानविज्ञानका अनेक शब्दमा व्याप्त रहेको र अनेक अर्थलाई बहन गर्ने शब्दका रूपमा प्राप्त गरेको वस्तुविन्यासको ढाँचाका रूपमा रहेको देखिन्छ । यसबाट के बुझिन्छ भने मिथक रचनाकारमा संस्कारगत रूपमा प्राप्त मनोरचनाकै विषयवस्तु र साहित्यको संरचक आधार हो, यो साहित्यसँग अविभाज्य रहेको हुन्छ । यसको उत्पत्ति मानव चेतना जत्तिकै पुरानो भएको देखिन्छ । मिथकको उत्पत्तिका सम्बन्धमा अनेक मत भएपनि वायुमण्डलीय सिद्धान्त, भौतिक सिद्धान्त, नैतिक सिद्धान्त र रहस्यवादी- रूपकवादी सिद्धान्त

आदि रहेका छन् । मिथकलाई आठ प्रकारमा वर्गीकरण गरिएको छ । सृष्टिविषयक, उत्पत्तिसम्बन्धी, प्रलयसम्बन्धी, दिव्य र अदिव्यसम्बन्धी, प्रणय, आदर्श, सांस्कृतिक रूपान्तरण र प्रकृतिसम्बन्धी मिथकका रूपमा वर्गीकरण गरिएको छ ।

मिथक मानवीय परिकल्पनाको प्रथम प्रस्फुटन हो । आदिम मानवले आफ्नो ब्रह्माण्डसँगको साहचर्यबाट प्राप्त गरेको ज्ञान, अनुभव र तिनको एकीकृत संयोजन मिथकका माध्यमबाट व्यक्त गरेको छ । त्यसैले मिथकलाई एकीकृत ज्ञानका रूपमा लिइएको पाइन्छ । अन्य किसिमका ज्ञानको विभाजन हुनुपूर्व संसारमा सम्पूर्ण ज्ञानको एकीकृत अवस्था रहेको कुरा मिथकमा निहित विषयगत व्यापकताले देखाएको छ । आदिम जङ्गली अवस्थामा हुँदा वा मानिसको यस संसारसँगको प्रथम साहचर्यबाट नै उसले अनुभूत गरेका कुरा नै मिथकका माध्यमले प्रस्फुटन भएको हुँदा यो अनेक किसिमका विधाको सम्मिश्रित रूप हो भन्न सकिन्छ । यसलाई सम्पूर्ण विधाको जननी विधाका रूपमा लिन सकिन्छ । सभ्य संसारका मानिसले जे जति ज्ञान विज्ञानका खोजी गरेको छ ती सबै तिनै आदिम जङ्गली मानिसहरूकै अध्ययनबाट गरेको हो । यस अर्थमा ज्ञानविज्ञानका हरेक क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मिथकको भूमिका र प्रभाव रहेको छ । त्यसैले तिनमा मिथकीय गुण पनि विद्यमान रहेको हुनु स्वभाविक हो । यस अर्थमा मिथकको दर्शन, मनोविज्ञानकला, साहित्य, धर्म, इतिहास, लोकसाहित्य, कर्मकाण्ड- अनुष्ठान लगायतका ज्ञानविज्ञानका क्षेत्रसँग कुनै न कुनै सम्बन्ध रहेको पाइन्छ । अझ मानवीय संवेदनाका विषय भएका कला-साहित्य, धर्म, संस्कार-संस्कृतिसँग त यसको वंशानुगत सम्बन्ध रहेको छ । यस सत्यलाई समाजशास्त्र र मनोविज्ञानको खोज-अनुसन्धानले स्थापित गरेको छ। पश्चिममा वैज्ञानिक खोज-अनुसन्धानले

मिथकको रहस्यलाई वैज्ञानिक रूपमा नै व्याख्याविश्लेषण गर्न सुरू गरेको पाइन्छ भने पूर्वमा मिथकको भण्डार स्वरूप भएका पौराणिक कृतिको अध्ययन व्यवस्थित रूपमा हुन सकेको देखिँदैन। मनोविश्लेषण सम्प्रदायका जन्मदाता सिमिड फायड कार्ल गुस्ताभ युङ यस्ता मिथकीय बिम्बहरूले अनन्त समयसम्म ज्ञानका क्षितिज उघार्न सक्ने धारणा व्यक्त गर्दै किन मानिसले मनोविज्ञानको ढोका पहिले नै खोल्न सकेन भनी आश्चर्य व्यक्त गर्दछन् र यसमा प्रमुख कारण धर्मलाई मान्दछन्। उनका विचारमा हरेक कुराको व्याख्या धार्मिक ढङ्गले भएकाले मनोविज्ञानको ढोका खोल्न विलम्ब भएको हो भन्ने छ। समयको प्रवाहसँगै मिथक पनि धुमिल र अस्पष्ट बन्दै गएकाले यसको रहस्य र तात्पर्यार्थ लुप्त भएर यो कपोकल्पित भ्रान्त र आदिम जङ्गली मान्छेको मनोविनोदका रूपमा रूपान्तरित भएको हो । यसमा निहित अर्थ मानवशास्त्र र मनोविज्ञान एवम् साहित्यिक समालोचनाका क्षेत्रमा विकास भएका प्रतीकवादी दर्शनले उद्घाटन गर्ने काम गरेको छ । मिथकमा अन्तर्निहित अर्थको खोजी भएपछि यसको सम्बन्ध ज्ञान विज्ञानका अनेक शाखासँग रहेको कुरा वर्तमान समयमा भएको छ ।

मिथकको प्रयोग सामान्य अर्थदेखि विशिष्ट अर्थसम्म साहित्यिक सन्दर्भमा प्रयोग भएको देखिन्छ । पुराकथा, पुराकथात्मक ढाँचा, पौराणिक पात्र, परिवेश, लोकविश्वास, आद्यरूपीय बिम्ब- प्रतीक, अद्भूत रहस्यगर्भित विषयवस्तु आदि अनेक सन्दर्भले मिथकीय स्वरूप प्राप्त गरेको देखिन्छ । सामान्य घटना पनि लोकविश्वासका कारणले लोकोत्तर गुणसन्धान भएर मिथकीय रूपमा प्रयोग भएको पाइन्छ। कुनै पनि वास्तविक घटना, परिवेश, व्यक्ति आदि लोकमानसद्वारा अतिशय श्रद्धाभावका कारण आतर्क्य आस्थामा रूपान्तरण गरिएपछि त्यसले पनि मिथकीय रूप धारण गरेको छ। मिथकको मूलमा लोकको अतर्क्य आस्था

नै कारण बनेको छ । नेपाली समाजमा मिथकीय मान्यता प्राप्त गरेका वस्तुमा पौराणिक प्रसङ्ग, अनुश्रुतिमूलक परिकथाहरू, धामीझाँक्रीका लोकविश्वासमूलक कथा, जादु, टुनामुना, तन्त्रमन्त्र, सृष्टिसम्बन्धी अनेक कथा जस्ता विषय पर्दछन् । यस्ता अनेक प्रकारका मिथकलाई नेपाली साहित्य रचनामा उपयोग गरेको पाइन्छ । मिथक स्वयम्मा भावसत्यका संवाहक मानिन्छन् र उपन्यासीय भाव गाम्भीर्यलाई प्रकाश गर्नका निम्ति मुख्य कथ्य र कथ्यका सहायक भएर प्रयोग भएका देखिन्छन् ।

मिथकीय विषयवस्तु, कथा वा पात्रलाई उपयोग गरेर आख्यान तथा उपन्यास रचना भएका देखिन्छन् । साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ । कुनै पनि देशको साहित्य आफ्नो मिथकीय परम्परामा सम्बद्ध रहेको हुन्छ । मिथक र साहित्यको सम्बन्ध नजिक रहेको छ । साहित्यकारले मिथकको माध्यमबाट आफ्नो जातिको वैयक्तिक वा सामूहिक भाव वा विश्वासलाई बाँडिदिन्छ । पूर्व र पश्चिम दुवै तर्फका साहित्यका लागि मिथक गतिलो स्रोतको रूपमा रहेको छ । यो साहित्यका लागि सुन्दर प्रभावशाली र कलात्मक अभिव्यक्तिको आधार पनि हो । वर्तमान समयमा कृतिलाई सार्वभौम, सर्वकालिक बनाउनका लागि मिथकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । नेपाली साहित्यमा पनि यस्ता थुप्रै कृति देखापर्दछन् जसले मिथकको प्रयोगबाट युगीन र सार्वभौम सत्यलाई उद्भाषित गर्न सक्षम भएका छन् । नेपाली साहित्यमा सबैभन्दा धेरै महाभारतको मिथक प्रयोग भएको छ । विशेषगरी महाभारतका कथा तथा कृष्णको मिथकलाई युगसन्दर्भ अनुसार नवीन पद्धतिका साथ प्रदान गरिएको छ । परम्परागत धारणाअनुसार सत्य र न्याय स्थापना गर्नका लागि कृष्णले पाण्डवको पक्ष लिएर अर्जुनलाई युद्धमा उत्प्रेरित गरे भन्ने विश्वास गरिन्छ । महाभारतको युद्धपश्चात् सृष्टिमा सत्य र न्याय स्थापित भयो भन्ने धार्मिक

व्याख्या पाइन्छ। हिंसा र बलबाट लाखौंलाख मानिसको जीवन समाप्त गर्ने युद्ध र युद्धलाई उत्प्रेरित गर्ने कृष्ण सत्य र न्यायका पक्षधर थिएनन् र रक्तपातबाट मानव कल्याण सम्भव हुँदैन। त्यसैले महाभारतको युद्ध मानव विरोधी थियो भन्ने भाव आजका कैयौं नवीन ढङ्गबाट प्रस्तुत भएका छन्। महाभारतका अन्य पात्र र परिवेशलाई भिन्न तरिकाबाट गुप्त रहस्यको पर्दाफास गरी मिथकको प्रयोग गर्ने गरिएको छ।

मिथकको अध्ययन ऐतिहासिक, तुलनात्मक मनोवैज्ञानिक वा अन्य पद्धतिबाट व्याख्यात्मक र वर्णनात्मक रूपमा गर्न सकिन्छ। त्यसैले मिथकको पुर्नव्याख्या र नवीन अर्थको प्रयोगले साहित्यिक सामर्थ्य र प्रभावलाई सशक्त तुल्याएको हुन्छ।

मिथक र साहित्य एक अर्काका आधार हुन्। साहित्यको स्रोत मिथ हो। मिथको गर्भबाट ऐतिहासिक मनोवैज्ञानिक वा दुवै दृष्टिले साहित्यको जन्म हुन्छ। साहित्यमा मिथको उपयोग दुई प्रकारले गरिन्छ। कृतिकै निर्माणका निम्ति समग्र रूपमा वा आंशिक रूपमा प्रतीक, रूपक वा बिम्बका रूपमा आलङ्कारिक रूपमा मिथको प्रयोग साहित्यमा गरिन्छ। मिथक नै साहित्य हो वा यी दुई एक अर्काका पर्याय हुन् भन्ने धारणामा सहमत हुन सकिदैंन। तर ज्ञानका अन्य शाखामा भन्दा साहित्यमा मिथकको प्रतिफल ज्यादा रहन्छ। रचनाकारले रचनामा मिथकलाई विभिन्न प्रकारबाट उपयोग गरिएको पाइन्छ। सयमअनुसार मिथकको प्रयोगमा विभिन्नता पाइन्छ। साहित्यमा मिथकलाई परम्परागत ढङ्गले जस्ताको तस्तै अभिव्यक्ति दिनुको कुनै औचित्य हुँदैन। त्यसलाई युगीन सत्यको प्रकटीकरण वा वर्तमान मानवको जटिल मानसिकताको चित्रणका लागि उपयोग गर्नु औचित्यपूर्ण ठहर्छ। कतिपय कृतिमा मिथकका अंश वा टुक्रालाई उपयोग गरी अभिव्यक्तिलाई प्रभावोत्पादक र मार्मिक बनाउने प्रवृत्ति पनि पाइन्छ। आवश्यकताअनुसार कृतिको कुनै

पनि स्थानमा मिथकीय सन्दर्भको उपयोगले वस्तु र शिल्प दुवैमा नयाँ आयाम थपेको हुन्छ । साहित्यमा मूल मिथकको विपरीत प्रयोग पनि पाइन्छ। मूल मिथकलाई परिवर्तन गरेर रचनाकार आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन सक्छ ।

नेपाली साहित्यमा मिथकको प्रयोग गर्दै रचना गरिएका साहित्यमा त्यसको युगीन सन्दर्भ र वैचारिक चेतनाको प्रस्तुति पाइन्छ । प्रतिभाशाली साहित्यकारले मिथकको पनि निर्माण गरेका छन् । आफ्नो रचनालाई प्रसिद्ध, प्रभावशाली र सार्वकालिक बनाउनका लागि लेखक नवीन मिथकको निर्माणतर्फ सदैव अग्रसर हुन्छ ।

नेपाली साहित्य लेखन परम्परामा महाभारत, वेद, पुराण आदि प्राचीन ग्रन्थमा रहेका मिथकलाई उपयोग गरेर रचना गरिएका मिथकीय उपन्यासहरू कथ्य र शिल्प दुवै दृष्टिले उत्कृष्ट रहेका छन् । नेपाली साहित्यको प्राथमिककालीन समयमा रचना वा अनुवाद गरिएका प्रायशः कृति मिथकीय विषयवस्तुमा आधारित छन् भने माध्यामिक कालमा मिथकको विषयवस्तु मोत्र ग्रहण गरिएका केही मौलिक कृति र आधुनिक कालमा मिथकीय पात्र, परिवेशका साथसाथै विषयवस्तुको नवीन सन्दर्भको खोज गरिएको छ। मिथकीय कथावस्तुकै रूपमा प्रयोग नभई मिथकका प्रसङ्गलाई कथाक्रममा जोडेर प्रस्तुत गरिएकोले मिथक साधन नभई साध्यका रूपमा प्रस्तुत गरिएको छ ।

त्यस्ता उपन्यासले प्राचीन मिथकलाई नयाँसन्दर्भमा ढालेका छन्। नेपाली उपन्यास परम्पराको पछिल्लो समयमा मिथकीय उपन्यासको रचनामा वृद्धि भएको पाइन्छ। यस्ता उपन्यास सङ्ख्याका कारणले मात्र होइन स्तरीयताका दृष्टिले पनि उपल्लो स्थानमा रहेका छन्। यसले गर्दा नेपाली उपन्यासमा मिथकीय धाराको रूपमा एउटा अलग्गै धाराको विकास भएको छ। सिङ्गो नेपाली उपन्यास परम्परामा यस धाराका उपन्यास कला

र विचार दुवै दृष्टिले स्तरीय छन् । विश्वेश्वरप्रसादकोइरालाको हिटलर र यहूदी उपन्यासमा द्वितीय विश्वयुद्धको वास्तविकता र यथार्थलाई बोध गराउन महाभारतको युद्ध दर्शन कृष्णको भूमिकाका साथै पूर्वीय युद्ध मिथकलाई उदाहरण वा दृष्यान्तका रूपमा प्रस्तुत गरिएको छ । मिथकीय संरचनामा आधारित भएर अलङ्कार, बिम्ब प्रतिक रूपमा प्रयोग गरिएको छ । मिथकको उपयोग कथावस्तुमा प्रयोग गरिएको सन्दर्भ स्रोतमा जोडिएको छ भने घटना र कथाक्रममा मिथक दृष्यान्तका रूपमा मात्र आएको छ ।

विश्वेश्वरप्रसाद कोइराला मिथकीय उपन्यासका प्रारम्भकर्ता हुन् । उनका उपन्यासमा मिथकका तत्त्व रहेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास पूर्वीय संस्कृति तथा महाभारतको मिथकलाई विषयवस्तुको मूल आधार बनाएर लेखिएको छ । उनका उपन्यासमा जीवनजगतसँग सम्बन्धित घटना र प्रसङ्गहरूसंगै मिथकीय घटनालाई मुख्य विषयका रूपमा चित्रण गरिएको छ । कोइरालाका उपन्यासहरूमा पूर्वीय तथा किराँत संस्कारका तपस्या, ध्यान धर्मकर्म तथा सिकार जस्ता आदिमसभ्यता, संस्कार र संस्कृतिजन्य घटना जोडिएर आएका छन् । किराँत धर्म संस्कृति, हिन्दू धर्म, गीता दर्शन र त्यसले पारेको प्रभावलाई मिथकीय कथानकको रूपमा उपन्यासमा वर्णन गरिएका छन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा धार्मिक युद्धका रूपमा मानिएको महाभारतमा रहेको पाण्डव र कौरवको विवाद र कृष्णले निर्वाह गरेको भूमिका वर्णित छ भने पूर्वीय आर्यसंस्कार, सभ्यता र किराँतको संस्कृतिको चित्रण पाइन्छ । यसैले उनका उपन्यासमा मिथकीय कथानक रहेको छ । उनको हिटलर र यहूदी उपन्यासमा मानव अस्तित्त्व, मानवमूल्य र मानवनियतिका विषयलाई नवीन शिल्प र रचनाकौशलकासाथ प्रस्तुत गरिएको छ । यस उपन्यासमा नयाँ मूल्य र मान्यताका आधारमा

मान्छेको व्यक्तित्त्वलाई प्रस्तुत गरिएको छ। धार्मिक आस्था र मान्यतामा देवतुल्य मानिएका गीताका कृष्ण र हिटलर र यहूदीको हिटलर काल्पनिक अमानवीय पात्र हुन्। उपन्यासमा आफ्नो धर्म र संस्कारलाई वहिष्कार गरेवापत गीताको आदर्श अनुरूपको हिटलरको निष्काम कर्मरूपी कर्तव्यबाट मारिन पुगेका छन्। हिटलरले आफ्नो निजी विचार तथा सन्कीपनद्वारा मानवसंहार गरेर गीतादर्शन कर्मवादी भोगवादी चिन्तन प्रस्तुत गरेकोमा उपन्यासकार विरोध गर्दछन्। आफूलाई गीता दर्शनको मापनले जाँच्ने हिटलरको कथन ईश्वरसँगको साक्षात्कार तथा संवादको प्रयोग गर्दै उपन्यासमा मिथकीय शिल्पको प्रयोग गरेका छन्। पूरै दार्शनिक धरातल नै यस उपन्यास को विस्तृत पर्यावरण हो। दार्शनिक विषयको विस्तृतिकरणमा उपन्यासकारले बौद्धिक पात्रको प्रयोग सहज तरिकाले आफ्नो विचार स्पष्ट रूपमा प्रस्तुत गरेका छन्।

उपन्यासकार कोइरालाले हिटलर र यहूदी उपन्यासमा कलात्मक शैलीमा आधुनिक उत्तरआधुनिकतालाई प्रयोग गरेका छन्। महाभारतका कृष्णको चरित्र अर्जुनलाई युद्धमा उक्साएको प्रसङ्ग, लक्ष्मीको पतिव्रतापन र सीताको चरित्र आत्माको शाश्वततालाई भिन्नभिन्न परिवेश निर्माण गर्दै मानवअस्तित्व र मानव मूल्यसँग जोड्दै, मानवका नाताले कृष्णले गरेका कार्य मानवताहीन भएको उल्लेख गरेका छन्। हिन्दुवादी आध्यात्मवादी दर्शनवादी विचार नारायणनको माध्यमले प्रस्तुत गर्दै आफ्नो शरीरमा आफ्नो अधिकार हुन्छ भन्ने तथ्यलाई रेवाको स्वतन्त्र यौनजन्य क्रियाकलापमा सामेल बन्दछन्। जसले पुरातन हिन्दुवादी सतीसावित्री नारीको चेत र आधुनिक नारीका चाहना अभिव्यक्ति भएका छन्। सरल भाषाको सचेतता प्रयोग गर्दै उपन्यासकार उपन्यासमा विचार र तर्कको वादविवाद गराएर वैचारिकता, सामाजिकता, दर्शन, यौन, प्रेम जस्ता उदाहरण पेश गर्दछन्। यौन र प्रेमको विषयमा आफ्नो

विचार स्पष्ट पार्न लक्ष्मीको म पात्रप्रतिको समर्पण रेवाको शारीरिक मोह र सम्भोग तथा इल्जेको शरीरगमन कार्यप्रतिको घृणाद्वारा श्लील साहित्यको शिल्पको सचेतताका साथ प्रयोग पाइन्छ । लक्ष्मीलाई पूर्वीय संस्कृतिको परिचायक तथा रेवा, इल्जे थियोडारालाई पश्चिमी संस्कारजन्य महिलाका रूपमा उभ्याएर दर्शनको संवादात्मक अभिव्यक्ति तथा शिल्पको बेजोड प्रस्तुति गरेका छन् । यसरी पश्चिमी संस्कृतिको स्वतन्त्रता र पूर्वीय संस्कारका मूल्य र मान्यताका आधार र आस्थालाई उपन्यासकारले दुई पात्रबीचको संवादद्वारा अभिव्यक्ति गरेका छन् यो उनले उपन्यास लेखनको विशिष्ट शिल्प हो ।

उपन्यासमा एकातिर महाभारतको युद्ध कृष्ण र अर्जुनको संवाद युद्धप्रतिको अग्रसरता शरीर र आत्मचिन्तन, कर्मवाद, भोगवाद, आध्यात्मवाद र ईश्वरको चर्चा परिचर्चा गरिएको छ भने अर्कोतिर द्वितीय विश्वयुद्धका नायक हिटलरलाई कृष्णको समकक्षतामा उभ्याएर कर्तव्यपालन र नियतिको निर्देशन अनरूप मानवसंहार गराइएको कुराको विपक्षमा तर्क प्रस्तुत गरिएको छ । ईश्वरको प्रसङ्गमा देवता छ वा छैन भन्ने विषयमा समेत उपन्यासकारले कृष्णको ईश्वर रूपको चर्चा गर्दै युरोपका देवी देवताको अस्तित्त्व पूजा र प्रसादको प्रसङ्ग चित्रण गरेका छन् । देवता छ वा छैन भन्ने प्रसङ्गमा इल्जेका बाबुआमालाई उभ्याउदै बाबु आमाबीचको विवादलाई प्रस्तुत गरिएको छ ।

उपन्यासकार कोइरालाले ऐतिहासिक, धार्मिक, जातिगत तथा राष्ट्रिय-अर्न्तराष्ट्रिय विषयलाई म पात्रको यात्रा वृत्तान्तका साथै भेटिएका पात्र र तिनका संवादमार्फत् औपन्यासिकता र शिल्पलाई आफ्नो मानवतावादी विचारको जलपमा राखेर टल्काएका छन् । यात्राका क्रममा आएका वा देखापरेका विभिन्न क्रियाकलापलाई विभिन्न पात्रद्वारा प्रस्तुत गर्दै राजनैतिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक सबै विकृति र

विसङ्गतिप्रति विरोध गरिएको छ । बिरामी पात्रको उपचारका क्रममा सामान्य यात्रालाई औपन्यासिक शिल्प र युगीन सचेतपनमा ढालेर आख्यानात्मक घटना, संवाद तर्क तथा विचारद्वारा धार्मिक सांस्कृतिक पक्षको चित्रणका साथै मानव नियतिको सेरोफेरोमा मानवीय सहानुभूति प्रकट गर्दै मान्छेले मान्छेजस्तै स्वतन्त्रपूर्वक बाँच्न पाउनु पर्ने विचार अभिव्यक्ति भएको छ ।

जातिय र वर्गीय विखण्डनवादी प्रवृत्ति तथा युद्वजन्य मनोवृत्ति र मानवसंहारलाई अक्षाम्य अपराधका रूपमा चित्रण गर्दै मिथकीय आधारलाई वैचारिक चिन्तनसँग जोडिएको छ । धार्मिक सांस्कृतिक आग्रह पूर्वाग्रहका रूपबाट मात्रै होइन् सामाजिक जीवनका सापेक्षताका गीताको पुनर्व्याख्या गराउनेतर्फ कोइरालाले हिटलर र यहूदीका माध्यमबाट सम्पूर्ण बौद्धिक जनसमुदायको ध्यान आकृष्ट गराएका छन् । मानवमूल्य र मान्यताका कुरालाई प्रष्ट्याउने सन्दर्भमा गीता दर्शन चिन्तन र धार्मिक जातिगत द्वन्द्वको चित्रण गरेका छन् । उपन्यसकारले महाभारतको प्रसङ्गमा कृष्ण र हिटलरको समक्षताको कुरा गर्दै गीता दर्शनको निष्काम कर्मयोगप्रति मानव अस्तित्वको विचार प्रस्तुत गरिएको छ ।

उपन्यासमा प्रयुक्त पात्र म र लक्ष्मी स्वदेशी अन्य प्रयोग गरिएका पात्रहरू विदेशी भूमिमा आएका प्रयोग भएका पात्र हुन् । केही पात्रहरू पौराणिक स्रोत महाभारतबाट लिइएको छ भने कथानकको स्रोत दोस्रो विश्वयुद्ध नै हो भनेर किटान गर्न सकिन्छ । नारायणन हिन्दू धर्मका र संस्कृतिका पक्षधर डा. सुनिल भट्टाचार्य पूर्वीय दर्शनको महान् चिन्तकका रूपमा प्रस्तुत भएका महान् व्यक्तित्त्व हुन् ।

महाभारतको सन्दर्भलाई प्रस्तुत गर्दै दोस्रो विश्वयुद्धमा मारिएका यहुदीहरूको पक्षमा वकालत गरिएको प्रस्तुत उपन्यासको विषयवस्तु

मानवतावादी चिन्तनमा गीता दर्शनको विपक्षमा आएको वैचारिक अवधारणा हो । उपन्यासकारले रोचक तथा प्रतिकात्मक भाषा र स्वैरकाल्पनिक शैलीमा ईश्वर र हिटलरको गीता दर्शनको आधारमा आफूलाई गरेको मानवसंहार र युद्ध र त्यसले निम्त्याएको धनजनको क्षतिको बचाउ गर्दै कृष्ण र अर्जुनको प्रसङ्गमा आउने गीता दर्शनसँग तुलना गर्दछ र त्यसलाई उचित भएको जिकीर गर्दछ । उपन्यासकारले भारतीय दार्शनिक नारायणनका माध्यमबाट आफ्नो नियतिवादी दार्शनिक विचारलाई प्रस्तुत गरेका छन् । युद्धको विषयमा आवाज उठाउँदै चाहे त्यो महाभारत होस् या दोस्रो विश्वयुद्व दुवै नरसंहार हुन् संवेदनाहीन कर्म हुन् भन्दै मानवताको पक्षमा लेखिएको प्रस्तुत उपन्यासमा मानव संवेदना, मूल्यबोध, नियति मानव अस्तित्व र यौनका विविध पक्षमा स्वतन्त्र विचार अभिव्यक्ति भएका छन् । कृष्णले स्वकर्तव्य र धर्मको स्थापनाका लागी गरिएको भनिएको महाभारतको युद्व तथा गीता दर्शनकै आडमा हिटलरले दोस्रो विश्वयुद्वमा आफ्नो कर्तव्य वा दायित्त्व ठानेर साठीलाख यहूदीको नरसंहार दुवै अक्षाम्य अपराध भएको तर्क उपन्यासमा प्रस्तुत गरिएको छ । राष्ट्रिय-अर्न्तराष्ट्रिय परिवेशलाई आधार बनाएर लेखिएको हिटलर र यहुदी उपन्यासमा बौद्धिक पात्रका संवाद तथा अन्तरक्रियाका माध्यमबाट धर्मगत जातिगत संस्कृतिजन्य मूल्य र मान्यतालाई चित्रण गरिएको छ । हिटलर र ईश्वरको स्वैरकाल्पनिक संवादद्वारा उपन्यासलाई मिथक तथा पौराणिक विषयसँग निकट बनाउन खोजिएको छ ।

मान्छेले मान्छे जस्तो भएर बाँच्न पाउनु पर्छ भन्ने मानवतावादी विचार बोकेको प्रस्तुत हिटलर र यहूदी उपन्यासले महाभारतको युद्व र दोस्रो विश्वयुद्धका समानपक्षाका चित्रण गर्दै हत्या हिंसाद्वारा मानव कल्याण हुन नसक्ने विचारकासाथ गीता दर्शनको निष्काम कर्मवादी तथा भोगवादी चिन्तन को खण्डन गरेको छ । यसरी वर्तमान परिप्रेक्ष्यमा

विगतका घटना र धार्मिक युद्धका रूपमा चित्रित महाभारतका विभिन्न घटनालाई सामञ्जस्य गरी मानवतावादी विचारलाई प्रस्तुत गर्न सक्नु उपन्यासकार कोइरालाको विशिष्ट औपन्यासिक शिल्प हो ।

हिटलर र यहूदी उपन्यासमा महाभारतको मिथकसँग सम्बन्धित भएर वर्तमान युगलाई प्रतिबिम्बन गरेर लेखिएको उपन्यास हो । महाभारतमा उल्लेख भएका विभिन्न घटना र तिनले पारेको प्रभावलाई उपन्यासकारले वर्तमान समयसँग दाँजेर आफ्ना व्यक्तिगत विचारलाई प्रस्ट पारेका छन् । महाभारतकै पात्र र तिनका कार्यशैली तथा परिवेशलाई सहज र सरल तरिकाले चित्रण गर्दै तिनले पारेका धार्मिक, सामाजिक, राजनैतिक प्रभावलाई उनका उपन्यासले चित्रण गरेका छन् । मोदिआइन उपन्यासले विगत र वर्तमानलाई जोड्दै सामान्य पात्र र घटनाका माध्यमबाट जीवनदर्शनका पक्षमा वकालत गर्न उनी सफल भएका छन् । कृष्ण र हिटलरको तुलना, महाभारत र द्वितीय विश्वयुद्धको समान पक्ष महाभारतीय पात्र र तिनका विचार तथा नियतिलाई ओजपूर्ण तरिकाबाट आफ्नो विचारलाई जोडेर उपन्यासकारले प्रस्तुत गरेका छन् । नेपाल, भारत, लन्डन, जर्मनी तथा अन्य स्थानिक परिवेशमा सुहाउँदा पात्रको चयन गरी संवाद तथा मनोवादका माध्यमबाट उपन्यासले दिन खोजेको कुरालाई प्रस्ट्याउन सक्नु उनको शिल्प हो ।

हिटलर र यहूदी उपन्यासको स्रोत व्यासद्वारा लिखित महाभारतभित्रको युद्ध र त्यसले हिन्दू संस्कारमा पारेको वैचारिक सन्देशसँगै गीता दर्शन रहेको छ । महाभारतका नायक कृष्ण र द्वितीय विश्वयुद्धका नायक हिटलरका कार्यगत शैली तथा कर्मलाई तुलना गर्दै मानवताको पक्ष तथा विपक्षमा गरिएका परिस्थितिको चित्रणको कथानक रहेको छ । म पात्रले उपचारको क्रममा भेटेका विभिन्न पात्रसँग संवादका

माध्यमबाट विगत र वर्तमानको तुलना गर्दै महाभारतको घटनालाई वर्तमान परिवेशसँग जोडेर कथानकको निर्माण गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा प्राचीन कथाका मिथकीय पात्र कृष्ण, अर्जुन पात्रको प्रयोग भएका छन् । मिथकमा उल्लिखित मोदिआइन, ईश्वरका रूपमा मानिएको कृष्ण, वैदिक आर्य सभ्यताका पात्रको प्रयोगबाट कोइरालाका उपन्यासमा मिथकीय पात्रहरूको व्यवहार र भूमिकाबाट औपन्यासिक कथानक अगि बढेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासले मिथकीय परिवेशमा आएका विभिन्न धार्मिक तथा ऐतिहासिक परिवेशमा नेपाल तथा भारत, जर्मन, फ्रान्स, लन्डन, कुरुक्षेत्र आदि जस्ता व्यापक स्थानगत परिवेशलाई आत्मसात् गरेको छ । प्राचीनकालका घटना, कार्य, द्वापरकालको समयावधि तथा द्वितीय विश्वयुद्धको परिवेशको प्रयोग भएको छ । कोइरालाका उपन्यासमा विशेष गरी प्राचीनकालीन तथा द्वापरकालीन सांस्कृतिक, भौगोलिक, प्राकृतिक र युद्धजन्य परिवेश आएको छ, त्यसैले उनका उपन्यासमा मिथकीय परिवेश अथवा देश, काल र वातावरणको प्रयोग गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाकाले तार्किक क्षमतायुक्त विशिष्ट चिन्तनलाई उपन्यासमार्फत् प्रस्तुत गरेका छन् । पूर्वीय संस्कृति, दर्शन तथा धार्मिक सामाजिक संस्कारलाई सरल बोधगम्य रूपमा प्रस्तुत गर्दै आफ्नो मानवतावादी विचारलाई अभिव्यक्त गरेका छन् । यिनै उनका औपन्यासिक शिल्प हुन् । मानवीय सहजवृत्ति, मानसिक अवस्था, अहम, इगोजन्य जातीय विद्वेष, युद्ध युयुत्सु, सामाजिक परिस्थिति, व्यक्ति स्वतन्त्रता र मर्यादा तथा बाध्यतामा मानिसले भोग्नु परेका नियतिजन्य

घटनालाई सबैले बुझ्न सक्ने भाषाशैलीमा रचना गरी मानवीय तथा ईश्वर चिन्तनलाई प्रस्तुत गरिएकोले उनका औपन्यासिक शिल्प वा शैली विशिष्ट रहेको छ भन्न सकिन्छ । मिथकीय घटनालाई वर्तमान सन्दर्भ, विचार र परिवेशसँग ढालेर समय सापेक्ष चिन्तन अगि सार्नु नै उनको औपन्यासिक मिथकीय शिल्प हो ।

समग्रमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथकीय घटना र विषयवस्तुको प्रयोग पाइन्छ । वृत्ताकारीय कथानक ढाँचा, पूर्वदीप्ति शैली, घटनाको चित्रण छ । मूलतः सङ्क्षेप पद्धतिको उपयोग उनका मिथकीय उपन्यासको वैशिष्ट्य हो । परिधीय आन्तरिक दृष्टिकोण, विस्तृत परिवेश उनका उपन्यासको शैलीगत विशेषता बन्न पुगेको छ । मिथकको विषय, पात्र र परिवेशलाई संवाहन गर्ने उनका उपन्यासका भाषा सक्षम छन् । पूर्वीय आर्य तथा पश्चिमी संस्कार र धर्मको चित्रण गर्दै धार्मिक सहिष्णुता र सद्भावलाई तथा महाभारतीय मिथकलाई पुनर्व्याख्या गर्दै हिंसाविरोधी र मानवतावादी विचारलाई उनका उपन्यासमा अभिव्यक्त गरिएका छन् । यसका साथै हिटलर र कृष्णको हिंसाको मनोविज्ञान र हिंसाबाट नभई शान्तिपूर्ण र मानवीय ढङ्गले समस्याको समाधान खोजिनु पर्दछ भन्ने म पात्रको हिंसा विरोधी उदात्त मानवतावादी विचारलाई उनका मिथकीय उपन्यासद्वारा अभिव्यक्त गरिएको छ । मिथकको पुनर्व्याख्याको माध्यमबाट धार्मिक सद्भावको पक्षमा मानवतावादी वकालत गर्नु तथा युद्ध र हिंसाको विरोध गर्दै मनुष्यलाई ठूलो होइन असल बन्नु पर्छ भन्ने सन्देश दिनु उनको मिथकीय उपन्यासको मूल ध्येय रहेको पाइन्छ । शान्ति र मानवताको बाटो हिंडेमात्र समाज र सभ्यता समुन्नत बन्न सक्छ भन्ने विचार उपन्यासकार कोइरालाले प्रकट गरेका छन् । यही नै उनका उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो । मिथक साध्य नभई

साधनको रूपमा आएकाले उपन्यासमा बिम्ब र प्रतीकको माध्यमबाट मिथकको सार अभिव्यक्त भएको छ ।

त्यसैगरी पुराणादि जस्ता प्राचीन धार्मिक ग्रन्थमा रहेका कथाको प्रयोगबाट कृतिले नयाँअर्थको खोजी गर्ने त्यसको पुनर्व्याख्या गरी यथार्थलाई प्रकट गर्ने प्रतीकात्मक अभिव्यक्ति दिने उद्देश्य राखिएको हुन्छ भन्दै मिथकको वर्तमान सान्दर्भिकतातर्फ सङ्केत गरिएको छ ।

सन्दर्भ सामग्रीसूची

अधिकारी, चन्द्रमणि, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**, धरान: मणि प्रकाशन, २०६५ ।

कपूर, शोभा, **निरालाकाव्य बिम्ब प्रतीक और मिथक**, विद्यावारिधि शोधप्रबन्ध, काशी: काशी हिन्दू विश्वविद्यालय, ई. १९८९ ।

कोइराला, विश्वेश्वरप्रसाद, **हिटलर र यहूदी**, सातौं संस्क. ललितपुर: साझा प्रकाशन, २०६६ ।

कोसम्बी, दामोदर धर्मानन्द, **मिथक और यथार्थ** (अनु. नन्दकिशोर नवल) दो.सं. नयाँ दिल्ली: ग्रन्थशिल्पी प्रा.ली, सन् २००१ ।

गौतम, रमेश, **मिथकीय अवधारणा और यथार्थ**, दिल्ली: राधारानी प्रकाशन, सन् १९९७ ।

चालिसे, नारायण, **पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास**, दाङ: वी.पी. चिन्तन केन्द्र, २०६० ।

जोशी, महानन्द, **आधुनिक नेपाली उपन्यास धारा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन, २०६२ ।

ढकाल, भूपति, **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**, पाँचौं संस्क. काठमाडौं : ए.वि.सी बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स, २०६७ ।

नगेन्द्र, **मिथक और साहित्य**, दोस्रो संस्क., नयाँ दिल्ली: नेशनल पब्लिसिङ्ग हाउस, ई. १९८७ ।

पोखरेल, भानुभक्त, **बृहत् समालोचना**, 'मिथक साहित्य र मिथकीय समीक्षा' शिव प्रधान (सम्पा.), सिक्किमः गान्तोक प्रकाशन, २०४५ ।

पोखरेल, बालकृष्ण र अन्य, **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

प्रधान, कृष्णचन्द्रसिंह **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्क., ललितपुरः साझा प्रकाशन, २०५२ ।

प्रपन्नाचार्य, स्वामी, **वेदमा के छ ?** काठमाडौंः साझा प्रकाशन, २०५० ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ्ः दीप प्रकाशन, ई. १९८३ ।

प्रभात विष्णु, **प्रज्ञा संस्कृति कोश**, २०७४, नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो.संस्क. काठमाडौंः साझा प्रकाशन, २०५८ ।

भट्टराई, तुलसी, **वी.पी कोइरालाः चिन्तन र प्रयोग** काठमाडौंः हिमशिखर प्रकाशन, २०६७ ।

मल्ल, महेन्द्रकुमार, **आधुनिक नेपाली उपन्यासमा मिथक**, विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय, २०६८ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, काठमाडौंः साझा प्रकाशन, २०३१ ।

वसिष्ठ, गौरीशंकर, **महाभारत**, अठारौं पर्व, वाराणसी बम्बई पुस्तक भवन, ई. २००३ ।

विद्यावाचस्पति र उषा पुरी, **मिथक उद्भव और विकास तथा हिन्दी साहित्य**,

नइदिल्ली : नेशनल पब्लिसिङ्ग हाउस, ई. १९८६ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, दोस्रो संस्क., काठमाडौं: संकल्प प्रकाशन, २०३९ ।

शर्मा, मोहनराज, **बृहत् समालोचना**, सम्पा. शिव प्रधान, सिक्किम: गान्तोक प्रकाशन, २०४५ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

सिंह, मालती, **मिथकः एक अनुशीलन**, इलाहावाद : लोकभारती प्रकाशन, ई. १९८८ ।

सिंह, सीमा, **स्वतन्त्रोत्तर हिन्दी नाटकमा मिथकीय सृष्टि**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, हिन्दू विश्वविद्यालय, ई. १९९९ ।

नामः बद्रीप्रसाद ढकाल
जन्म मितिः २०३४/१०/१७
पिता/माताको नामः शम्भुप्रसाद ढकाल/सुशीलादेवी ढकाल
स्थायी ठेगानाः चन्द्रागिरि-३, चिसापानी, काठमाडौं
इमेलः biibash@yahoo.com
सम्पर्कः ९८५११९६४८६, ९८४१६८८०८६

'मिथक' शब्द र यसमा निहित अर्थ एवं व्याख्या अति गहन छ । वैदिककालदेखि पुराण, महाभारत, रामायण सम्मका सयौं ग्रन्थहरू सबै नै आजका दृष्टिमा मिथक हुन् । यस्ता ग्रन्थभित्रका पात्र, सांस्कृतिक, सामाजिक, रूढ परम्परासँग संबद्ध अभिव्यक्तिहरू आजको प्रयोगमा मिथक बन्दछन् ।

- डा. तुलसी भट्टराई

मानव सभ्यताको शिशुकालमा रचित मिथकमा प्रेम, घृणा, साहस, प्रतिस्पर्धा, द्वन्द्व, आस्था, आदर्श, सदाचार, नैतिकता आदि अनेक भावना र धारणा व्यक्त हुन्छन् । मिथकमा मानवीय कुरालाई अतिमानवीय पारेर प्रस्तुत गरिएको हुन्छ । वास्तवमा मानव जातिले रचेको अतिमानवीय (देवीदेवता, दैत्य, दानव, राक्षस, भूत, प्रेत आदि) को कथा नै मिथक हो । यसबाट प्रतीकात्मक रूपमा मानवीय समस्या व्यक्त गरिन्छ । यसले सत्य वा तथ्यलाई प्रतीकात्मक पारेर प्रस्तुत गर्दछ । यही गुणले गर्दा मिथक सदा आकर्षक, नवीन र पठनीय हुन्छ ।

- प्रा.डा. कुमारप्रसाद कोइराला

बद्रीप्रसाद ढकाल उदियमान युवा कवि तथा साहित्यकार हुन् । प्रस्तुत उनको यो कृति *मिथक सिद्धान्त र प्रयोग* नेपाली साहित्यमा प्रयोगात्मक अध्ययन गरिएका पछिल्लो सैद्धान्तिक कृतिको रूपमा मानिन्छ । यसले मिथक सम्बन्धी नवप्रवेशी अध्ययनकर्ता, अनुसन्धाता र स्वतन्त्र अध्येताका लागि उपयोगी हुनेछ भन्ने हामीले सोचेका छौं ।

- हरि गौतम

ओरियन्टल पब्लिकेशन
ORIENTAL
publication

9 789937 722056

मूल्य रु ३००/-